# परिच्छेदः एक

# परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

सामाजिक अध्ययनको सुरुवात औपचारिक रुपमा मानव उत्पति सँगै घरपरिवारबाट भएको मानिए पनि औपचारिक रुपमा भने संयुक्त राज्य अमेरिकाबाट सन १८२० बाट विद्यालयमा पठन पाठनको सुरुवात भएको थियो । तत्कालीन समयमा विद्यालय तहमाईतिहास विषयको अध्यापनबाट सुरु भएको सामाजिक अध्ययन एक दशक पछि भूगोल विषय पनि थपियो । सन् १८६० मा यो विषयमा राजनीतिशास्त्र र अर्थशास्त्र पनि समावेश भयो । सन् १८९२ मा अमेरिकामा भएको एक सम्मेलनले राजनीतिशास्त्र, ईतिहास र अर्थशास्त्र मिलाई सामाजिक अध्ययन विषयको पाठ्यक्रम निर्माण गरेको थियो । सन् १९११ मा समाज शास्त्रका विषयहरु पनि सामाजिक शास्त्रमा थपेको पाइन्छ(कैयुम, २०७२)।

नेपालमा सामाजिक अध्ययनको शिक्षणलाई वि.सं. १९९० सालको एस. एल. सी. मा ७०० पूर्णाङ्कको सामाजिक अध्ययन छुट्टै विषय नभएता पनि सामाजिक विज्ञानका ईतिहास र भूगोललाई समावेश गरेको पाइन्छ । वि.सं. २००९ सालमा गठित शिक्षा समितिले सामाजिक अध्ययनको क्षेत्रमा केही योगदान नगरे पनि यस समितिको सिफरिसमा वि.सं. २०११ सालमा सरदार रुद्रराज पाण्डेको अध्यक्षतामा नेपाल राष्ट्रिय शिक्षा आयोग गठन भयो । उक्त आयोगले प्राथमिक देखि माध्यमिक तहसम्म सामाजिक अध्ययन विषयलाई समावेश गर्न सिफारिस गरेको थियो । जसको फलस्वरुप पहिलो पटक कलेज अफ एजुकेशन अन्तर्गत ल्यावोरोटरी स्कूलमा वि.सं. २०१३ सालमा सामाजिक अध्ययनको शिक्षण सुरु गरीयो । (कैयुम, २०७२)।

वि.सं. २०१७ सालमा प्राथमिक तहमा सामाजिक शिक्षा विषय लागू गरियो । रा.शि.प.यो. २०२८ ले यस विषयलाई थप व्यवस्थित बनाई नि.मा.वि. तहमा १०० पूर्णाङ्कको सामाजिक शिक्षा र मा.वि. तहमा ईतिहास र भूगोल संयुक्त १०० पूर्णाङ्कको र पञ्चायत ५० पूर्णाङ्कको अनिवार्य विषयको रुपमा राखेको थियो । प्रजातन्त्रको पुनर्स्थापना पश्चात् २०४९ सालमा राष्ट्रिय शिक्षा आयोग गठन भयो । यस योजनाले शिक्षाका राष्ट्रिय उद्देश्य, पाठ्यक्रम, तहगत संरचना जस्ता आधारभूत क्षेत्रमा सुधार गर्ने योजना बनायो । मा.वि. तहमा सामाजिक विषयलाई अनिवार्य विषयका रुपमा पूर्णाङ्क १०० र पाठ्यभार ५ हुने गरी सिफारिस गरेको थियो । उक्त सिफरिस अनुसार वि.सं. २०५२ सालदेखि नि.मा.वि. तहका कक्षा ६ बाट क्रमश लागु भइ वि.सं. २०५६ सालमा कक्षा ९ र वि.सं. २०५७ सालमा कक्षा १० मा अनिवार्य विषयका रुपमा लागू भयो । वि.सं. २०६२/६३ को जन आन्दोलन पश्चात्

आएको राजनीतिक परिवर्तनले शिक्षा क्षेत्रमा पनि प्रत्यक्ष प्रभाव पारेको छ । परिवर्तित सन्दर्भमा राष्ट्रिय पाठ्यक्रम प्रारुप २०६३ ले विद्यालय संरचना परिवर्तन सहीत सबै विषयको पाठ्यक्रम परिवर्तन गर्ने क्रममा सामाजिक विषयको पाठ्यक्रम पनि समय सापेक्ष परिवर्तन भयो । एस.एल.सी. अध्ययन प्रतिवेदन २००४/२००५ का आधारमा कक्षा १० को पाठ्यक्रमबाट मात्र एस.एल.सी.मा प्रश्नपत्र तयार गर्ने व्यवस्था रहेको छ । (अधिकारी, २०७३) ।

मानिस सामाजिक प्राणी हो । ऊ समाजमा रहदाबस्दा थुप्रै सामाजिक क्रियाकलापहरु आवश्यक पर्दछन । त्यस्तै संसारभर विभिन्न प्रकारका समाजहरु रहेका छन् । संसारभर मानिसहरु विभिन्न भूभागमा विभिन्न शैली, ढंग, तरिका तथा विभिन्न रुपमा बसोबास गर्दछन् । मानिसहरु आफ्नै बारेमा जान्नका लागि सामाजिक विषयसँग सम्बद्ध विभिन्न विषयहरुको ज्ञान आवश्यक पर्दछ । तसर्थ मानिसको सृष्टिदेखि हालसम्मको अत्याधुनिक सुबिधा सम्पन्न सभ्यताको विकास हुँदा सम्मका मानिसका रीतिरिवाज, धर्म, संस्कार लगायत विविध सामाजिक बस्तु स्थितिको अध्ययन विना हाम्रो शिक्षण अपूरो हुन जान्छ । त्यसैले सामाजिक विज्ञान, इतिहास, भूगोल, राजनीतिशास्त्र, अर्थशास्त्र, मानवशास्त्र जस्ता विषयका आधारभूत तत्व एवम् समसामयिक सामाजिक वस्तु स्थितिलाई बालकेन्द्रित ढङ्गले एकीकृत र समन्वयात्मक रुपमा वर्तमान विद्यालय तहको पाठ्यक्रम तयार गरी सोही अनुसार अध्ययन अध्यापन गरिएको पाइन्छ (श्रेष्ठ, २०६८) ।

सामाजिकीकरण यस्तो प्रक्रिया हो जसबाट बालबालिका आफू जन्मेको समाजको संस्कृति अर्थात पद, आस्था, मूल्य, मान्यता, विश्वास आदि सिक्दछन् । मानिसमा अन्य प्राणीमा जस्तै जन्मजात गुणहरु हुन्छन । तर जन्मजात गुणका अधारमा मात्र आफ्नो जीवन यापन गर्न सक्दैन । विद्यालय समाजको प्रतिविधित्व गर्ने संस्था भएकोले यसले सामाजिक अन्धविश्वासलाई हटाइ समाजलाई आधुनिक बाटो देखाउन सक्नु पर्दछ (अधिकारी, २०६७) ।

समाजको आवश्यकता, सिकारुको माग, समसामयिक परिवर्तन तथा सिकाइप्रविधिको विकास आदिको आधारमा विद्यालय स्तरमा विद्यार्थीलाई अध्यापन गराइने विषय वस्तुहरु क्रमश समय सापेक्ष रुपमा परिवर्तन हुदै आएको छ । विद्यालय तहमा अध्यापन गराइने विषय वस्तुले विद्यार्थीको लोकतान्त्रिक मान्यता अनुरुप उदार भावना प्रस्फूटित गराइ देशलाई आवश्यक पर्ने मानवीय स्रोत र साधनको विकास गरी प्रतिस्पर्धापूर्ण जीवनयापन गर्न सक्ने दक्ष, सुशील, कर्तव्यनिष्ठ र सकारात्मक सोच भएका नागरीक निर्माण गर्नु सामाजिक विषयको उद्देश्य रहेको छ । (पठ्यक्रम विकास केन्द्र २०६४)

नेपालको राजनैतिक क्षेत्रमा भएको परिवर्तन स्वरुप शैक्षिक प्रणाली पनि परिवर्तन हुदै गएको पाइन्छ । समाजमा आउने विभिन्न परिवर्तनलाई शिक्षामा समावेश गर्नका लागि सामाजिक शिक्षाले सहयोग गर्दछ । सामाजिक अध्ययनका विषयवस्तु बढी व्यवहारिक र गरेर सिक्ने

खालका भएकोले शिक्षणलाई बढी व्यवहारिक, विद्यार्थी केन्द्रित बनाउने र शिक्षकले विषय वस्तुलाई पाठ्यक्रम अनुसार विशिष्ट उद्देश्य, शिक्षण विधि तथा क्रियाकलाप र मूल्याङ्कन लगायत आधुनिक प्रविधिको प्रयोग गरी प्रभावकारी शिक्षण गर्नुपर्ने महसुस गरिनेछ । विशेष गरी समाजका जटिलताका आधारमा मानवीय जीवन कसरी सञ्चालन भइरहेको छ । सामाजिक व्यावहार घटना, क्रियाकलाप र अन्तर सम्बन्धको अध्ययन, धर्म , संस्कृति, जातजाति, आर्थिक, सामाजिक, राजनीतिक, लगायत मानवीय सम्बन्ध आदिको व्यवहारिक ज्ञान दिन कर्मठ, स्वावलम्वी, ईमानदारी नागरिक तयार गर्नु यसको प्रमुख उद्देश्य हो । ( पाठ्यक्रम विकास केन्द्र २०६४)

सामाजिक अध्ययन विषयको पाठ्यक्रम मूलत विभिन्न सामाजिक विज्ञानका विभिन्न विषयवस्तुहरु मध्येबाट छनोट गरी ९ वटा क्षेत्रका रुपमा समेटी एकीकृत रुपबाट निर्माण तथा तयार गरिएको छ । यसमा उल्लेख गरिएका विषयहरुको अध्ययन अध्यापन गराउँदा सबै क्षेत्रलाई उत्तिकै महत्त्व दिनुपर्नेमा त्यसो नभई सम्बन्धित सबै विषय वस्तुहरुको एकीकृत स्वरुपमा अध्यापन गराउँदै आएको छ । समाज, राष्ट्र र सिकारुको आवश्यकतालाई समयसापेक्ष परिमार्जन गर्दै विद्यार्थीमा असल भावना, सामाजिक सद्भाव, व्यक्तित्व विकास, सामाजिक समायोजन, समसामयिक सामाजिक, सांस्कृतिक मूल्य मान्यता, सामाजिक समस्याको पहिचान र समाधानका लागि जागरुक सक्षम नागरिक उत्पादन गर्ने उद्देश्यले सामाजिक अध्ययन विषयको पाठ्यक्रमलाई प्रभावकारी बनाउन विद्यार्थीले व्यवहारिक रुपमा ‘गरेर सिक्ने’ स्वरुपको बनाइएको छ (नेपालमा शिक्षा आयोगका प्रतिवेदनहरुको संग्रह, २०५९) ।

शिक्षाको स्थानान्तरण गर्ने माध्यम शिक्षण सिकाइ क्रियाकलाप हो । शिक्षाको सुरुवाती कालमा गुरुद्वारा दिइएका विषयवस्तुलाई शिष्यले कण्ठस्थ पार्नुपर्ने बाध्यता रहन्थ्यो । वर्तमान अवस्थामा शिक्षण सिकाइ क्रियाकलापलाई वैज्ञानिक ढंगबाट अघि बढाउनका लागि शैक्षणिक योजनाहरुको निर्माण तथा कार्यान्वयन गरिदै आएको छ । सामाजिक अध्ययन शिक्षणलाई रोचक, प्रभावकारी र उद्देश्यमूलक बनाउनका लागि उपयुक्त शिक्षण विधिको अवलम्बन गर्नुपर्ने आवश्यकता पर्दछ । शिक्षण विधिले विद्यार्थीको व्यवहारमा परिवर्तन ल्याउन र निर्धारित उद्देश्य पूरा गर्न महत्वपूर्ण भूमिका निर्वाह गर्दछ । शिक्षण कार्य एक प्रकारको कला पनि हो । तसर्थ शिक्षकले आफ्नो  शिक्षण कार्यलाई रोचक र प्रभावकारी बनाउन विषयवस्तुसँग उपयुक्त शिक्षण विधिको छनोट तथा उपयोग गर्नुपर्ने अपरिहार्यता रहन्छ । शिक्षकले विषयवस्तुलाई विद्यार्थी समक्ष पुऱ्याउनका लागि शैक्षणिक योजना र

शैक्षिक सामग्री, उपयुक्त कक्षाकोठा व्यवस्थापन सहीत व्याख्यान विधि, छलफल विधि, प्रयोगशाला विधि, समस्या समाधान विधि, प्रदर्शन विधि क्षेत्र भ्रमण विधिको माध्यमबाट सक्रिय विद्यार्थी सहभागितात्मक पद्धति अपनाउनु पर्दछ (अधिकारी, २०७३) ।

## १.२ समस्याको कथन

वर्तमान माध्यमिक तहको सामाजिक अध्ययन विषयको पाठ्यक्रमको कार्यान्वयनबाट विद्यार्थीहरुलाई असल नागरिक बनाउन र समाजमा असल जीवनयापन गर्न मद्दत मिल्ने अपेक्षा राखिएको छ । पाठ्यक्रमलाई व्यवहारिक र अनुसन्धानमुखी बनाउँदै विद्यार्थीले गरेर सिक्ने स्वरुपको पाठ्यक्रममा जोड दिइएको पाइन्छ । तर वर्तमान सामाजिक अध्ययन विषयको शिक्षण प्रक्रिया जटिल र चुनौतीपूर्ण बन्दै गएको छ । हाम्रो शिक्षण पद्दति परम्परागत सिकाइ क्रियाकलाप नै सिमित हुनु, शैक्षिक योजना र शैक्षिक सामग्रीको न्यून प्रयोग हुनु, विद्यार्थी केन्द्रित विधि भन्दा शिक्षक केन्द्रित विधिमा जोड दिई शिक्षण गर्नु, विद्यार्थीको दैनिक जीवन र व्यवहारिक सीप विकास हुने गरी शिक्षण क्रियाकलापमा विद्यार्थीलाई सक्रिय सहभागी नगराइनु, अन्य विषयका तुलनामा सामाजिक अध्ययन विषयलाई शिक्षक, विद्यार्थीले कम महत्वपूर्ण ठान्नु, सामाजिक अध्ययन विषयको प्रकृति अनुसार सबै क्षेत्रको ज्ञान र दक्षता भएको शिक्षकको व्यवस्था नहुनु, वर्तमान समयको माग अनुसार आधुनिक प्रविधि सहीतको रोचक र व्यवहारिक शिक्षण विधि अपनाउन नसक्नु, सामुदायिक क्रियाकलापमा शिक्षक तथा विद्यार्थीहरुले महत्व नदिनु, सिकाइ केन्द्रित व्यवहारिक ज्ञानलाई भन्दा परीक्षा केन्द्रित क्रियाकलापमा बढी जोड दिनु, योजनावद्ध शिक्षण अभाव, पर्याप्त शैक्षिक सामाग्री निर्माण गर्ने अवस्था भए पनि व्याख्यान विधिलाइ नै बढी प्रयोग गर्ने, नियमित र प्रभावकारी सुपरीवेक्षणको कमी हुनु, सरोकारवालाहरुको विद्यालयको भौतिक, आर्थिक एवम् शैक्षिक सुधारको लागि ध्यान कम जानु, वैज्ञानिक मूल्यांकन पद्धतिको अभाव जस्ता यथार्थ र वास्तविक कारणहरु शिक्षण सिकाइ क्रियाकलापमा रहनुले पनि अपेक्षित सफलता हासिल गर्न सकिएको छैन । जसको कारणले सामाजिक अध्ययन विषयको शैक्षिक उपलब्धि न्यून रहन गएको छ भने विद्यार्थी व्यवहारिक परिवर्तन भई समाजमा सकारात्मक प्रभाव पार्न नसक्नुलाई समस्या कथनको रुपमा लिइएको छ ।

शिक्षण विधि तथा पद्धतिलाई व्यवस्थित, वैज्ञानिक र प्रभावकारी कार्यान्वयन पश्चात मात्र सरकाले विद्यालय क्षेत्रमा गरेको लगानीलाई सही सदुपयोग गरी सामाजिक अध्ययन

विषयको शैक्षिक उपलब्धिमा सुधार गर्न सकिन्छ । तसर्थ माध्यमिक तहको सामाजिक अध्ययन विषयको शिक्षण विधिको प्रयोगको अवस्थालाई शीर्षक छनोट गरिएको हो ।

## १.३ अध्ययनको औचित्य

परिवर्तनशील समय परिवेश अनुकूल व्यक्तिको व्यवहारमा  परिवर्तन ल्याई दक्ष र सक्षम नागरिक उत्पादनमा विद्यमान हाम्रा शिक्षण सिकाइ प्रक्रियामा रहेका कमी कमजोरीहरु पत्ता लगाई समाधानका उपायहरुको उपयोग गरी विद्यार्थीको सिकाइ उपलब्धि सुधार्न के कस्ता उपाय अपनाउन सकिन्छ भन्ने तथ्यलाई मध्यनजर राख्दै माध्यमिक तहको सामाजिक अध्ययन विषयको शिक्षण प्रक्रिया र शैक्षिक उपलब्धिको अवस्था पत्ता लगाई उपलब्धि स्तर उकास्न यो अध्ययन अपरिहार्य छ । यस अध्ययनले यस विषयको शिक्षणमा रहेका समस्या समाधान गरी शैक्षिक उपलब्धि स्तर वृद्धि गर्न तथा यस विषयको क्षेत्रमा थप अध्ययनका लागि महत्वपूर्ण योगदान पुग्ने छ ।

वर्तमान माध्यमिक शिक्षा पाठ्यक्रमले सामाजिक अध्ययन विषयलाई अनिवार्य विषयका रुपमा निरन्तरता दिएको छ । विद्यार्थीहरुमा सामुदायिक भावना विकसित होस्, मुलुकको आफ्नो वास्तविक विकासका पूर्वाधारहरु बुझुन, आफ्ना परम्परागत मूल्य र मान्यतासँग परिचित भई एक लगनशील र कर्तव्यनिष्ठ, इमान्दार नागरिक बन्न, विश्वको भूगोल तथा इतिहासको संक्षिप्त जानकारी लिन, बिग्रदो वातावरणसँग सचेत भई त्यसलाई सुधार्न, अर्न्तराष्ट्रिय समझदारी बढाउन यसका पाठ्यवस्तुबाट मद्दत लिन, विश्वमा विकसित विज्ञान र प्रविधिबाट मानव समाजमा परेका प्रभावहरु र एक आपसको अन्तर सम्बन्धले उनीहरुको व्यवहारमा सुधार ल्याई त्यस्ता विद्यार्थीहरुबाट मुलुकको विकासमा टेवा पुगोस भन्ने उद्देश्य राखेर विद्यालय तहमा समाजिक अध्ययनलाई अनिवार्य रुपमा राखिएको छ । उपयुक्त लक्ष्य तथा उद्देश्य हासिल गर्नका लागि विद्यालयमा सञ्चालन हुने सकारात्मक र प्रभावकारी शैक्षणिक गतिविधिको महत्वपूर्ण भूमिका रहन्छ ।

यस अध्ययनले सामाजिक अध्ययन विषयको पाठ्यक्रमले तोकेका उद्देश्यहरु हासिल गर्न शिक्षण विधि तथा प्रक्रियाले सहयोग पुऱ्याउन सके नसकेको बारेमा समेत जानकारी दिनुको साथै विद्यार्थी, शिक्षक, अभिभावक, समाज तथा समग्र शैक्षिक उपलब्धिको वर्तमान अवस्थामा परीवर्तन ल्याउन केही हद सम्म भएपनि सहयोग गर्ने छ । अन्य सरोकारवाला पक्षहरु, पाठ्यक्रम विद्हरुलाई समेत आवश्यक सूचना उपलब्ध गराइ समय सापेक्ष

पाठ्यक्रम परिवर्तन र गर्न र यस विषयमा थप अध्ययन गर्न चाहने व्यक्तिहरुलाई सहयोग गर्न आवश्यक सूचना प्रदान गर्ने छ ।

## १.४ अध्ययनको उद्देश्य

यस अध्ययनका निम्न उद्देश्यहरु रहेकाछन् :

क) सामाजिक अध्ययन विषयको शिक्षण विधिमा पाठ्यक्रम कार्यान्वयनकोअवस्था पहिचान गर्नु,

ख) सामाजिक अध्ययन विषयको पाठ्यक्रममा प्रयोग भएका शिक्षण विधिले पारेको प्रभावको विश्लेषण गर्नु

ग) सामाजिक अध्ययन विषयको पाठ्यक्रमका शिक्षण विधि प्रयोगमा देखापरेका समस्या समाधानका उपायको खोजी गर्नु ।

## १.५ अनुसन्धानात्मक प्रश्न

सामाजिक अध्ययन विषयको शिक्षण विधिकमा पाठ्यक्रम कार्यान्वयनकोअवस्था अध्ययनलाई निम्न लिखित प्रश्नहरुको उत्तर खोजी गरिएको छ ।

क) सामाजिक अध्ययन विषयको शिक्षण विधिमा पाठ्यक्रम कार्यान्वयनको अवस्था कस्तो छ

ख) सामाजिक अध्ययन पाठ्यक्रममा उल्लेखित शिक्षण विधिहरुको कसरी प्रयोग गर्न सकिन्छ ?

ग) सामाजिक अध्ययन विषयमा प्रयोग भएका शिक्षण विधिले शैक्षिक उपलब्धिमा के कस्तो प्रभाव पारेको छ ?

घ) सामाजिक अध्ययन विषयपाठ्यक्रमको शिक्षण सिकाइ क्रियाकलाप सञ्चालनमा के कस्ता समस्या तथा अभाव रहेका छन् ?

ङ) शिक्षण सिकाइ क्रियाकलापमा देखा परेका समस्याहरुलाई पाठ्यक्रमको आधारमा कसरी समाधान गर्न सकिएला ?

## १.६ अध्ययनको परिसिमा

सामाजिक अध्ययन विषयको शिक्षण विधिको अवस्था अन्तर्गत अध्ययन गरिएको छ । यस अध्ययनलाई स्याङ्जा जिल्लाको आँधीखोला गाउँपालिका अन्तर्गतका सामुदायिक माध्यमिक विद्यालय जनप्रदिप मा.वि., प्रद्युम्नपनेरु मा.वि., श्रवण मा.वि., भगवती मा.वि., र राष्ट्रिय मा.वि., गरी पाँचवटा विद्यालयमा सिमित रहेको छ भने शिक्षण विधि हेर्ने क्रममा नमुनाको रुपमा लिइएका विद्यालय अन्तर्गत कक्षा ९ र १० को सामाजिक अध्ययन विषयमा शिक्षकले प्रयोग गरेका शिक्षण विधि तथा क्रियाकलाप र त्यसले सिकाइमा पारेको प्रभावमा सिमित रहेको छ । सिकाइ उपलब्धिको प्रभावलाई २०७८ सालको एस.इ.इ परीक्षाको शैक्षिक उपलब्धिसँग मात्र सम्बन्धित रहेको छ । यसका साधनहरु अन्तवार्ता निर्देशिका, विद्यालय अभिलेख, अवलोकन फारम, सर्भेक्षण फारम रहेका छन भने यसका मुख्य उत्तरदाताहरुमा प्रधानाध्यापक, सामाजिक विषय शिक्षक, विद्यार्थीहरु र अभिभावक रहेका छन ।

## १.७ अध्ययनमा प्रयोग भएका शब्दहरुको परिभाषा

सामुदायिक विद्यालय : नेपाल सरकारद्धारा नियमित रुपमा अनुदान पाउने गरी अनुमति वा स्वीकृति प्राप्त विद्यालय

शिक्षण विधि : शिक्षकले पाठ्यवस्तु विद्यार्थी सक्षम पु¥याउने क्रममा अपनाउने विभिन्न रणनीति तथा तरिकाहरु

विषय शिक्षक : छनोटमा परेका विद्यालयमा सामाजिक अध्ययन अध्यापन गर्ने शिक्षक

सरोकार वाला : विद्यालयको क्रियाकलापमा प्रत्यक्ष संलग्न पक्ष (प्र.अ. वि.व्य.स. शि.अ. सं, अभिभावक, शिक्षक र विद्यार्थी

शैक्षिक उपलब्धि : शैक्षिक उद्देश्यहरु प्राप्तिको परीक्षणका लागि गरिएका निर्माणात्मक तथा निर्णयात्मक मूल्यांकनबाट प्राप्त नतिजा

# परिच्छेदः दुई

# सम्बन्धित साहित्यको पुनरावलोकन र सैद्धान्तिक खाका

नयाँ अध्ययन अनुसन्धान कार्यलाई अगाडि बढाउनु पूर्व अध्ययनसँग सम्बन्धित सान्दर्भिक सैद्धान्तिक तथा व्यवहारिक ज्ञान प्राप्त गर्दै अध्ययन कार्यलाई सिलसिलाबद्ध ढंगबाट अगाडि बढाउनुपर्ने हुँदा सामाजिक अध्ययन विषयको शिक्षण प्रक्रिया र शैक्षिक उपलब्धिसँग सम्बन्धित विभिन्न सिद्धान्त, लेख, रचना, शोधकार्य तथा पत्रपत्रिका जस्ता सम्बन्धित साहित्यहरुको आधारमा यो अध्ययन पूरा गरिएको छ ।

## २.१ सम्बन्धित साहित्यको पुनरावलोकन

कुनै पनि अध्ययन गर्दा सम्बन्धित साहित्यको अध्ययनबाट आफूले गर्ने अनुसन्धान अध्ययनलाई सिलसिलाबद्ध ढंगले पूर्णता दिन सम्बन्धित साहित्यको अध्ययन पुनरावलोकनले मार्ग प्रशस्त गर्ने हुँदा अध्ययन क्रममा यससँग सम्बन्धित निम्न सन्दर्भ साहित्यको समीक्षा गरी प्राप्त निष्कर्षको आधारमा यस अध्ययनलाई अगाडि बढाइएको छ ।

पनेरु (२०६५), ले "माध्यमिक तहको सामाजिक विषयको शैक्षणिक अवस्था" भन्ने शीर्षकमा कीर्तिपुर नगरपालिका भित्रका ४ वटा सामुदायिक विद्यालयमा अध्ययन गर्नु भएको थियो । माध्यमिक तहको सामाजिक अध्ययन बिषयको शैक्षणिक उद्देश्य, सामाजिक शिक्षा शिक्षणको शैक्षणिक अवस्था, शैक्षिक सामग्रीको पहिचान गर्नु एवम् सामाजिक शिक्षणमा आइ परेका समस्या र समाधानका उपाय पहिचान गर्नु अध्ययनका उद्देश्य रहेका थिए । उक्त अध्ययनको प्राप्तिको रुपमा शिक्षक केन्द्रित विधिको बढी प्रयोग भएको, शैक्षिक अवलोकन भ्रमण योजनाबद्ध रुपमा नगराइएको, सामाजिक शिक्षा शिक्षणका लागि आवश्यक पर्ने शैक्षिक सामाग्री अभाव रहेको, अधिकांस शिक्षकहरु तालिम प्राप्त नभएको, पर्याप्त शिक्षक दरबन्दीको अभावका कारण शिक्षकलाई कक्षा भार बढी हुने गरेको, दैनिक पाठयोजना निर्माण नगरीकन नै शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्ने गरेको भन्ने पाइयो भन्ने तथ्यहरु प्राप्तिको रुपमा उल्लेख छ ।

खनाल (२०६७), माध्यमिक तहमा सामाजिक अध्ययन शिक्षणको अवस्था भन्ने शीर्षकको शोधपत्रमा सामाजिक अध्ययनको उद्देश्य, विषय शिक्षणको अवस्था, प्रयोग विधि, मूल्याङ्कन तरिका पहिल्याउने उद्देश्य राखी गरिएको शोध अध्ययनमा शैक्षिक सामग्रीको न्यून उपलव्धता, सामग्रीको उपलव्धता भए पनि प्रयोगको अवस्था न्यून भएको, अधिकांश शिक्षकहरुले व्याख्यान विधिको प्रयोग गर्ने गरेको, पाठ्यक्रमका सामुदायिक क्रियाकलाप नगरेको, क्षेत्र भ्रमणको व्यवस्था गर्न नसकेको, विद्यार्थीको न्यून सहभागिता, शिक्षण विधिमा विविधता ल्याउन

नसकिएको, प्रयाप्त क्रियाकलापको अवस्था हुदाहुदै पनि पाठ्यपुस्तकलाई मुख्य शैक्षिक सामग्रीको रुपमा प्रयोग गरिएको, मूल्याङ्कनका रुपमा अन्तिम परीक्षालाई लिने गरेको, कक्षाकोठाको उचित व्यवस्थापन नभएको कुरा उल्लेख छ ।

सुवेदी (२०६८) माध्यमिक तहमा सामाजिक अध्ययन विषयको शैक्षणिक अवस्था शीर्षक राखी सामाजिक अध्ययन विषयको शिक्षण अवस्था, शिक्षण सिकाइ क्रियाकलापमा आइपरेका समस्याको समाधानका उपाय पहिचान गर्न उद्देश्यले पर्वत जिल्लाका ८ वटा सामुदायिक विद्यालयहरुमा गरिएको यस अध्ययनले व्याख्यान, छलफल, स्थलगत अवलोकन विधि तथा निरन्तर मूल्यांकन प्रक्रियाबाट शिक्षण सिकाई क्रियाकलाप सञ्चालन हुने गरेको भए तापनि अधिकाँश विद्यालयले शिक्षक केन्द्रित विधिको प्रयोग गरेको निश्कर्ष निकालिएको छ । साथै समय समयमा विशेषज्ञद्वारा नमुना कक्षा शिक्षण प्रदर्शन, यथेष्ठ शैक्षिक सामग्री सहीत सक्रिय विद्यार्थी सहभागिता वृद्धि गर्दै प्रभावकारी शिक्षण सिकाई क्रियाकलाप गर्नुपर्ने, नियमित सुपरीवेक्षणको व्यवस्था, क्रियाकलापको सबल भौतिक तथा आर्थिक पक्षमा सबलता ल्याउने यस अध्ययनको निचोड निकालेको छ ।

कुँवर क्षेत्री (२०७२) सामाजिक अध्ययन विषय र विद्यार्थीको सिकाइ व्यवहार शीर्षकमा सामाजिक अध्ययन विषयले विद्यार्थीको सिकाइ व्यवहारमा पारेको प्रभाव लेखाजोखा गरी शैक्षिक उपलब्धिमा देखिएका समस्याको समाधान पहिल्याउने उद्देश्यले कास्की जिल्लाका सामुदायिक विद्यालयहरुमा आधारित रहेर गरिएको यस अध्ययनले सामाजिक अध्ययन विषयमा विद्यार्थीको सिकाइ उपलब्धि राष्ट्रिय स्तरको सूचक भन्दा कम भए पनि अन्य सामुदायिक विद्यालय सरह औषत रहेको उल्लेख गरिनेछ । उक्त अध्ययनमा प्रत्यक्ष अन्तर्वार्ता, प्रश्नावली, कक्षा अवलोकन जस्ता साधनहरुको प्रयोग गरी गुणात्मक विश्लेषण गरिनेछ । यस अध्ययनले शिक्षक, विद्यार्थी अनियमितता, अन्य विषयका तुलनामा सामाजिक अध्ययनलाई कम महत्व दिइनु, शिक्षण सिकाइमा आधुनिक प्रविधिको प्रयोग नगरिनु, नियमित सुपरीवेक्षणको अभावलाई समस्याको रुपमा पहिचान गरी समसामयिक नविनतम प्रविधिसँग परिचित तालिम प्राप्त विषय शिक्षक, उचित शैक्षिक तथा भौतिक व्यवस्थापन, बालमैत्रीपूर्ण सक्रिय विद्यार्थी सहभागितालाई शैक्षिक उपलब्धि वृद्धिका उपायका रुपमा अवलम्बन गर्नुपर्ने निचोड निकालेको छ ।

आचार्य (२०७२) माध्यमिक तहको सामाजिक अध्ययन पाठ्यक्रमको शिक्षण अवस्था र सामाजिक पक्षको प्रभाव शीर्षकमा समाजिक अध्ययन विषयको कक्षा शिक्षण प्रक्रिया र शिक्षणमा सामाजिक पक्षको प्रभावको अवस्था पहिचान गर्ने उद्देश्यले कास्की जिल्लाको पोखरा उप महानगरपालिका भित्रका ५ वटा सामुदायिक विद्यालयलाई आधार बनाई गरिएको अध्ययनमा पाठ्यक्रम, शिक्षक निर्देशिका, पाठ्यपुस्तक, ग्लोब, नक्सा, धार्मिक तथा साँस्कृतिक

सहिष्णुताको महत्व झल्कने शैक्षिक सामग्रीको प्रयोग गरी शिक्षण गराइएको पाइ ता पनि समसामयिक नविनतम घटना सम्बन्धी ज्ञानको अभाव रहेको उल्लेख छ । जसका लागि आधुनिक सूचना प्रविधिको उपयोग गर्दै प्रभावकारी शिक्षणमा जोड दिनुपर्ने कुरालाई यस अध्ययनले औल्याएको छ ।

पनेरु (२०६७), खनाल (२०६७), सुवेदी(२०६८) कुवर क्षेत्री (२०७२), गुरुङ् (२०७२) ले गरेको अनुसन्धान र त्यसबाट निस्केको निश्कर्षसँग मैले गरेको अनुसन्धान तुलना गर्दा अग्रजहरुले निकालेको निश्कर्षमा परम्परागत शिक्षण, न्यून शैक्षिक सामाग्रीको प्रयोगक, तालिम प्राप्त शिक्षकको अभाव, क्षेत्र भ्रमणको अभाव न्यून भएको पाइयो । मानि उल्लेखित निश्कर्ष मा शिक्षण विधिबाट पर्न गएको प्रभाव, विधिबाट शिक्षाका उद्देश्य पूरा भएको वा नभएको, सूनना प्रविधि तथा विद्युतीय उपकरणहरुको प्रयोगको अवस्था, भर्चुअल कक्षा, इमेल इन्टरनेटको प्रयोग र यसको प्रभाव आदि पक्षहरु छुट हुन गएको साथै शैक्षिक उपलब्धिमा शिक्षण विधिबाट पर्न गएको सकारात्मक तथा नकारात्मक प्रभाव जस्ता पक्ष छुट्न गएको पाइएकोले यसैलाइ केन्द्र विन्दु बनाएर अध्ययन गरिएको छ ।

## २.२ अध्ययनको सैद्धान्तिक खाका

यस अध्ययन कार्यलाई अगाडि बढाउनका लागि माध्यमिक विद्यालय तहको सामाजिक अध्ययन विषयको शिक्षण प्रक्रिया र शैक्षिक प्रभावसँग सम्बन्धित र सान्दर्भिक निम्न सैद्धान्तिक खाकाहरुको सहायता लिइएको छ ।

शाक्य र अन्य (२०६८) अनुसार पाउलो फ्रेरेले माथिल्लो तहबाट लादिएको शिक्षाले तल्लो तहका लागि काम नगर्ने भएकोले तल्लो तहले चाहे अनुसारको शिक्षा हुनुपर्छ । सिकाई गर्दा मुख्य कुरालाई विश्लेषण गर्दै उचित सिकाई प्रकृयाका लागि सम्वाद, समस्या प्रस्तुतिकरण र समाधान जस्ता विधिहरु अवलम्वन गराउन सुनिश्चित गरिनु पर्छ । ज्ञान आर्जनमा सम्बन्धित व्यक्ति नै बढि सक्रिय हुनुपर्छ । दबिएर र उत्पीडित वर्गका लागि प्रौढहरुलाई साक्षर बनाउन उनिहरुमा सक्रिय सहभागिता बढाउन पर्छ । उनले पेडागोजी अफ द अप्रेसड मार्फत विद्यालय शिक्षाको भण्डाफोर गर्दै त्यसलाई बैङ्किक प्रणालीसँग तुलना गरेको पाइन्छ साथै उनले आवश्यकता अनुसारको विषय वस्तुमा रुपान्तरण गर्ने र शिक्षार्थीहरुलाई पाकेको खानाको सट्टा

पकाएर खानुपर्ने कुरामा जोड दिएको पाइन्छ साथै उनले औपचारिक शिक्षा प्रति जनाएको विरोध र अनौपचारिक शिक्षामाथि देखाएको मोहभावलाई उल्लेखनिय मानिएको छ ।

लेभ सेमेनोभिच भिगोत्स्की (१८९६-१९३४),भट्टराई (२०७१) का अनुसार सिकाइ नयाँ सोच र नयाँ चिन्तन हो । सिकाइ संज्ञानात्मक प्रक्रिया पनि हो । मानिसको चेतनालाई समाज र संस्कृतिले प्रभाव पार्दछ । व्यक्तिको सिकाइको प्रमुख आधार सामाजिक, सांस्कृतिक अर्न्तक्रिया हो । सामाजिक सांस्कृतिक अर्न्तक्रियाको प्रमुख औजार भनेको भाषा हो । भाषाको माध्यमद्वारा चिन्तन, संवाद, सहकार्य, अन्तक्रिया गर्दै विगतका अनुभवहरुसँगै नयाँ अनुभव निर्माण हुन्छ । व्यक्ति सामाजिक सांस्कृतिक अन्तक्रियाहरुमा जति बढी सहभागी हुँदै जान्छ  त्यति नै बढी सिकाइ उपलब्धि थपिदै जान्छ ।

व्यक्तिले सामाजिक सांस्कृतिक मूल्यमान्यता रीतिरिवाज तथा समाजका गन्यमान्य व्यक्तिहरुसँगको संगत, छलफल, एवम् अन्तक्रियाको माध्यमबाट मानवीय क्षमता विकास गर्दै गएको हुन्छ । जुन उसले अरुसँगको अन्तक्रिर्याबाट सामान्य ज्ञान निर्माण गरेको हुन्छ भनेपछि ऊ आफै आन्तरिक क्षमता विकास गरी सामाजिक, सांस्कृतिक, मूल्य मान्यतालाई आत्मसात् गर्दै ज्ञान अनुभवहरु प्राप्त गरिरहेको हुन्छ भन्ने निचोड भिगोस्कीको रहेको छ ।

भिगोस्कीका दार्शनिक मान्यताहरु निम्नअनुसार रहेका छन् ।

क) सामाजिक प्रक्रियाबाट सिकारुले वास्तविकता सम्बन्धी ज्ञान प्राप्त गर्दछ ।

ख) सबै ज्ञान निर्माण गरिएको हुन्छ ।

ग) ज्ञान निष्क्रिय रुपमा वातावरणबाट प्राप्त गरिएको होइन योत सिकारुहरुले सक्रिय रुपमा गरेको हो ।

घ) ज्ञान सामाजिक रुपमा निर्माण हुन्छ ।

ङ) विद्यार्थीले प्राप्त गर्नु बुझ्न ज्ञानको बाहिरी विचारको विरोध गर्दछ ।

च) चेतना सामाजिक संरचना हो ।

छ) शिक्षकले विद्यार्थीलाई आवश्यक सूचना पत्ता लगाउन सहयोग गर्दछ ।

ज) वालकको आफ्नो क्षमतालाई पुनः निर्माण तथा परिवर्तन गर्न सहयोग गर्दछ ।

इमाइल दुर्खाइम (१९९९), आचार्य, (२०७६) का अनुसार शिक्षा एक सामाजिक वस्तु हो शिक्षाले प्राप्त गरेका आदर्शहरूलाई नै समाजले आफ्ना आदर्शका रूपमा ग्रहण गर्दछ । शिक्षाले समाजको विकासमा निरन्तर योगदान पुऱ्याउँछ । समाजले शिक्षाका प्रकारहरू निर्धारण गर्दछ र शिक्षाले सामाजिक आवश्यकताहरूको पूर्ति गर्दछ । उनको विचारमा शिक्षा समाजबाट अलग र समाज शिक्षाबाट अलग रहन सक्दैन । समाजका प्रत्येक व्यक्तिहरूमा साझा गुणहरू विद्यमान हुन्छन् । यस्ता साझा गुणहरूले उनीहरूमा समानता ल्याउँछ र सामाजिक दायित्वको बोध हुन्छ । सामाजिक दायित्व शिक्षाले ग्रहण गर्दछ र यसलाई सामुहिक संस्थाका रूपमा विकसित गरिन्छ । यसरी शिक्षाले समाजका आवश्यकताहरू पूर्ति गर्दछ । सामाजिक विकासमा योगदान पुऱ्याउँछ । शिक्षा पूर्णतया सामाजिक प्रक्रिया हो । यसको छुट्टै चिनारी नै छैन । समाजको रूचि, माग, आदर्श, मूल्य र संस्कारसँगै शिक्षा अघि बढ्दछ । व्यक्ति र समाजको आधारमा नै शिक्षाको अस्तित्व सम्भव हुन्छ । समाजको सामुहिकपन, सामुहिक चेतना र सामुहिक प्रतिनिधित्वजस्ता सिद्धान्तहरूको प्रतिपादन गरी दुर्खाइमले शिक्षाका समाजशास्त्रीय विकासमा योगदान पुऱ्याए ।

दुर्खाइमका अनुसार जसरी व्यक्ति क्रियाकलापहरूको सञ्चालनका लागि क्रियाशील हुनुपर्दछ त्यसरी नै सामाजिक क्रियाकलाप सञ्चालनका लागि समाजको प्रणाली क्रियाशील हुनुपर्दछ । समाजमा जीवित र क्रियाशील रहनका लागि सामाजिक, सांस्कृतिक मूल्य मान्यताहरू प्रणालीका रूपमा चल्नु पर्दछ । सबै समाजको वातावरण एकै प्रकारको नहुन सक्छ । एउटा वातावरणको प्रणाली अर्को वातावरणमा लागू नहुन सक्छ । अतः अलग-अलग समाज, जुन समाज जुन प्रणालीमा सञ्चालित छ त्यही प्रणालीका आधारमा त्यो समाज र सामाजिक क्रियाकलापहरूको ब्याख्या र विश्लेषण गरिनुपर्दछ भन्ने धारणा उनले कार्यगत सिद्धान्तहरूमा उल्लेख गरेका छन् । उनकाअनुसार एउटा समाजमा जति धेरै सामाजिक तत्व र स्वरूपहरू हुन्छन् त्यति नै शिक्षाका प्रकार हुन्छन् भन्दै समाजमा भइरहने परिवर्तन अनुसार शैक्षिक प्रक्रियामा पनि परिवर्तन भइरहनुपर्दछ र समाजको प्रत्येक अंशले सिर्जना गरेका आदर्शहरूलाई अर्थ दिन र संरक्षण गर्ने काम शिक्षाले गर्नुपर्छ भनेका छन् । उनी भन्छन् : सामाजिक ऐक्यवद्धता खोजेका विद्यालयबाटै सामाजिक रुपमा नै पक्षपातपूर्ण व्यवहार, शिक्षण विधिमा तानाशाही शैली, विद्यार्थीहरुलाई दमन तथा अनावश्यक दण्ड दिने प्रवृति, सृर्जनशीलता भन्दा घोकन्ते संस्कार ब्यूँताइदिन्छ दुर्खाइमको यस सिद्धान्तलाई मनन गर्दा नेपालका सामुदायिक वा संस्थागत विद्यालयको शिक्षण शैली परम्परागत प्रविधि नै प्रचलनमा रहेको छ ।

जस्ले गर्दा विद्यार्थी तथा सामाग्री केन्द्रित विधिबाट स्वतन्त्र सिकाइ गर्ने वातावरणलाई सिकारुले प्राप्त गर्न नसक्दा तोकीएको उपब्धि प्राप्तगर्न सकिएको छैन ।

## २.३ सम्बन्धित साहित्य अध्ययनको उपादेयता

उल्लिखित पूर्व अध्ययन तथा सम्बन्धित साहित्यहरुको पुनरावलोकनको निष्कर्षले माध्यमिक तहको सामाजिक अध्ययन विषयको शिक्षण विधि तथा शैक्षिक उपलब्धि वृद्धि गरी विद्यार्थीहरुको व्यवहारमा वास्तविक परिवर्तन ल्याउन सम्पूर्ण विद्यालय सरोकार पक्षको सकारात्मक र सक्रिय सहभागिता अनिवार्य हुनु पर्नेमा जोड दिएको छ । शिक्षण सिकाइ प्रक्रिया आफैमा एउटा महत्वपूर्ण पक्ष हुँदा हुँदै पनि यसलाई प्रभावकारी रुपमा सञ्चालन गर्नका लागि सम्पूर्ण सरोकारवालाहरुको रचनात्मक र सक्रिय सहभागिता हुनु उत्तिकै अपरिहार्यता रहन्छ । शैक्षणिक योजना निर्माण र प्रयोगको अवस्था, शैक्षिक सामग्रीको उपलब्धता र प्रयोगको अवस्था, शिक्षण सिकाइ क्रियाकलाप, शिक्षक विद्यार्थीको नियमितता र सक्रिय सहभागिता, मूल्यांकन पद्धतिको अवलम्बनको अवस्था, विद्यालय व्यवस्थापन समितिको नियम वैठक तथा अनुगमन, विद्यालय समुदाय सम्बन्ध, शिक्षक, अभिभावक सम्बन्ध, शिक्षक विद्यार्थी सम्बन्ध, सरोकार समूहबीच बैठक, छलफल, अन्तर्क्रिया खोज तथा अनुसन्धानात्मक क्रियाकलाप सञ्चालन, विद्यालयको विद्यमान भौतिक, सामाजिक, साँस्कृतिक तथा शैक्षिक वातावरणको यथोचित व्यवस्थापन सहीत, सञ्चालित शिक्षण सिकाइ क्रियाकलापले शैक्षिक उपलब्धि सुधार्नमा सकारात्मक प्रभाव पार्दछ ।

सम्बन्धित साहित्यको समिक्षाबाट अध्ययन कर्तालाई आफ्नो अध्ययन पूरा गर्न तथा अध्ययन क्रममा आईपरेका बाधा एवम् समस्यालाई समाधान गर्दै अगाडि बढ्न सहज हुन्छ । साथै अध्ययन कार्यमा अध्ययनकर्तालाई सही मार्ग निर्देशन प्रदान गर्नुका साथै तथ्याङ्क सङ्कलन विश्लेषण एवम् सुझावका लागि सघाउ पुऱ्याउँदछ । अर्थात सार संक्षेपमा भन्नु पर्दाः

क) अध्ययनलाई तार्किक र उद्देश्यपूर्ण बनाउन सहयोग गर्दछ ।

ख) सैद्धान्तिक पक्षमा देखिएका कमी कमजोरीलाई हटाई अध्ययनलाई स्पष्ट बनाउन सहयोग पुऱ्याउँदछ ।

ग) सम्बन्धित साहित्यको पुनरावलोकनले अध्ययनलाई सही मार्ग निर्देशन गर्न र निश्चित सिद्धान्त तय गर्न मार्ग निर्देशन गर्दछ ।

घ) अध्ययन गर्ने क्रममा विषयान्तर हुनबाट बचाई अवस्था अध्ययनलाई संगठीत र उद्देश्यमूखी बनाउनका साथै मार्गदर्शक बौद्धिक कुराहरु समेत दिन मद्दत गर्दछ ।

ङ) कहिलेकाही अवस्था अध्ययनमा धेरै कुरा समेट्न खोज्दा बृहत भई भद्दा हुन सक्ने सैद्धान्तिक विचलनलाई जोगाउन पनि पुनरावलोकनले मद्दत गर्दछ ।

च) साहित्यको पुनरावलोकनबाट उद्देश्य अनुसारको गन्तव्यमा पुग्न के-के गर्नु पर्दछ भन्ने कारण तथा सुझावहरु पहिचान गर्न सहयोग पुऱ्याउँदछ ।

विद्यालयको शैक्षिक अवस्था, शिक्षण प्रक्रिया, सामाग्रीको प्रयोग, शिक्षण सिकाई क्रियाकलाप तथा योजना, शिक्षण विधि तथा शैक्षणिक कार्यनीति, सिकाइको क्रममा शिक्षकले अपनाउने तथा अपनाएका रणनीति, कक्षाकोठा व्यवस्थापन लगायत शिक्षण विधि तथा प्रक्रिया सम्बन्धी खोज अनुसन्धान कार्य अगाडि बढाई अध्ययन क्षेत्रको वास्तविक अवस्था उजागर गर्न सफल भएकोले ती विविध अध्ययनको सहायताले स्याङ्जा जिल्ला आँधीखोला गाउँपालिका अन्तर्गतका विद्यालयहरुमा सामाजिक अध्ययन विषयको शिक्षण विधिको प्रयोग के-कसरी हुने गरेको छ र त्यसले कस्तो प्रभाव पार्नुका साथै विधिको प्रयोगको क्रममा के-कस्ता समस्याहरु झेल्नु परेको छ, शिक्षण विधिको प्रयोगको क्रममा शिक्षक तथा विद्यार्थीहरुको भुमिका कस्तो रहेको छ । एवं भावी दिनमा कसरी अगाडि बढाउन सकिन्छ भन्ने बारेमा अध्ययन गर्न थप सहयोग पुगेको छ ।

उल्लेखित सैद्धान्तिक खाकामा प्रस्तुत भएका विचार परिभाषा सम्बन्धित विषयका पुस्तक पत्रपत्रिका, लेख रचना, तथा सोधपत्र मूलक साहित्यले विद्यालयको शिक्षण विधिको अवस्था, देखा परेका समस्या, विद्यालयको शैक्षिक पक्षको अभिवृद्धिमा शिक्षण विधिले खेलेको भुमिका आदि पक्षको पहिचानमा सहयोग पुगेको छ ।

# परिच्छेदः तीन
# अध्ययन विधि

अनुसन्धान कार्यमा कसरी तथ्याङ्क सङ्कलन गर्ने, तथ्याङ्कहरुको विश्लेषण र व्याख्या कसरी गर्ने, तथा निष्कर्ष कुन प्रक्रियाको आधारमा निकाल्ने, भन्ने कुराको निर्णयमा पुग्ने मार्ग स्वरुप तयार पर्ने प्रक्रिया नै अध्ययन विधि हो । अध्ययन विधिले वास्तविकताको खोजी प्रमाणिक तथा वैज्ञानिक भए नभएको स्पष्ट गर्दछ जुन पद्धतिका माध्यमबाट तथ्याङ्क सङ्कलन, प्रस्तुतिकरण, विश्लेषण गरी प्राप्ति र निष्कर्षमा पुग्न सकिन्छ ।

## ३.१ अनुसन्धान ढाँचा

यस अध्यायमा अनुसन्धानकर्ताले परिमाणात्मक र गुणात्मक स्वरुपको मिश्रित अनुसन्धानात्मक ढाँचा प्रयोग गरिएको छ । जसमा परिमाणत्मक तथ्याङ्कलाई तथ्याङ्क सास्त्रीय औजारहरु जस्तै तालिका, बृतचित्र, स्तम्भचित्र, मध्यक, मध्यिका आदि औजारको प्रयोगगरी विश्लेषग गरिएको छ भने गुणत्मक तथ्याङ्कलाई व्याख्या तथा विश्लेषणको प्रयोग गरी निष्कर्ष निकालिएको छ ।

**तालिका नं. १उद्देश्यगत विधि साधन तथा सहभागिता सम्बन्धी योजना**

| उद्देश्य | विधि | साधन | सहभागी |
|---|---|---|---|
| सामाजिक अध्ययन विषयको शिक्षण विधिमा पाठ्यक्रम कार्यान्वयनको अवस्था पहिचान गर्नु | अन्तवार्ता अभिलेख अध्ययन, कक्षा अवलोकन | अन्तरवार्ता निर्देशिकाविद्यालय अभिलेख, अवलोकन फाराम | अभिभावक, प्र.अ. शिक्षक र विद्यार्थी |
| सामाजिक अध्ययन विषयको पाठ्यक्रममा पाठ प्रयोग भएका शिक्षण विधिले शैक्षिक उपलब्धिमा पारेको प्रभाव | अभिलेख अध्ययन अन्तरवार्ता | अभिलेख अवलोकन, अन्तरवार्ता निर्देशिका | अभिभावक, वि.नि.प्र.अ. शिक्षक र विद्यार्थी |
| सामाजिक अध्ययन विषयको शिक्षण विधिमा देखापरेका समस्या र समाधानका उपायको खोजी गर्नु । | अन्तरवार्ता | अन्तरवार्ता निर्देशिका | अभिभावक, प्र.अ. शिक्षक र विद्यार्थी |

## ३.२ अध्ययनको जनसङ्ख्या

स्याङ्जा जिल्ला आँधीखोला गाउँपालिका अन्तर्गतका २६ वटा विद्यालयहरु मध्येबाट जनप्रदिप मा.वि., प्रद्युम्न पनेरु मा.वि., श्रवण मा.वि, भगवती मा.वि. र राष्ट्रिय म.वि. गरी जम्मा ५ वटा विद्यालय लिएको छ । माध्यमिक विद्यालयका विद्यार्थी, प्र.अ., अभिभावकहरु, शिक्षक अभिभावक संघका पदाधिकारीहरु, वि.व्य.स., बुद्धिजीवी समेतलाई यस अध्ययनको जनसंख्याको रुपमा छानिएको छ ।

### ३.३ नमुना छनोट प्रक्रिया

अध्ययनको लागि निर्धारण गरिएका सम्पूर्ण जनसङ्ख्यालाई प्रत्यक्ष खोज्नु चुनौतिपूर्ण तथा कठिन कार्य भएकाले अध्ययनको विषयलाई केन्द्रविन्दु मानेर निर्धारित जनसङ्ख्याबाट प्रतिनिधि मुलक नमुनाको रुपमा सबै पक्षको प्रतिनिधित्व हुनेगरी उद्देश्यमूलक नमुना छनोट विधिबाट देहाय बमोजिमको नमूना छनोट गरी अध्ययन गरिएको छ ।

**तालिका नं. २ नमुना छनोट**

| क.स. | अध्ययन उत्तरदाता | श्री जनप्रदीप मा.वि. | श्री प्रद्युम्न पनेरु मा.वि. | श्री श्रवण मा.वि. | श्री भगवती मा.वि. | श्री राष्ट्रिय मा.वि. | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | वि.व्य.स.अ | १ | १ | १ | १ | १ | ५ |
| २ | प्र.अ. | १ | १ | १ | १ | १ | ५ |
| ३ | शिक्षकहरु | १ | १ | १ | १ | १ | ५ |
| ४ | विद्यार्थीहरु | १० | १० | १० | १० | १० | ५० |
| ५ | अभिभावक | १ | १ | १ | १ | १ | ५ |
| ६ | जम्मा | १४ | १४ | १४ | १४ | १४ | ७० |

#### ३.३.१ विद्यालय छनोट

उद्देश्यमुलक नमुना छनोट विधिको आधारमा आँधीखोला गाउँपालिका अन्तर्गतका वडा नं. २, ३, ४, ५ र ६ मा पर्ने क्रमशः जनप्रदीप मा.वि., राष्ट्रिय मा.वि., श्रवण मा.वि., प्रद्युम्नपनेरु मा.वि. र भगवती मा.वि. गरी पाँचवटा विद्यालय छनोट गरिएको छ ।

#### ३.३.२ प्र.अ. छनोट

यस अध्ययनमा नमुना छनोटमा परेका विद्यालयहरुका प्रधानाध्यापकहरु लाई स्वतः छनोट गरिएको छ ।

#### ३.३.३ शिक्षक छनोट

यस अध्ययनलाईसमय सापेक्ष, वास्तविक र यथार्थपरक बनाउन उल्लेखित अध्ययन क्षेत्र भित्रका छनोट गरिएका विद्यालयका १/१ जना विषय शिक्षक गरी ५ जना शिक्षकलाई उद्देश्यमूलक विधिको आधारमा छनोटगरिएको छ ।

### ३.३.४ विद्यार्थी छनोट

यस शोधकार्यमा सूचना तथा तथ्याङ्क सङ्कलनका लागि अध्ययन क्षेत्रको विद्यालयका विद्यार्थी मध्ये उद्देश्य मूलक नमूना छनोट विधिको आधारमा प्रत्येक विद्यालयबाट १०/१० जनाका दरले पाँचवटा विद्यालयबाट ५० जना विद्यार्थी छनोट गरिएको छ । जसमा विद्यार्थी छनोट गर्दा समावेशीमूलक आधारमा छात्र, छात्रा, प्रतिभाशाली, मध्यम र कमजोर गरी छनोट गरिएको छ ।

### ३.५.५ वि.व्य.स.अध्यक्ष छनोट

यस अध्ययनमा नमुनाको रुपमा लिइएका विद्यालयका वि.व्य.स. अध्यक्षहरुलाई स्वतः छनोट गरिएको छ ।

### ३.३.६ अभिभावक छनोट

यस अध्ययनलाई समय सापेक्ष, वास्तविक र यथार्थपरक बनाउन उल्लेखित अध्ययन क्षेत्र भित्रका छनोट गरिएका विद्यालयका १/१ जना अभिभावक गरी ५ जना अभिभावक उद्देश्यमूलक विधिको आधारमा छनोटगरिएको छ ।

### ३.४ तथ्याङ्कको स्रोत

यस अध्ययनको लागि आवश्यक पर्ने सबै तथ्याङ्कहरु सङ्कलन गर्नका लागि निम्नानुसारका प्राथमिक र द्धितीय दुवै स्रोतको प्रयोग गरिएको छ ।

**क) प्राथमिक स्रोत**

यस अध्ययनमा आवश्यक पर्ने प्राथमिक तथ्याङ्कहरुको सहयोगबाट नै अध्ययन कार्य उपलब्धिमुलक हुने भएकोले यस शोध कार्यमा प्रश्नावली, अन्तरवार्ताको लागि निर्देशक प्रश्नहरु, अवलोकन फारम जस्ता साधनहरुको प्रयोग गरी अध्ययन क्षेत्रबाट प्राथमिक स्रोतका रुपमा तथ्याङ्क सङ्कलन गरिएको छ ।

**ख) द्धितीयक स्रोत**

यस अध्ययनमा उद्देश्य अनुसारको आवश्यक पर्ने तथ्याङ्क सङ्कलन गर्नका लागि विद्यालयका अभिलेखहरु, सूचनाहरु, जानकारीहरु अध्ययनसँग सम्बन्धित प्रकाशित तथा अप्रकाशित लेख रचनाहरु आदिलाई द्धितीय स्रोतको रुपमा अपनाइएको छ ।

### ३.५ तथ्याङ्क सङ्कलनका विधि तथा साधनहरु

यस अध्ययनलाई सम्पन्न गर्न आवश्यक तथ्याङ्क सङ्कलन गर्नुपर्ने हुन्छ । उक्त तथ्याङ्क सङ्कलन गर्नको लागि निम्न विधि तथा साधनहरुको प्रयोग गरिएको छ ।

#### ३.५.१ प्रश्नावली

यस अध्ययनका लागि आवश्यक पर्ने तथ्याङ्क प्राप्त गर्न अध्ययनसँग सम्बन्धित सुचना दाताहरु जस्तै प्र.अ., शिक्षक र विद्यार्थीका लागि छुट्टाछुट्टै प्रश्नावली प्रयोग गरिएको छ । प्रयोग गरिएका प्रश्नावलीहरु अनूसूची १,३ र ४ मा दिएको छ ।

#### ३.५.२ अर्न्तवार्ता निर्देशिका

यस अध्ययनमा सामाजिक अध्ययनमा प्रयोग भएका शिक्षण विधिले सिकाइ उपलब्धिमा पारेको प्रभावको विश्लेषणको लागि आवश्यक तथ्याङ्क सङ्कलन गर्न विद्यालय निरीक्षक र अभिभावक सँग अर्न्तवार्ता गरिएको छ । जुन अनुसूची ५ र ६ मा दिएको छ ।

#### ३.५.३ अभिलेख अध्ययन

यस अध्ययनमा शैक्षिक उपलब्धिको अवस्था पत्ता लगाउन छनोटमा रहेका विद्यालयको अभिलेख अध्ययनलाई तथ्याङक सङ्कलन विधिको रुपमा प्रयोग गरिएको छ ।

#### ३.५.५.४ अवलोकन फारम

शिक्षण विधिको अवस्था पत्ता लगाउनको लागि आवश्यक तथ्याङ्क सङ्कलन गर्न यस अध्ययनमा छनोटमा परेका कक्षा १० को विद्यालयमा सामाजिक विषय अध्यापन गरिएका १/१ ओटा कक्षामा अवलोकन गरिएको छ । कक्षा अवलोकन गर्दा प्रयोग गरिएको अवलोकन फारमलाई अनुसूची २ मा दिएको छ ।

### ३.६ तथ्याङ्क सङ्कलन प्रक्रिया

यस अध्ययनका लागि आवश्यक पर्ने तथ्याङ्क छुट्टाछुट्टै रुपमा निर्माण गरिएका प्रश्नावली, अन्तर्वाताको लागि निर्देशक प्रश्नहरु, कक्षा अवलोक फारमको प्रयोग शोधकर्ता आफै उपस्थित भएर सङ्कलन गरिनेछ । प्र.अ., शिक्षक र विद्यार्थी, अभिभावक, बुद्धिजीवी, वि.व्य.स. र शि.अ.सं. का पदाधिकारीहरुसँग प्रश्नावली र अन्तवार्ता गरिनेछ । यसका अतिरिक्त विद्यालयका अभिलेखहरु र अन्य विविध पक्षहरुको अध्ययन, कक्षा अवलोकन

फारमको आधारमा गरिनेछ । यस प्रकार तथ्याङ्क प्रक्रियामा प्राथमिक र द्धितीय दुवै प्रकारका स्रोतबाट तथ्याङ्क सङ्कलन गरिएको छ ।

## ३.७ तथ्याङ्क विश्लेषण प्रक्रिया

यस अध्ययनमा सङ्कलन गरिएका आवश्यक तथ्याङ्कलाई व्यवस्थित रुपमा तथ्याङ्कको प्रकृति अनुसार परिमाणात्मक र गुणात्मक रुपमा विश्लेषण गर्नुहुने गरी तालिकामा प्रस्तुत गरिनेछ । तथ्याङ्कको व्याख्या तथा विश्लेषणका लागि प्रश्नावली, अन्तवार्ताका लागि निर्देशक प्रश्नहरु कक्षा अवलोकन फारम र विद्यालय अभिलेखबाट प्राप्त सूचनाहरुलाई व्याख्यात्मक विधिद्धारा विश्लेषण गरि प्रस्तुत गरिनेछ । यस अध्ययनको क्रममा अध्ययनका उद्देश्यसँग सम्बन्धित तथ्याङ्कहरुको विश्लेषणबाट प्राप्त नतिजालाई प्राप्तिका रुपमा समावेश गरिएको विषयवस्तुहरुको आधारमा निष्कर्षका रुपमा प्रस्तुत गरिएको छ ।

## परिच्छेद : चार

# नतिजाको छलफल

## ४.१ सामाजिक अध्ययन विषयको शिक्षण विधिको वर्तमान अवस्था

माध्यमिक तहको अनिवार्य विषयहरु मध्ये सामाजिक अध्ययन विषय अनिवार्य विषयको रुपमा पाठ्यक्रमले व्यवस्था गरेको छ । सामाजिक विज्ञानका विभिन्न विषयवस्तुहरुलाई छनोट गरी सामाजिक जनजीवनसँग आधारित र सम्बन्धित विभिन्न ९ (नौँ) वटा क्षेत्रहरु जस्तै हामी र  हाम्रो समाज, विकास र विकासका पूर्वाधार, हाम्रोसामाजिक मूल्य मान्यता, सामाजिक समस्या र समाधान, नागरिक चेतना, हाम्रो पृथ्वी, हाम्रो विगत, आर्थिक क्रियाकलाप र अन्तर्राष्ट्रिय सम्बन्ध र सहयोग जस्ता एकाइमा विभाजन गरी सामाजिक समूहका इतिहास, भूगोल, अर्थशास्त्र, जनसंख्या, समाजशास्त्र राजनीति साशास्त्र, मानवशास्त्र, दर्शनशास्त्र जस्ता विषय वस्तुलाई एकीकृत प्रकृतिको व्यवहारिक स्वरुपको पाठ्यक्रम निर्माण गरिएको छ । सामाजिक जनजीवनमा आधारित र जीवनोपयोगी ज्ञान, सीप र क्षमता अभिवृद्धि गर्ने प्रमुख उद्देश्यका साथ तयार पारिएको यस पाठ्यक्रमले विद्यार्थीको सिकाइ उपलब्धि स्तर वृद्धि गर्दै व्यवहारिक परिवर्तन ल्याउने अपेक्षा गरेको छ । यसका लागि विद्यालयमा सञ्चालन गरिने शिक्षण सिकाइ प्रक्रियाको महत्वपूर्ण भूमिका छ । यसका लागि निम्न उपशीर्षकहरु अन्तर्गत व्याख्या तथा विश्लेषण गरिएको छ ।

### ४.१.१ पाठ्यक्रम र शिक्षक निर्देशिका उपलब्धताको अवस्था

शिक्षाको उद्देश्य प्राप्त गर्नका लागि तयार पारिएको समग्र शिक्षण सिकाइको मूल योजनाको रुपमा रहेको पाठ्यक्रमले बालबालिकाको चौतर्फी विकासमा सहयोग पुऱ्याउने उद्देश्य राखेको हुन्छ । पाठ्यक्रमको उद्देश्य अनुरुप आवश्यक पाठ्यांश सहीत लिपिवद्ध गरिएको पाठ्य सामग्री पाठ्यपुस्तक हो । पाठ्यक्रम र पाठ्यपुस्तकको उद्देश्यलाई प्रभावकारी सञ्चारमा सरलता, निश्चितता, रोचक र आकर्षक बनाउँदै निश्चित प्रक्रियाबाट अपेक्षित नतिजा प्राप्त गर्नका लागि शिक्षकको महत्वपूर्ण सहयोगी सामग्रीलाई शिक्षक निर्देशिका भनिन्छ ।  अर्को शव्दमा पाठ्यक्रम मोटरबाटो हो, पाठ्यपुस्तक सवारी साधनहो भने शिक्षक निर्देशिका सवारी चालक हो उक्त सामग्री एक अर्कोमा अन्योन्याश्रित समवन्ध रहेको हुन्छ । शिक्षक निर्देशिकाले शिक्षकको शिक्षण कार्यलाई उद्देश्यमूलक र प्रभावकारी बनाउँछ भने पाठ्यपुस्तकले विद्यार्थीहरुको स्वाअध्ययन तथा अभ्यासका लागि महत्वपूर्ण सहयोगी

सामग्रीको रुपमा सहयोग पु¥याउँछ । तसर्थ यी दुवैले पाठ्यक्रमको कार्यान्वयनमा प्रभाकारिता ल्याउन सहयोग गर्दछन् । त्यसैले शिक्षण सिकाइ क्रियाकलापमा यिनीहरुको प्रयोगले महत्वपूर्ण भूमिका निर्वाह गरेको हुन्छ ।

यस अध्ययनको लागि पाठ्यक्रम र शिक्षक निर्देशिकाको उपलब्धता, प्रयोगको अवस्था, पाठ्यवस्तुको उपलब्धता यसको प्रयोगको अवस्थाबारे स्थलगत अवलोकन तथा प्रश्नावलीको माध्यमबाट प्रतिक्रिया संकलन गरिएको थियो । यसै क्रममा छनोटमा परेका विद्यालय जनप्रदिप मा.वि. का प्रधानाध्यापकलाई पाठ्यक्रम र शिक्षक निर्देशिकाको उपलब्धता र शिक्षकले प्रयोगको अवस्था वारे राखिएको प्रश्नावलीमा उनको भनाइ अनुसार विद्यालयमा पाठ्यक्रम र शिक्षक निर्देशिका २०६२ सालमा पुस्तकालयमा दर्ता भएको उक्त सामग्री पूरानो भएको र पाठ्यक्रम परिवर्तन हुदा काम नलाग्ने भएको नयाँ पाठ्क्रम तथा निर्देशिका अव खरिद गर्नु परेका अवस्था वताए भने सामाजिक शिक्षकले यसको प्रयोगको अवस्था भने शिक्षकले अवश्यक परेको पाठ्यक्रम तथा निर्देशिका शिक्षक सेवा आयोगको पाठ्पुस्तकबाट उपयोगमा ल्याउने गरेको साथै विद्यालयमा इन्टरनेटको सुविधा भएकोले मोवाइलमा डाउनलोड गरी शिक्षण क्रियाकलाप सञ्चालन गर्नुभएको, विद्यालयले उपलब्ध गराउन नसके पनि इन्टरनेटबाट काम चलेको हुनाल यसलाई खरिद तथा प्रिन्ट गर्न आवश्यक नभएको प्रतिक्रिया दिए । यसै गरी अन्य विद्यालयका प्रधानाध्यापकहरुको पनि समान प्रतिक्रिया प्राप्त भयो । भने भगवती मा.वि.का प्रधानाध्यापकको भने यस बारेमा फरक धारण पाइयो। उनको भनाइको विश्लेषण गर्दा पाठय पुस्तकमा नै सबै विषय सूचि भएको कारण पाठ्क्रम तथा शिक्षक निर्देशिकाको कुनै आवश्यक नपर्ने, पुस्तकमा भएका विषयवस्तुलाई आधार मानेर पढाए पुग्ने, विद्यालयको आर्थिक समस्याको कारण सामाजिकको मात्र सामाग्री किनेर भएन सबै सामाग्री किन्दा वजेट बढी लाग्ने, विषय शिक्षकहरुले पनि यस्ता सामग्रीको खोजी तथा माग नगरेकोले अवश्यकता नपरेको प्रतिक्रिया प्राप्त भयो ।

### ४.१.२ पाठ्यक्रम र शिक्षक निर्देशिका प्रयोगको अवस्था

यसै गरी पाठ्यक्रम र शिक्षक निर्देशिका प्रयोगको अवस्थाको सन्दर्भमा प्रद्युम्न पनेरु मा.वि. का सामाजिक विषय शिक्षकलाई राखेको प्रश्नावलीमा दिएको प्रतिक्रिया अनुसार विद्यालयमा पूरानो पाठ्यक्रम र शिक्षक निर्देशिका उपलब्ध भएको तर नयाँ शिक्षक निर्देशिका खरिद

नभएकोअवस्थामा यसको प्रयोगको क्रममा उनले शिक्षकसेवा आयोगको तयारीको क्रममा नै माध्यमिक तहको पाठ्यक्रम र शिक्षक निर्देशिकामा उल्लेख गरिएका विषयवस्तु, विधि, विवरणहरु सबै कण्ठ भएको कारण पाठको प्रसंग र विषयवस्तु अनुसार के कस्ता क्रियाकलाम सञ्चलन गर्ने भन्ने बारे कुनै समस्या नभएको, शैक्षिक सत्र २०७२ सालमा सामाजिक अध्ययनका केही विषयवस्तु परिवर्तन भएको र उक्त विषयवस्तु समेत उनले अध्यावधि गरी सकेकोले कागजीरुपमा शिक्षक निर्देशिका र पाठ्यक्रमको आवश्यक नपरेको, कहिले काही दैनिक पाठयोजना निर्माण गर्दा वा शैक्षिक सत्रको सुरुमा शैक्षणिक योजना बनाउने क्रममा आवश्यक परेमा शिक्षक सेवा आयोगको पाठ्यपुस्तक वा तत्कालै गुगल सर्च गरी अध्यावधिक हुने गरेको वताए । पाठ्यक्रम र  शिक्षक निर्देशिका कार्यान्वयनको अवस्थाको बारेमा सोधिएको प्रश्नावलीमा जनप्रदिप मा.वि. र प्रद्युम्न पनेरु मा.वि.का सामाजिक शिक्षकको उत्तर एकै किसिमको पाइयो भने अन्य तीनवटा विद्यालयले दिएको प्रतिक्रिया अनुसार पाठ्य पुस्तक नै प्रमुख विषयवस्तु भएको वा नयाँ पाठ्य पुस्तकले पूरानोको तुलनामा परीक्षामा आवश्यक पर्ने सबै विषयवस्तु समेटेको हुनाले पाठ्यक्रम र शिक्षक निर्देशिकाको आवश्यक नपर्ने, शिक्षण क्रियाकलापको क्रममा पनि विद्यार्थीलाई पुस्तकमा भएका विषयवस्तुहरु जानेमा वा कण्ठ गरेमा परीक्षामा पास हुने भएकोले पाठ्यक्रम र शिक्षक निर्देशिकाको आवश्यक नपरेको बताए ।

### ४.१.३ पाठ्यक्रमका आधारमा पाठ्यपुस्तकको कार्यान्वयनको अवस्था

शिक्षण सिकाइ क्रियाकलापमा पाठ्य पुस्तकको प्रयोगको अवस्था बारे जनप्रदिप मा.वि.का सामाजिक शिक्षकलाई राखेको जिज्ञाशामा उनको भनाइ अनुसार सामाजिक विषयको पाठ्यक्रम नै समुदाय तथा समाजमा आधारित भएकोले अन्य विषयमा जस्तो पाठ्य पुस्तकको विषयवस्तुको लाइन,लाइन पढेर अर्थ लागाइ पढाउने, घोकाउने विषय नभएको कारण समुदाय, भूगोल, वातावरण नै पाठ्य पुस्तक हो । शिक्षण सिकाइको क्रममा पाठ्य पुस्तकको कुनै आवश्यकता पर्देन, किन भने पाठ्यक्रम र शिक्षक निर्देशिकाको आधारमा पाठयोजना निर्माण गरिन्छ । योजना अनुसारका आवश्यक शैक्षिक सामग्री पहिल्यै नै तयार गरी कक्षा प्रवेश गरिन्छ । तोकिएको योजना अनुसार प्रदर्शन, छलफल, समस्या समाधान, समूहकार्य, हर्टचियर, परियोजना आदि विधिको प्रयोग गरी शिक्षण क्रियाकलाप सञ्चालन गरिन्छ । सामाजिक विषयको पाठ्यपुस्तकमा त थोरै विषयवस्तु र धेरै क्रियाकलाप दिएको

छ । उक्त पाठ्यपुस्तकको आधारमा मूल्याङ्कन पनि गरिदैन यो विषयले त विद्यार्थीहरुमा व्यवहारिक ज्ञान, सीप तथा दक्षताको अभिवृद्धि गर्ने हो । भन्ने प्रतिक्रिया प्राप्त भयो । यसै क्रममा अनुसन्धान कर्ता तथ्याङ्क सङ्कलनको क्रममा जनप्रदिप मा.वि. मा चौथो घण्टीमा कक्षा १० को सामाजिक विषयको कक्षा अवलोकन गर्ने अवसर प्राप्त भयो । उक्त कक्षामा सामाजिक विषय शिक्षकले एकाइ ५ को नागरिक चेतना भन्ने पाठमा कार्यपालिका, व्यवस्थापिका र न्यायपालिका वीचको सम्बन्ध शिक्षण गर्ने क्रममा विद्यार्थीहरुलाई ध्यानकेन्द्रित गरेर उक्त राज्यका प्रमुख ३ अङ्गको परिचय दिए पश्चात प्रोजेक्टरबाट स्लाइड मार्फत चार्ट र चित्रको माध्यमबाट प्रदर्शन, छलफल र अन्तरक्रिया विधिको प्रयोगबाट स्पष्ट पार्ने काम भयो । दोस्रो चरणमा ३ समूहमा विभाजन गरेर पहिलो समूहलाई व्यवस्थापिक, दोस्रो समूहलाई कार्यपालिका र तेस्रो समूहलाई न्यायपालिका का कार्यहरु एक आपसको सम्वन्धको बारेमा मार्करको सहायताले कार्डबोर्डमा टिपोट गर्न लगाइयो । समूहबाट प्राप्त निष्कर्शलाई समूहबाट पालै पालो प्रस्तुत गरेपछि अन्तिम सुधार गरेर उक्त सामग्रीलाई कक्षाको पर्खालमा मिलाएर टाँस्ने कार्य भयो । यसरी सामाजिक शिक्षकले पाठ्यपुस्तक प्रयोगको अवस्थाबारे जे प्रतिक्रिया दिएका थिए सोही अनुसार कक्षा अवलोकनबाट पनि स्पष्ट हुन आउछ ।

पाठ्यपुस्तकको प्रयोगको अवस्था सम्वन्धी जनप्रदिप मा.वि.का शिक्षक सँग प्रद्युम्न पनेरु मा.वि को अवस्था समान पाइयो भने अन्य ३ विद्यालमा भने फरक पाइयो अन्य विद्यालयले पाठ्यपुस्तक प्रयोगको अवस्थामा पुस्तकको सहयोगमा प्रत्येक पाठलाई घोकाउने र अभ्यासका क्रियाकलाप गराउने गरेको साथै पाठ्य पुस्तकको पूर्णरुपमा प्रयोग गरेको कुरा प्राप्त भयो । यसै क्रममा उक्त विद्यालयहरुको कक्षा अवलोकन गर्दा पनि उक्त विद्यालयका सामाजिक शिक्षकहरुले पुस्तकको सहायताले विद्यार्थी हरुलाई पुस्तकमा हेर्न लगाएर पहिला प्रत्येक लाइनको शिक्षकले अर्थ लगाइ दिने र मूल्याङ्कन गर्ने क्रममा पाठको विषयवस्तु घोक्न दिएर हुबहु सुनाउन लगाएको पाइयो । शिक्षकको प्रतिक्रिया र कक्षा अवलोकनको क्रममा प्राप्त निष्कर्श एकै प्रकारको पाइयो । पाठ्यपुस्तकलाई मुख्य शैक्षिक सामग्री बनाएर क्रियाकलाप गर्ने गरेको पाइयो ।

### ४.१.४ दैनिक पाठयोजनाको निर्माण र प्रयोग विधिको अवस्था

शिक्षकले कुनै विषयको कुनै पाठ पढाउँन कक्षाकोठामा प्रवेश गर्नुअघि के पढाउने, कसरी पढाउने, किन पढाउने, कतिसमय भित्र कति पढाउने भन्ने विषयमा राम्ररी विचार गरेर तयार पारेको योजनालाई पाठ योजना भनिन्छ । शिक्षणलाई उद्देश्यमूलक र प्रभावकारी वनाउन शिक्षकद्धारा प्रत्येक पाठको अध्यापनको पूर्वतयारीको लिखित रुप नै पाठयोजना हो । पाठयोजना निर्धारित समय भित्र विषयवस्तुको प्रकृति वा स्वरुप हेरी उक्त पाठ शिक्षण गरिसकेपछि के कस्ता ज्ञान, सिप र धारणा प्राप्त गर्नु पर्ने हो ती ज्ञान, सिप र धारणा हासिल गराउन व्यवहारिक उद्देश्यको चयन शिक्षण क्रियाकलापमा सघाउने शैक्षिक सामग्रीको छनौट, शिक्षण क्रियाकलाप, मूल्यांकन र गृहकार्य समेत निश्चित उद्देश्य प्राप्त गर्ने गरी गरिएको पूर्व तयारीलाई योजना भनिन्छ । अर्थात कक्षामा कुन विषयवस्तु कति समयको लागि कुन विधि र शैक्षिक सामग्रीको प्रयोग गरी शिक्षण सिकाइ सञ्चालन गर्ने ? त्यो क्रियाकलापको लेखाजोखा कसरी गर्ने ? भन्ने बारेमा शिक्षकलाई स्पष्ट मार्ग निर्देश गर्दै शिक्षणमा क्रमबद्धता, कार्य विधिमा निश्चितता र स्तरीय उपलब्धि प्राप्त गर्न प्रयोग गरिने योजनालाई दैनिक पाठयोजना भनिन्छ । दैनिक पाठयोजनाको प्रभावकारी प्रयोगले शिक्षणको उद्देश्य उपलब्धि मूलक हुने, निश्चित समयमा शिक्षण कार्य सम्पन्न गर्न सहयोग पुग्छ ।

दैनिक पाठयोजना निर्माण तथा प्रयोग विधिको अवस्थाको बारेमा नमूना विद्यालयका प्रधानाध्यापकहरुलाई सोधिएको प्रश्नावलीमा नमुना छनोटमा परेका अधिकांश विद्यालयहरुमा विगतका वर्षहरुमा शैक्षिक सत्रको शुरुमा विद्यालयले प्रत्येक शिक्षकहरुलाई शिक्षक डायरी उपलब्ध गराएको र शिक्षकहरुले नियमित शिक्षक डायरी भर्ने गरेको, प्रत्येक महिनाको मसान्तको बैठकमा शिक्षक डायरी प्रधानाध्यापकबाट प्रमाणित गर्ने गरेको तर यस वर्षको शैक्षिक सत्रको शुरुमा कोभिड १९ को कारण २०७८ साउन सम्म विद्यालयहरु पूर्ण रुपमा बन्द भएका र साउन पश्चात अनौपचारिक रुपमा कहिले टोल शिक्षा कहिले जोर विजोर कक्षा त कहिले अनलाइन कक्षा सञ्चालन गरेको साथै दशै पछाडि मात्र पूर्णरुपमा विद्यालयहरु सञ्चालन भएको कारण वार्षिक शैक्षणिक योजनामा अनुसार नियमितता दिन नसके पनि असोज पछिका कक्षाहरुमा भने शिक्षक डायरीको प्रयोग भएको कुरा वताए । विद्यालय निरीक्षकलाइ सोधिएको सोही प्रश्नावलीको उत्तरमा वि.नि. ले नियमित रुपमा विद्यालय निरीक्षण नगरेको, कहिले काँही निरीक्षणमा जाँदा विद्यालयको भौतिक र आर्थिक

पक्षमा बढी केन्दित हुन परेको, विद्यालय भ्रमणको क्रममा शिक्षकहरु सँग वसेर दोहोरो अन्तरक्रिया हुन नसकेको कारण शैक्षिक पक्ष, दैनिक पाठयोजनामा देखा परेका समस्याहरु प्रधानाध्यापक बाट नै समाधान हुने गरेको कुरा बताए ।

अध्ययन गरिएको सबै विद्यालयहरुका विषय शिक्षकहरुले शिक्षक डायरीमा वैशाख देखि चैत्र मसान्त सम्मलाई आधार बनाएर विगतको शैक्षिक सत्रमा जस्तो वार्षिक शैक्षणिक योजना बनाएको पाइयो । विषय शिक्षकहरुले असोज पश्चात संक्षिप्त रुपमा डायरीमा टिपोट गरी त्यसैका आधारमा शिक्षण कार्य अगाडि बढाएको पाइयो । दैनिक पाठयोजनाको निर्माण एवम् प्रयोगका सम्बन्धमा छलफलकै क्रममा दैनिक ६/७ पिरियड पढाउनु पर्ने हुँदा विस्तृत रुपमा तयार पारी प्रयोग गर्न नसकिने, सुरु सुरुमा सामान्य पाठयोजनाको तयारी गरी अध्यापन गराउने गरे तापनि विस्तारै त्यसको अनुगमन तथा सुपरीवेक्षण नभएको कारण त्यसलाई निरन्तरता दिन नसकिएको शिक्षक डायरीमा विस्तृत योजना उल्लेख गर्न नसकिने कारण त्यसको औचित्य तथा महत्व घट्दै गएको, डायरी भर्ने काम औपचारिकतामा मात्र सीमित भएको, त्यसको उपलब्धि न्यून हुने कारणले बरु डायरी भर्ने समयमा तोकीएको पाठ्यक्रम अनुसार सुचना प्रविधिको प्रयोग गरी वृस्तीत योजना बनाउदा फाइदा हुने कुरा शिक्षक हरुबाट प्राप्त भयो । नमुना विद्यालयका सामाजिक शिक्षकहरुको शिक्षक डायरीको अवलोकन गर्दा अधिकाँश शिक्षकहरुल`३०, पैतिस दिन सम्मको योजना बनाइ शिक्षक डायरी भरेको र त्यस पछि नभरेको पाइयो जस अन्तर्गत ५ वटा विद्यालय मध्ये ३ वटा विद्यालयमा विना योजना कक्षा प्रवेश गरेर पुस्तकलाई मुख्य शैक्षिक सामग्रीको रुपमा प्रयोग गर्ने गरेको र बाँकी २ वटा विद्यालयमा शिक्षक डायरीको प्रयोग तथा कार्यान्वयन पूर्णरुपमा कार्यान्वयन नगरे पनि तोकीएको पाठ्यक्रम अनुसार आवश्यक शैक्षिक सामग्रीको प्रयोग गरी योजना अनुसार नै शिक्षण गरेको पाइयो ।

### ४.१.५ पाठ्यक्रम अनुसार सन्दर्भ सामग्रीको प्रयोगको अवस्था

पाठ्यक्रम तथा पाठ्यपुस्तकका विषयवस्तुसँग सम्बन्धित रहेर पाठ्यांशलाई अझ थप स्पष्ट पार्नका लागि सहयोग पुऱ्याउने पाठ्य सामग्रीहरुलाई सन्दर्भ सामग्री भनिन्छ । पाठ्यपुस्तकका विषयवस्तुबाट स्पष्ट हुन नसकेका पाठ्यांश तथा विषयवस्तुलाई थप स्पष्ट पारी विद्यार्थीको सिकाइ उपलब्धिमा सकारात्मक प्रभाव पार्ने उद्देश्यका साथ उत्पादन गरिने सहयोगी सामग्रीहरु नै सन्दर्भ सामग्री हुन् । जसले शिक्षक तथा विद्यार्थीहरुलाई थप तयारी

गर्नमा सहयोग पुऱ्याउने, विद्यार्थीको सिकाइ क्षमता वृद्धि गरी सिकाइ उपलब्धि उच्च बनाउन सहयोग गर्ने भएकाले विषय सम्बद्ध विभिन्न रमाइला पाठ्यसामग्रीहरु,इमेल इन्टरनेट,कथा, भू सुचना प्रणली, सामाजिक विषयसँग मिल्ने खालका विभिन्न पुस्तकहरु बाल पत्रिका, पत्रपत्रिका, विभिन्न नक्सा, चित्र, ग्लोब, कार्टुन अन्य श्रव्य दृश्य सामग्रीहरुको प्रयोग सहितको शिक्षण प्रक्रियाले सिकाइ प्रभावकारी हुन्छ ।

सूचना संकलनको क्रममा पाँचैवटा विद्यालयको अवलोकन तथा प्रश्नावलीको आधारमा उपलब्ध तथा प्रयोग भएको पाठ्य तथा सन्दर्भ सामग्री सम्बन्धी तालिकालाई यस प्रकार प्रस्तुत गरिएको छ ।

**तालिका ३ : सन्दर्भ सामाग्रीको प्रयोग अवस्था**

| क.सं. | सामग्री सूची | भएको | नभएको |
|---|---|---|---|
| १ | पाठ्यक्रम , पाठ्यपुस्तकको प्रयोग | ५ | |
| २ | चित्र, नक्सा, ग्लोबको, मोडेलको प्रयोग | ४ | १ |
| ३ | पत्रपत्रिका, पोष्टरको प्रयोग | २ | ३ |
| ४ | पुस्तकालयको व्यवस्था, प्रयोगशालाको व्यवस्था | २ | ३ |
| ५ | बाल पत्रिका प्रयोगको अवस्था | १ | ४ |
| २६ | कक्षा कुना (Book corner) पुस्तकालयको प्रयोग | २ | ३ |
| ७ | बाल साहित्य सम्बन्धी पत्रिकाको प्रयोग | १ | ४ |
| ८ | पत्रिकाको कटिङको प्रयोग | १ | ४ |
| ९ | विभिन्न श्रव्य दृश्य सामग्रीको प्रयोग | २ | ३ |
| १० | स्मार्ट वोर्डको प्रयोग | १ | ४ |

स्रोत : स्थलगत सर्वेक्षण-२०७८

तालिका ३ अनुसार कक्षा शिक्षणमा प्रयोग भएको सन्दर्भ सामाग्रीहरु मध्ये सबै विद्यालयहरुमा पाठ्यक्रम तथा पाठ्यपुस्तकको प्रयोग भएको, ग्लोव, नेपाल, विश्वको नक्सा, एसिया तथा दक्षिण अमेरिकाको नक्सा ४ वटा विद्यालयमा प्रयोग भएको र १ वटा विद्यालयमा नभएको पाइयो । पत्र पत्रिका र पोष्टरको प्रयोग, पत्रिकाको कटिङको प्रयोग २

वटा विद्यालयमा भएको र ३ वटामा नभएको देखियो भने कक्षागत पुस्तकालय, बाल पत्रिका तथा साहित्य सम्बन्धी सामग्रीको प्रयोग १ वटा विद्यालयमा भएको र बाँकी ४ वटामा नभएको पाइयो । श्रव्य दृश्य सामग्रीको प्रयोग २ वटा विद्यालयमा भएको र बाँकी विद्यालयमा नभएको पाइयो । स्मार्टवोर्डको व्यवस्थापन र नियमित प्रयोग भने १ वटा विद्यालयले मात्र गरेको पाइयो । माथि तालिकामा उल्लेख भएको सन्दर्भ सामाग्रीको व्यवस्थापनको अवस्थालाई विश्लेषण गर्दा भएको भन्दा नभएको विद्यालयको अवस्था बढी रहेको पाइयो । उक्त सामग्रीको न्यून व्यवस्थापन हुनको कारणबारे विद्यालय व्यवस्थापन समितिका अध्यक्ष र प्रधानाध्यापकलाई सोधिएको प्रश्नावलीमा शिक्षक दरवन्दी अभावको कारण विद्यालयको नीजि स्रोतबाट शिक्षक व्यवस्थापन गर्नु पर्ने, विद्यालयको नियमित र भरपर्दो आम्दानीको स्रोत नहुनु, विद्यालयमा प्राप्त आम्दानीको ९५ प्रतिशत भन्दा बढी शिक्षक तथा कर्मचारीको तलव भत्तामा खर्च हुने कारणले चाहेर पनि व्यवस्थापन गर्न नसकोको कुरा प्राप्त भयो । सन्दर्भ सामग्रीको व्यवस्थापन र प्रयोगको सन्दर्भमा भावी योजना के छ ? भनि सोधिएको प्रश्नावलीमा अधिकांश विद्यालयले कुनै दातृ निकायको खोजी गरी अत्याधुनिक सामाग्री को व्यवस्थापन गर्ने, यसै शैक्षिक सत्रमा गाउँपालिका, रोटरीक्लव अफ गोरर्खाज लगायतको सस्थाहरुमा स्मार्टवोर्ड, कम्पुटर लगायतको सामग्री सहयोगको लागि प्रपोजल पेस गरेको र उक्त प्रपोजल पास हुने सम्भावना भएको कुरा वताए । अन्य सामग्रीको हकमा गाउँपालिका वा अन्य निकायबाट बजेट माग गरी योजनावद्ध रुपमा व्यवस्थापन गर्ने कुरा समेत प्राप्त भयो । नमुना विद्यालयमा पुस्तकालयको उचित व्यवस्थापन २ वटा विद्यालयमा मात्र भएको र बाँकी विद्यालयमा पुस्तकालय नभएको, साथै उपलब्ध भएका ग्लोव, नक्सा, चार्ट हरु पनि पूराना र प्रयोगविहिन अवस्थामा अव्यवस्थित रुमा भएको अवलोकन सर्भेक्षण बाट देखियो ।

### ४.१.६ शैक्षिक सामग्री प्रयोग र व्यवस्थापनको अवस्था

पाठ्यक्रमले राखेको शैक्षिक उद्देश्ययहरु परिपूर्ति गर्नका लागि विषयवस्तुलाई सरल, आकर्षक, रुचिकर, ज्ञानवर्द्धक तथा मनोरञ्जनात्मक विधिद्वारा शिक्षण सिकाइलाई प्रभवकारी ढंगबाट सञ्चालनका लागि सहयोग पुऱ्याउने श्रव्य, दृश्य तथा श्रव्य दृश्य सबै खालका सामग्रीहरुलाई शैक्षिक सामग्री भन्दछन् । शैक्षिक सामग्रीको माध्यमबाट अमूर्त पाठ्यांशलाई मूर्त रुप दिइ सरल, आकर्षक र मनोरञ्जनपूर्ण बनाउँदै विद्यार्थीको सिकाइ उपलब्धि वृद्धिमा

सहयोग पुग्ने अपेक्षा गरिएको हुन्छ । शिक्षण सिकाइ प्रक्रियालाई रोचक र रुचिपूर्ण बनाउने कार्यमा शैक्षिक सामग्रीले महत्वपूर्ण भूमिका निर्वाह गर्ने हुँदा शिक्षणमा विभिन्न सामग्रीको प्रयोग गर्नु आवश्यक छ ।

विभिन्न शिक्षाविदहरूले शैक्षिक सामग्रीसहीतको सम्प्रेषण र शैक्षिक सामग्रीरहितको सम्प्रेषणले कक्षामा विद्यार्थीहरूले सिक्ने र सम्झने प्रक्रियामा भिन्नता आउने गर्छ भन्दै सुनेका कुरा २०%  देखेको र सुनेको कुरा ५०% र शैक्षिक  सामग्रीको प्रयोग गरेर, काम गरेर सिकेको कुरा ९०% सिक्न र सम्झन सक्छन् भन्ने कुरा समेत औल्याएका छन् त्यसैले के भन्न सकिन्छ भने शैक्षिक सामग्रीले शिक्षण सिकाइमा सक्रियता, सरलता, बोधगम्यता मात्र बनाउने होइन कि सजीवता नै बनाइदिन्छ ।

शैक्षिक सामग्री प्रयोग र व्यवस्थापनको अवस्थालाई स्थलगत अवलोकन तथा अध्ययन गरी प्राप्त सूचनाहरुलाई विश्लेषण गर्दा प्रायजसो सबै विद्यालयमा शैक्षिक सामग्रीको उपलब्धता न्यून मात्रामा छ । हरेक विद्यालयमा नियमित रूपमा प्रयोग गरिने शैक्षिक सामग्रीको रूपमा मार्कर, डस्टर, सेतोपाटी र पाठ्यपुस्तकलाई नै  मुख्य शैक्षिक सामग्रीको रुपमा लिइएको पाइन्छ । परम्परावादी चिन्तन, आर्थिक अभाव र शिक्षक तालिमको अभावका शैक्षिक सामग्री निर्माण र प्रयोगमा उचित वातावरणको अभाव आदि कारणले शैक्षिक सामग्री निर्माण र संकलनमा जोड नदिएको पाइन्छ भने आर्थिक कारणले सम्पन्न भएर पनि वा स्थानीय रूपमा सहजै प्रयोग गर्न वा निर्माण गर्न सकिने कम खर्चका सामग्रीहरू प्रयोग गर्ने तर्फ अधिकाँश विद्यालय र शिक्षकले चासो लिएको पाइएन । तालिम प्राप्त शिक्षकले पनि प्रयोग गर्न सकिने शैक्षिक सामग्रीहरू प्रयोगको अवस्था न्यून रहेको पाइयो ।

शिक्षण सिकाइलाई प्रभावकारी, स्थायी र दीगो बनाउन गाह्रो विषयवस्तुलाई सजिलो तरिकाले प्रस्तुत गर्न विद्यार्थीलाई चाँडै बुझाउन लामो समयसम्म सम्झनामा राख्न कक्षा शिक्षणमा शैक्षिक सामग्रीको बढी भन्दा बढी प्रयोग गर्नुपर्दछ । आर्थिक हिसाबले पछाडि परेका विद्यालयहरूले पनि स्थानीय स्तरमा उपलब्ध हुने र त्यसै खेर गइरहेका सामग्रीलाई प्रयोगमा ल्याउन सकिन्छ । नमुना छनोटमा परेका ५ वटा विद्यालयहरु मध्ये २ वटा विद्यालयमा उपलब्ध भएको इन्टरनेट सुविधाको प्रयोग गरी प्रोजेक्टरबाट समय समयमा श्रव्य दृश्य सामग्रीको प्रयोग गर्ने, नक्सा कार्यमा स्थानीय प्लाइउड लाई नक्साको आकारमा काटेर उपयुक्त रंग र संकेत भरेर नेपालको नक्सा, प्रदेशको नक्सा आदि मोडेल बनाउने र

सोही अनुसार विद्यार्थीलाइ नक्सा निर्माणको अभ्यास गराउने, पाठको प्रकृति अनुसार कार्डवोर्डमा वुँदा, चित्र, चार्ट तयार गरी कक्षामा टाँस गर्ने गरेको पाइयो । बाँकी ३ वटा विद्यालयले शैक्षिक सामग्रीको रुपमा पूराना प्रिन्टेड नक्सा वा ग्लोवको प्रयोग गरेको तर सामाजिक विषयमा कप्यूटर तथा अन्य शिक्षक, विद्यार्थी निर्मित शैक्षिक सामाग्रीको प्रयोग नगरेको पाइयो ।

गाउँपालिकाले पनि शैक्षिक सामग्री निर्माणमा गाउँपालिका स्तरीय कार्यशाला सञ्चालन गरी सामग्री निर्माणका ज्ञान र सीप आदान-प्रदान गर्न सके सबै लाभान्वित हुने देखिन्छ । शैक्षिक सामग्रीको निर्माण र विकासलाई प्रोहत्सान गर्न स्थानीय स्तरमा उपलब्ध हुने सामग्रीको प्रयोग गरी निर्मित  शैक्षिक सामग्री प्रदर्शन गरेर उत्कृष्ट सामग्रीलाई प्रोहत्सान गरी पुरस्कारको व्यवस्था गरेमा सीपको आदानप्रदान हुने र सामग्री निर्माणमा उत्साहको वातावरण सिर्जना हुन्छ ।

अध्ययनका क्रममा विद्यालयमा तालिम प्राप्त वा अप्राप्त दुबै शिक्षकहरूले सामग्री खासै प्रयोग गरेको पाइएन । एकातिर शिक्षकको कार्यभार बढी हुनु अर्कोतिर विद्यालयको तलबमा मात्र भर नपरी अरू काममा पनि संलग्न हुनु पर्ने कारणले गर्दा शैक्षिक सामग्री निर्माण र संकलन गर्न नभ्याइएको शिक्षकहरू बताउँछन् । प्रभावकारी अनुगमन र निरिक्षण व्यवस्था नभएका कारण शैक्षिक सामग्रीको निर्माण र संकलन गर्न चासो राख्ने शिक्षकहरू पनि निरास भएको देखियो ।  कुन शिक्षकले बढी शैक्षिक सामग्री प्रयोग गरेका छन् तिनी शिक्षकलाई पुरस्कृत गर्ने व्यवस्था नभएसम्म शैक्षिक सामग्रीको प्रयोग गर्नु र नगर्नुको कुनै अर्थ नरहेको गुनासो शिक्षकहरूको रहेको छ । विद्यालयमा विद्यार्थीहरूको संख्या बढी र कक्षा समय कम भएको कारणले गर्दा पनि शैक्षिक सामग्रीको प्रभावकारी प्रयोग गर्न सकिएको छैन र आवश्यक शैक्षिक सामग्रीहरू जुटाउन विद्यालयले पनि चासो दिइरहनु पर्ने कुरा बताउँछन् । समय समयमा हरेक शिक्षकहरूलाई तालिममा पठाउने व्यवस्था विद्यालयले मिलाउनु पर्दछ भने तालिममा सिकेका ज्ञान र सीपलाई कक्षाकोठामा प्रयोग गर्ने वातावरण तयार गर्न सम्बन्धित पक्षले ध्यान पुऱ्याउनु पर्दछ । तालिममा सिकेका कुरालाई कक्षाकोठामा प्रयोग गर्दा विद्यार्थीहरूको शैक्षिक उपलब्धि बृद्धि हुने कुरामा कसैको दुईमत देखिदैन ।

### ४.१.७ कक्षाकोठा व्यवस्थापनको अवस्था

कक्षाकोठा भित्र शिक्षण-सिकाइ प्रक्रियालाई प्रभावकारी वनाउन आवश्यक वातावरण मिलाउने कार्यलाई कक्षाकोठा व्यवस्थापन भनिन्छ । कक्षाकोठा व्यवस्थापन अन्तरगत विद्यार्थीहरुलाई सुविधापूर्वक वस्ने व्यवस्था, कक्षाकोठाको सरसफाई,हो-हल्ला, शैक्षिक सामग्रीको प्रयोग गर्ने ठाउँ, कालोपाटीको राम्रो व्यवस्था, उपयुक्त प्रकाशको व्यवस्था, आदि विषयवस्तुहरु पर्दछन् । कक्षाकोठा व्यवस्थापनका लागि विद्यालय , शिक्षक, प्रधानाध्यापक र व्यवस्थापन समिति सवैको दायित्व उत्तिकै हुन्छ । त्यसमा पनि शिक्षकले कक्षाकोठा व्यवस्थापन मिलाउन महत्वपूर्ण भूमिका निर्वाह गर्नु पर्दछ भन्ने कुरा जनप्रदिप मा.वि.का प्रधानाध्यापकको भनाइ रहेको पाइयो ।

कक्षाकोठा भित्र गरिने सबै खाले शिक्षण सिकाइका प्रक्रियालाई बालकेन्द्रित, उद्देश्यमूलक व्यवहारिक बनाउन कक्षाकोठाको वातावरणलाई भौतिक, सामाजिक, शैक्षणिक तथा मनोवैज्ञानिक रुपबाट विद्यार्थीको अनुकूल बनाउनु पर्दछ । कक्षाकोठा व्यवस्थापनलाई जति धेरै उपयुक्त बनाउन सकियो त्यति नै धेरै सिकाइ क्रियाकलाप प्रभावकारी बन्न सक्छ । जसरी दिन भरिको थकान र दु:ख घरमा आएपछि बिर्सिने खालको आरामदायी वातावरण घरमा अपेक्षा गरिन्छ त्यसैगरी कक्षाकोठा विद्यार्थीहरुका लागि रमाइलो, आकर्षक, व्यवस्थित र पारिवारिक बनाउन सकिएमा विद्यार्थी लामो समय सम्म कक्षा कोठामा रहने जसले विद्यार्थीको सक्रियता तथा सिकाइ उपलब्धिमा सकारात्मक प्रभाव पर्दछ । उपयुक्त सिकाइ वातावरणका लागि कक्षाकोठा सफा, आकर्षक, सुविधाजनक र सिकाइ उन्मुख भएमा मात्र सिकाइ क्रियाकलाप सहज बन्न गई उपलब्धि हासिल गर्न मद्दत मिल्छ ।

यस अध्ययनको क्रममा विद्यालयगत अवलोकनबाट प्राप्त भएका तथ्यहरुलाई अनूसुची ९ मा राखिएको छ । अनूसूची ९ को तालिका अनुसार नमुनामा छनौट गरिएका अधिकांश विद्यालयको भवनको अवस्था पक्की भएपनि मर्मत सम्हार गर्नु पर्ने देखिन्छ । ५ वटा विद्यालय मध्ये २ वटा विद्यालयमा भुकम्प प्रतिरोधात्मक आधुनिक भवनमा कक्षा सञ्चालन भएको पाइयो भने अन्य विद्यालयमा पक्की भएपनि पूरानो खालका रंग रोगन गर्नुपर्ने अवस्थाका, जमिनमा खाल्डो परेका, धुलो उडने खालका झ्याल ढोका नसजिएको अवस्थामा पाइयो । भवनको लम्वाइ चौडाइ भने विद्यार्थी अनुपातमा पर्याप्त देखिन्छ । हावादार कोठा, प्रकाशको पर्याप्तता भएका र शैक्षिक क्रियाकलाप गर्न पर्याप्त ठाउँभएको देखिन्छन ।

फर्निचरको अवस्था  भने विद्यार्थी सँख्याको आधारमा प्रयाप्त भएको पाइयो । अधिकांश विद्यालयमा फलामको फ्रेम भएका डेक्स र वेञ्च एकैठाउँमा जोडेर निर्माण भएका पूराना खालका देखिन्छन । २ वटा विद्यालयमा फलामको फ्रेम भएका जसमा प्लाइउडमा सनमाइकाको प्रयोग गरी निर्माण गरिएका, डेक्स र वेञ्च अलग अलग निर्माण भएका फर्निचर रहेको देखियो । विद्यार्थी बसाइ व्यवस्थापन २ वटा विद्यालयमा उत्तम, २ वटा विद्यालयमा मध्यम रहेको र १ वटा विद्यालयमा कामचलाउ रहेको पाइयो ।

शैक्षिक सामाग्रीको उपयुक्त र व्यवस्थापन अधिकांश विद्यालयमा  मध्यम र काम चलाउ रहेको, मिश्रित वसाइ व्यवस्थापन ३ वटा विद्यालयले उत्तम खालको गरेका , सिकाइ क्रियाकलापमा विद्यार्थी सहभागितामा २ वटा विद्यालयले उत्तम खालको र २ वटाले मध्यम खालको गरेको पाइयो यसै गरी अभिलेख व्यवस्थापन, वुक कर्नर, कक्षा खानेपानी, नियमित सरसफाइ, जव चार्ट, पास कार्डको व्यवस्था, प्रतिवेदन प्रस्तुत, नियमित उपस्थिति, आँचार संहिता, परियोजना कार्य लगायतको व्यवस्थापनको अवस्था विश्लेषण गर्दा ४ वटा विद्यालयमा मध्यम खालको वा काम चलाउ अवस्थामा मात्र भएको पाइयो ।

अनुसन्धानकर्ता प्रद्युम्न पनेरु मा.वि.मा पुगी उक्त विद्यालयका सामाजिक शिक्षकलाई कक्षा कोठा व्यवस्थापन कसरी हुदै आएको छ भनि राखिएको प्रश्नावलीमा उनको भनाइ अनुसार निज शिक्षक कक्षा १० को कक्षा शिक्षक भएको, शैक्षिक सत्रको सुरुमा विद्यार्थीहरुसँग छलफल गरेर कक्षा व्यवस्थापनको लागि विभिन्न समिति जस्तै अनुसाशन, सरसफाइ, अनुगमन, खानेपानी, कक्षा व्यवस्थापक, सचेतक आदि समिति गठन गरेको, विद्यार्थीहरुको सल्लाहमा विद्यार्थी आचार सहींता निर्माण गरी अनुसाशन भंग गर्ने विद्यार्थीलाई जरिवाना तोकिएको, विद्यार्थीको रोलक्रम अनुसार ६ वटा वार (आइत वार देखि शुक्रवार) सम्म जव चार्ट अनुसार  रोल नंम्वरको आधारमा पालो आउने विद्यार्थीले उक्त दिनको खानेपानी, फर्नीचर मिलाउने, सरसफाइ, झ्याल ढोका खोल्ने वा वन्द गर्ने, प्राथनामा ड्रेस तथा हाइजिन हेर्ने, सबै कक्षाको प्राथना सञ्चालन गर्ने, कक्षा १० कै अगुवाइमा विद्यालय हाताभित्र भएका पलाष्टिक वा कागज सफा गर्ने वा गर्न लगाउने, कक्षामा पहिलो घण्टीको शुरुमा अधिल्लो दिनको प्रतिवेदन पालो अनुसार सुनाउने, विद्यार्थी लगवुक नियमित भरेर गोप्यरुपमा प्रधानाध्यापकलाई पेश गर्नेजस्ता गतिविधिहरु सञ्चालन गदै आएको पाइयो ।

यसैगरी कक्षा बाहिर जादा पासकार्ड भिरेर पालै पालो जाने ५ जनाको समूह वनाएर पालै पालो घरबाट वनाएर ल्याएका खाजा मध्यन्तरमा कक्षा भित्र बसेर बाडेर खाने, कक्षाका विद्यार्थीको जन्म उत्सवमा पहिलो घण्टीमा सानो कार्यक्रम गरी प्रधानाध्यापक, वा वि.व्य.स. का कुनै पदाधिकारीलाई प्रमुख अतिथिको रुपमा निमन्त्रणा गरी शुभकामना आदान प्रदान गर्ने र सम्बन्धित जन्मोत्सव हुने विद्यार्थीले विद्यालयलाई कुनै पुस्तक वा उपहार हस्तान्तरण गर्ने साथै उक्त विद्यार्थीलाई कक्षाको तर्फबाट मायाको चिनो प्रदान गर्ने,प्रत्येक महिनाको मशान्तरमा पहिलो पिरियडमा एक कार्यक्रम गरी महिना भरी उठेको जरिवाना वा अन्य स्रोतबाट प्राप्त शुल्कबाट पुरस्कार खरिद गरी अनुसाशन, नेतृत्व, समाजसेवा, सहयोग लगायतका विधाहरुमा तोकीएको कार्य विधिको आधारमा छनोटमा परेका विद्यार्थीहरुलाई पुरस्कार वितरण गर्ने, शिक्षक तथा विद्यार्थी निर्मित शैक्षिक सामग्री व्यवस्थित रुपमा कक्षाको पर्खालमा मिलाएर टाँस गर्ने, कक्षामा शिक्षक उपस्थित नभएको समयमा वुक कर्नरमा रहेका सन्दर्भ सामग्री वा कोर्षका पुस्तक अध्ययन गर्ने अथवा कक्षामा कुनै वौद्धिक प्रतियोगिता गर्ने आदि अभ्यास गरेको बताए ।

यसैगरी प्रद्युम्न पनेरु मा.वि.का प्रधानाध्यापकलाई विद्यालयको कक्षा व्यवस्थाको अवस्था बारे राखिएको प्रश्नावलीमा वि.व्य.स. वैठकमा कक्षा व्यवस्थापन प्रभावकारी तरिकाले गर्ने र उक्त व्यवस्थापनको लागि आवश्यक बजेट विद्यालयले उपलब्ध गराउने निर्णय भएको, सोही निर्णय बमोजिम शिक्षक स्टाफ बैठकमा कक्षा शिक्षकले आवश्यक योजना बनाएर कक्षा व्यवस्थापन प्रभावकारी रुपमा गर्ने निर्णय भएको सोही अनुसार कतिपय शिक्षकहरुले व्यवस्थापनको पर्यास नगरेका, कतिपय शिक्षकले शुरुवात गरेका थिए भने कक्षा १० का शिक्षकले भने आवश्यक योजना बनाएर प्रधानाध्यापक र अन्य शिक्षक, विद्यार्थीको सहयोगमा योजनावद्ध रुपमा व्यवस्थापनलाई अगाडि बढाउनु भएको छ ।

कक्षालाई चाहिने आवश्यक शैक्षिक सामग्रीको प्रयोगको अवस्था हेर्दा रु.२० हजार मूल्य बरावरका पुस्तकहरु कक्षा १० को लागि मात्र कक्षामा छुट्टै व्यवस्थापन गरिएको छ । उक्त पुस्तकालयको व्यवस्थापन र प्रयोगको लागि कक्षाले आफ्नै कार्यविधि बनाएर प्रयोग गरेको छ । कक्षा १० विद्यालयकै नमुना बनेको छ । कक्षा व्यवस्थापनको प्रभावले विद्यार्थीहरु नियमित कक्षामा आउने र पठनपाठनमा नै तल्लीनहुने वातावरण मिलेको छ । अन्य कक्षाको तुलनामा कक्षा १० मा कुनै पनि व्यक्ति प्रवेश गर्दा कुनै सङ्ग्राहलयमा प्रवेश

गरेको अनुभव गर्दछ । विद्यार्थीहरुले स्थानिय स्तरमा खेर गएका कार्टुन, पलास्टिक, वोटल, काठ लगायतका सामग्रीबाट विभिन्न ठोस शैक्षिक सामाग्री निर्माण गरी कक्षामा आकर्षकरुपमा सजाएका छन । भने कक्षा शिक्षकले प्लाइ उड, फर्माकोल आदिबाट नेपाल, प्रदेशका नक्साका मोडेल निर्माण गर्ने, ज्यामितीय औजारहरु, प्लाइ उडमा नै कक्षागत विवरणको स्तम्भ चित्र, मन्दिर, राष्ट्रिय झण्डा आदि ठोस समग्री निर्माण गरी कक्षामा टाँस गरिएको छ । कक्षा १० जस्तै गरी अन्य कक्षाहरुलाई पनि व्यवस्थापन गर्ने योजनामा वि.व्य.स. ले पनि सम्पूर्ण शिक्षक र अगुवा विद्यार्थीहरुको भेला गराइ कक्षा व्यवस्थपन समिति निर्माण गरेको, कक्षा शिक्षकले आवश्यक महशुस गरेको शैक्षिक सामग्री ५० हजार मूल्य बरावरको शिक्षक आफैले खरिद गरी विल भरर्पाइ पेस गर्न सक्ने गरी समितिमा निर्णय गरेको, कक्षा व्यवस्थापनलाइ प्रोत्साहन गर्न समय समयमा प्रअ र विव्यसले अनुगमन गरेको, विगतको तुलनामा सुधार भए पनि अन्य कक्षाहरुमा अपेक्षा गरेअनसार नभएको बताए ।

अनुसन्धानकर्ता स्वयंम् विद्यालयमा उपस्थित भई कक्षा व्यवस्थापनको अवलोकन गर्दा अन्य विद्यालयको तुलनामा उक्त विद्यालय व्यवस्थित भएको पाइयो । कक्षा १० को अवलोकन गर्दा प्रवेशद्धारमा नै सरस्वतीको आकर्षक फोटो टाँस गरिएको र अग्रेजीमा "Wellcome To Class Ten"भनि प्लाइ उडमा काठका टुक्राहरुलाई अँग्रेजी अक्षरमा काटेर उपयुक्त रंग भरी आकर्षक तरिकाले निर्माण गरिएको , भित्र कक्षामा प्रवेश गर्दा विभिन्न रङको कागजमा सामाजिक, विज्ञान, अँग्रेजी, नेपाली, गणित लगायतका विद्यार्थी तथा शिक्षक निर्मित सामग्री विषयगत रुपमा मिलाएर प्रदर्शन गरिएको, काठले निर्माण गरिएको आकर्षक मन्दिरमा सरस्वतीको फोटो अगाडि नियमित जल फेरेर धुप बत्ती बालेको, नेपालको नक्सा, प्रदेशको नक्सा, राष्ट्रिय झण्डा लगायतका प्लाइउड तथा काठबाट निर्माण गरी उपयुक्त रंग भरेका आकर्षक ठोस सामग्रीहरु व्यवस्थित रुपमा सजाइएको, कक्षाको बुक कर्नरमा बाहिरै क्याटलक सहितको दर्ता गरिएका पुस्तक र सन्दर्भ सामग्रीसहीतको र्‍याकमा पुस्तकालयको व्यवस्था गरिएको, फर्नीचर उपयुक्त व्यवस्थापन गरिएको भुकम्प प्रतिरोधात्मक,अपाङ्ग मैत्री भवनमा व्यवस्थित भएको पाइयो । अन्य कक्षामा पनि विद्यार्थी आचार संहिता, विभिन्न सामग्री प्रदर्शन र व्यवस्थापन भएको अवलोकनको क्रममा देखिन आयो ।

### ४.१.८ शिक्षण विधि प्रयोग र पाठ्यक्रम कार्यन्वयन अवस्था

पाठ्यक्रमको निर्दिष्ट उद्देश्य प्राप्त गर्नका लागि शिक्षण सिकाइ कार्यमा प्रयोग हुने क्रियाकलाप वा तरिकालाई शिक्षण विधि भनिन्छ । विषयवस्तुलाई सिकारुले ग्रहण गर्न योग्य बनाउने तरिका नै शिक्षण विधि हो । शिक्षण कार्यमा अपनाइने सम्पूर्ण क्रियाकलापलाई शिक्षण सिकाइ प्रक्रिया भन्ने गरिए तापनि वर्तमानमा यसलाई शिक्षण सिकाइ सहजीकरण भनिएको पाइन्छ । वर्तमान पाठ्यक्रमले सहजीकरणलाई सिकाइ गर्ने कार्य सिकारु स्वयंमले गर्ने हो र त्यसका लागि शिक्षकले उपयुक्त वातावरण सिर्जना गरी सिकाइ कार्यलाई सवलीकरण गर्नुपर्ने मान्यता उल्लेख गरेको छ । शिक्षक, विद्यार्थी, शैक्षिक सामग्री, शैक्षिक वातावरण, शिक्षण विधि र पाठ्यक्रम एवम् विषयवस्तु बिच हुने अन्तरक्रिया नै शिक्षण सिकाइ भएकाले शिक्षकले विद्यार्थीको सिकाइका लागि आवश्यक वातावरण सृजना गरी सिक्नका लागि सहयोग र सहायता पुऱ्याउन विभिन्न विधिहरुको प्रयोग गर्नुपर्दछ । जसको माध्यमबाट विद्यार्थीले गरेर सिक्ने अनुभव गरेर सिक्ने र व्यवहारमा उतार्न सिकाउने अवसर प्रदान गर्दछन् ।

सामाजिक अध्ययन पाठ्यक्रममा विभिन्न नौओटा क्षेत्रलाई समेटेर एकीकृत रुपमा तयार गरिएको छ । यसमा उल्लेख गरिका विषयवस्तुहरुको अध्ययन गराउँदा सबै क्षेत्रलाई समान महत्व दिनुपर्ने हुन्छ । सामाजिक अध्ययनमा विद्यार्थीहरुले कथा, कविता, नाटक समाचार, चिठी, सम्पादकीय, गीत, प्रतिवेदन, रेखाचित्र, वृत्त चित्र, तालिका, तस्बिर, नक्सा जस्ता सिर्जनशील विधाहरुमार्फत भाव अभिव्यक्त गरुन र त्यस्ता कुरामा सिर्जनात्मक सीपको समेत विकास होस् भन्ने लक्ष्य राखेको छ । विद्यार्थीहरुलाई गर र सिक भन्ने धारणाको विकास गराउनु र विद्यार्थीहरुमा व्यवहारिक परिवर्तन ल्याउनुनै सामाजिक अध्ययनको मूल लक्ष्य भएकोले विभिन्न शिक्षण विधिको प्रयोग गर्न सक्छ । सामाजिक अध्ययन विषयमा प्रयोग गर्न सकिने प्रचलनमा रहेका विधिहरुमा प्रश्नोत्तर विधि, प्रदर्शन विधि, समस्या समाधान विधि, छलफल विधि, अवलोकन विधि, खोज तथा आन्वेषण विधि, अभिनय विधि, परियोजना विधि, प्रयोगात्मक विधि, क्षेत्र भ्रमण विधि, आगमन विधि व्याख्यान विधि, प्रयोगात्मक विधि आदि विधिहरु प्रयोगमा ल्याउन सकिन्छ । यसका अतिरिक्त स्थानीय परिवेश, विषयवस्तुको प्रकृति, विद्यार्थीको स्तर, चाहना आवश्यकता, क्षमताको आधारमा जुनसुकै विधिको प्रयोग गर्न सकिन्छ ।

तीब्र गतिमा परिवर्तन भइरहेको आजको विश्वमा सिकाइका विषयवस्तु साथै सिकाइ विधि र तरिका तथा त्यससम्वन्धी मान्यता पनि परिवर्तन भईरहने हुँदा शिक्षकको भूमिका पनि सो अनुसार परिवर्तन हुन्छ । परिवर्तित भूमिका निर्वाह गर्नकोलागि शिक्षकले आफुलाई पनि परिवर्तन र अद्यावधिक गर्न जरुरी छ । शिक्षण विधि तथा प्रक्रियाका परिवर्तित मान्यता अनुरूप सिकाइ प्रक्रियामा सहयोग गरी विद्यार्थीहरूमा उपरोक्त ज्ञान, सीप, क्षमता, अभिवृत्तिको विकास गर्न  शिक्षकले निम्न बमोजिम भूमिका निर्बाह गर्नु पर्छ :

**सूचना प्रवाहकर्ता :**

विद्यार्थीको सिकाइमा सहयोग गर्न शिक्षकले सूचना प्रवाहकर्ताको भूमिका निर्वाह गर्नु पर्छ । यसको निम्ति उसले निरन्तर अध्ययन तथा सूचना तथा सञ्चार प्रविधिको उपयोगबाट आफूलाई अद्यावधिक गरिरहनु पर्दछ ।

**सहजकर्ता :**

शिक्षकले विद्यार्थीको सिकाइमा सहजकर्ताको भूमिका निर्वाह गर्नु पर्छ । सहजकर्ताको भूमिका निर्वाह गर्न उसमा विषयवस्तुको ज्ञानको साथै कक्षा व्यवस्थापन, सिकाइ विधि तथा रणनीतिहरू, सिकाइ सामग्री सङ्कलन, निर्माण र प्रयोग तथा सहजीकरण सम्बन्धी राम्रो ज्ञान र सिप  हुनु जरुरी छ ।

**परामर्शदाता :**

विद्यार्थीको उज्जवल भविष्यको लागि शिक्षकले एउटा अनुभवी र विश्वासिलो परामर्शदाता वा पथप्रर्दशकको भूमिका निभाउनु पर्छ ।

**सह–सिकारु :**

शिक्षकले विद्यार्थीलाई सिक्न सहयोग वा सहजीकरण गर्ने मात्र नभएर विद्यार्थीसँग सहकार्य गरी अनुभव आदान प्रदानबाट सह– सिकारुको रूपमा आफूले पनि थुप्रै कुराहरू सिक्नुपर्छ ।

**अनुकरणीय व्यक्तित्व :**

शिक्षकले आफ्नो पेसागत विकास, शिक्षण सिकाइ तथा सामाजिक व्यवहारमा सकारात्मक सन्देश दिने खालका क्रियाकलाप गरी अनुकरणीय व्यक्तित्वको भूमिका निर्वाह गर्नुपर्छ ।

**उत्प्रेरक :**

सिकाइको लागि उत्प्रेरणा अति आवश्यक भएकोले विद्यार्थीको सिकाइ प्रवर्धनको लागि शिक्षकले उत्प्रेरकको भूमिका निर्वाह गर्नुपर्छ ।

**मूल्याङ्कनकर्ता :**

पाठ्यक्रम विकास र परिमार्जनमा सहयोग गर्न पाठ्यक्रम मूल्याङ्कनकर्ताको रूपमा र विद्यार्थीको सिकाइ सुधारमा सहयोग गर्न तथा स्तर निर्धारण गरी निर्णय लिन विद्यार्थी मूल्याङ्कनकर्ताको रूपमा पनि शिक्षकको भूमिका रहन्छ ।

**स्रोत विकासकर्ता :**

स्रोत विकासकर्ताको रूपमा शिक्षकले सिकाइमा सहयोग गर्ने स्रोत सामग्रीको विकास तथा अध्ययन निर्देशिका उत्पादन गर्नु पर्दछ ।

**योजनाकार :**

योजनाकारको रूपमा शिक्षकले पाठ्यक्रम अनुसार सिकाइको लागि आवश्यक योजना बनाउनु पर्छ ।

**सङ्गठनकर्ता :**

सङ्गठनकर्ताको रूपमा शिक्षकले सिकाइका विषयवस्तुहरूको क्षेत्र तथा क्रम मिलाएर सङ्गठित गर्नुपर्छ ।

**अनुसन्धाता :**

अनुसन्धाताका रूपमा शिक्षकले आफ्नो अभ्यासमा सुधार गर्न, शिक्षण सिकाइका विधि र रणनीतिमा सुधार वा परिवर्तन गर्न तथा शिक्षण सिकाइको क्रममा आफूले भोग्नु परेका समस्याहरू समाधान गर्न निरन्तर कार्यमूलक अनुसन्धान गर्नु पर्छ ।

माथि उल्लेखित शिक्षकको भूमिका निर्वाह गर्ने क्रममा नमुना छनोटमा परेका ५ वटा विद्यालयहरु मध्ये २ वटा विद्यालयले पूर्णरुपमा आफ्नो भूमिका निर्वाह गरेको, २ वटा विद्यालयले मध्यमरुपमा भूमिका निर्वाह गरेको र बाँकी १ वटा विद्यालयको भूमिका भने न्यून रहको पाइयो । शिक्षकले निर्वाह गर्नुपर्ने भूमिका पूरा नगरेका विद्यालयलाई भूमिका निर्वाह न गर्नुका कारणबारे राखिएको जिज्ञाशामा सामाजिक विषय शिक्षक तालिम अप्राप्त भएको, भर्खरै नियुक्ति भएको कारण शिक्षकले निर्वाह गर्नुपर्ने भूमिकाको बारेमा अनभिज्ञरहेको र विस्तारै सबैकुरा सिक्दै र अगाडि वढाउदै जाने कुरा प्राप्त भयो ।

सामाजिक अध्ययन विषयको पाठ्यक्रममा कस्ता कस्ता शिक्षण विधिको व्यवस्था गरिएको छ भनी प्रद्युम्न पनेरु मा.वि. का शिक्षकलाई सोधिएको प्रश्नावलीमा प्राप्त उत्तरको विश्लेषण गर्दा सामाजिक अध्ययन विषय पाठ्यक्रममा व्यवस्था गरिएका शिक्षण विधिहरुमा प्रश्नोत्तर विधि, प्रदर्शन विधि, समस्या समाधान विधि, छलफल विधि, अवलोकन विधि, खोज तथा आन्वेषण विधि, अभिनय विधि, परियोजना विधि, प्रयोगात्मक विधि, क्षेत्र भ्रमण विधि, आगमन विधि, व्याख्यान विधि, क्षेत्र भ्रमण विधि आदि विधिहरुको व्यवस्था गरिएको कुरा बताए । उनी अगाडि भन्छन "यसका अतिरिक्त स्थानीय परिवेश, विषयवस्तुको प्रकृति, विद्यार्थीको स्तर, चाहना आवश्यकता, क्षमताको आधारमा जुनसुकै विधिको प्रयोग गर्न सकिन्छ ।"

यसै गरी शिक्षणको क्रममा तपाईले कुन एकाइमा कुन कुन विधिको प्रयोग गर्न सक्नुहुन्छ भनि सोधिएको प्रश्नावलीमा उनको प्रतिक्रिया अनुसार एकाइ १र २ को हामी र हाम्रो समाज र विकासका पूर्वाधार अन्तर्गतका पाठहरुमा छलफल, प्रदर्शन, क्षेत्रभ्रमण, व्याख्यान, प्रश्नोत्तर, परियोजना कार्य, खोज आदि विधि अपनाउन सकिने, जसमा कक्षा ९ को समाजको विकास, समाजका प्रकार, असल समाजका तत्वहरु, सामाजिकीकरण आदि विषयमा खोज प्रदर्शन, छलफल विधिको बढी प्रयोग गर्ने गरेको, यसै गरी कक्षा १० को एकाइ १ र २ अन्तर्गतका विषयवस्तुहरु जस्तै मानव विकास, सुचक, क्षेत्रीय विकास र प्रदेश जस्ता विषय वस्तुमा पनि कक्षा ९ मा प्रयोगभएका विधिको अतिरिक्त परियोजना विधिको प्रयोग गर्ने गरेको पाइयो ।

एकाइ २ मा विकास र विकासका पूर्वाधार अन्तर्गतका विषयवस्तु जस्तै विकासको अवधारणा, विकासका पूर्व सर्तहरु, विकासका पूर्वाधारहरु, परम्परागत ज्ञान सीप, नेपालमा सञ्चालित योजना, स्थानीय तहमा विकास प्रस्तावना जस्ता विषयवस्तुहरुमा एकाइ १ मा प्रयोग गरिने विधिका अतिरिक्त क्षेत्र भ्रमण, सामुदायिक कार्य, खोज तथा आन्वेषण जस्ता विधिको प्रयोग गर्न सकिने । एकाइ ३ र ४मा समावेश भएका विषयवस्तुहरु जस्तै : परम्परागत कला, राष्ट्रिय सम्पदा, विश्व बन्धुत्व, सामाजिक समस्या पहिचान र समाधान, स्थानीय तथा अन्तर्राष्ट्रिय सँघ संस्था भ्रष्टाचार, सामाजिक समस्या समाधान तथा सीप जस्ता विषय वस्तुमा एकाइ १ र २ मा उल्लेखित विधिहरु नै प्रयोग गर्ने गरेको पाइयो ।

एकाइ ५ को नागरिक चेतना भन्ने पाठमासंविधान, सम्बैधानिक विकास क्रम, मौलिकहक, शुसाशन, शान्ती, राष्ट्रिय सरोकारका विषयहरु, व्यावस्थापिका, कार्यपालिका, न्याय पालिका, सम्बैधानिक आयोग,राजनीतिक दलहरु, निर्वाचन, नागरिकको भूमिका आदि विषयवस्तुमा

अन्य इकाईहरुमा उल्लेख भएका विषयवस्तुका अतिरक्त व्याख्यान, समस्या समाधान, आगमन, खोज समस्यासमाधान आदि विधिको प्रयोग गरेको पाइयो ।

एकाइ ६ अन्तर्गतको हाम्रो पृथ्वीमा समावेश भएका विषयवस्तुहरु अक्षांश, देशान्तर , नेपालको धरातलीय स्वरुम, विविधता, विभिन्न महादेशको भौगोलिक वनावट र सामाजिक जनजीवन, विश्वका हावापानी, प्राकृतिक प्रकोप आदि विषय वस्तुहरुमा अन्य इकाईमा समावेश भएको विषयवस्तुको अतिक्ति मुख्य गरी क्षेत्र भ्रमण, अवलोकन, सर्भेक्षण,परियोजना, प्रयोगात्मक, इन्टनेट मार्फत खोज विधिको प्रयोग गर्ने गरेको पाइयो । एकाई ७ हाम्रो विगत अन्तर्गतका विषयवस्तुमा ऐतिासिक स्रोत, नेपालको एकीकरण, राणशासनको उदय र अन्त्य, २००७ साल देखि हाल सम्मका राजनीतिक घटना क्रम र प्रभाव, विश्वयुद्धका कारण र परिणाम, आदिमा व्याख्यान , प्रदर्शन, छलफल, खोज, परियोजना आदि विधिको प्रयोग गरेको पाइयो ।

एकाइ ८ अन्तर्गतका विषय वस्तुहरु जस्तै कृषि, उद्योग, व्यापार, उद्यमशीलता, पर्यटन उद्योग, वैदेशक व्यापपार, राजस्व, उपभोक्ता अधिकार आदिमा पनि छलफल, प्रदर्शन, भ्रमण आदि विधिको प्रयोग भएको पाइयो । एकाइ ९ को अन्तर्राष्ट्रिय सम्वन्ध र सहयोगका विषयवस्तुहरु दातृ संस्थाहरु, अन्तर्राष्ट्रिय शान्ति, कुटनीतिक नियोग, संयुक्त राष्ट्रसंघ, समसामयिक घटना र तिनको प्रभाव, विश्वव्यापीकरण तथा स्थानीकरण जस्ता विषयवस्तुमा माथि उल्लेख गरिएका विधिहरु नै प्रयोग गरेको पाइयो ।

सोही प्रश्नको उत्तरमा अन्य  तीन विद्यालयका शिक्षकहरुबाट पनि प्रद्युम्न पनेरु मा.वि.का सामाजिक शिक्षकको उत्तरसँग मिल्दो जुल्दो प्रतिक्रिया प्राप्त भयो भने एक विद्यालयका शिक्षकबाट भने अधिकाँश विषयवस्तुमा पाठ्यपुस्तकको आधारमा राम्रोसँग व्याख्या गरिदिने र भूगोल खण्डमा भने बजारमा उपलब्ध हुने प्रिन्टेट नक्सा प्रदर्शन गरी नक्सा र ग्लोवको आधारमा शिक्षण गर्ने कुरा प्राप्त भयो ।

**४.१.९ प्रधानाध्यापक र विद्यार्थीसँग छलफलको आधारमा शिक्षणविधिको अवस्था**यस अध्ययनको क्रममा नमुना छनोट परेका विद्यालयको स्थलगत अवलोकन, प्रधानाध्यापकहरुसँगको छलफल तथा विद्यार्थीहरुसँगको कुराकानीका आधारमा शिक्षण सिकाइका क्रियाकलापको विवरण  तालिका ३ मा प्रस्तुत गरिएको छ ।

**तालिका ४ : सिकाइ क्रियाकलाप**

| क.सं. | सिकाइ क्रियाकलाप | भएको | नभएको |
|---|---|---|---|
| १ | सिकाइको लागि शिक्षकको व्यवहार | ४ | १ |
| २ | शैक्षिक सामग्रीको प्रयोगको अवस्था | ३ | २ |
| ३ | सिकाइमा सबै विद्यार्थीको समान सहभागिता | २ | ३ |
| ४ | कक्षाकार्यको अवसर | ३ | २ |
| ५ | समसामयिक विषयवस्तुको प्रकृति | २ | ३ |
| ६ | आधुनिक प्रविधिमा आधारित सिकाइ | २ | ३ |
| ७ | बालमनोविज्ञानमा आधारित सिकाइ वातावरण | २ | ३ |

स्रोत : स्थलगत सर्वेक्षण-२०७८

माथिको तालिका विश्लेषण गर्दा शिक्षण सिकाइ क्रियाकलापमा विद्यार्थीहरु प्रतिको शिक्षकको व्यवहार सबै विद्यालयको विषय शिक्षकहरुको राम्रो पाइयो । सामग्रीको मात्रा थोरै भए पनि उपयुक्त समय र सन्दर्भमा प्रयोग भएको अवलोकनबाट देखियो । सिकाइको अवसर सबैलाई भए पनि सिपालु विद्यार्थीहरुको बढी सक्रियता देखियो भने कमजोर विद्यार्थीहरु निस्कृिय नै रहेको पाइयो । कक्षाकार्य प्रदान गर्दा सिपालु विद्यार्थीहरुले छिट्टै सक्ने र सक्रिय भए पनि अन्य विद्यार्थीहरु अलमलमा परेको जस्तो देखियो ।

### ४.१.१० कक्षा शिक्षणमा सूचना तथा सञ्चार प्रविधिको प्रयोगको अवस्था

सामाजिक अध्ययन विषय व्यवहारिक जीवनमा आधारित बहुक्षेत्र समेटिएको विषय हो । कतिपय विषयवस्तु रोचक, जिज्ञासायुक्त छन् भने कतिपय विषयवस्तुले सिकाइलाई नै निरुत्साही बनाउने प्रकृतिका पनि छन् तर ती सबै विषयवस्तुको ज्ञान हासिल गर्नु अनिवार्य र महत्वपूर्ण हुन्छ । यी र यस्तै विषयवस्तुलाई कक्षा कोठामा व्यवस्थित, स्तरीय र प्रभावकारी रुपमा प्रस्तुत गर्नुपर्ने हुन्छ । अत विभिन्न विषयवस्तुलाई सिकाइ क्रियाकलापमा सूचना तथा सञ्चार प्रविधिसँग सम्बन्धित सामग्री उपकरणको प्रयोगले आकर्षक, रोचक र प्रभावकारी बनाउँछ । कक्षाकोठाको शिक्षणमा कम्प्युटर तथा कम्प्युटरसँग सम्बन्धित विद्युतीय उपकरण र सञ्चारका साधनहरुको संयुक्त रुपलाई सूचना तथा सञ्चार प्रविधि भनिन्छ । कम्प्युटर,स्मार्टबोर्ड, इमेल, इन्टरनेट, रेडियो, टेलिभिजन, प्रोजेक्टर, डिजिटल

क्यामेरा, भिडियो, सिडी तथा डिभिडि, मोवाइल जस्ता विद्युतीय उपकरणहरुको प्रयोग गर्दै गरिने शिक्षण कार्य नै शिक्षणमा प्रविधिको प्रयोग हो । शिक्षणमा यस्ता प्रविधिको उपयोगले सिकाइलाई प्रभावकारी र दिगो बनाउने नविनतम ज्ञान तथा सूचनामा पहुँच वृद्धि गर्ने हुँदा प्रविधियुक्त सिकाइले विषयवस्तुप्रतिको आकर्षण समेत बढाउँछ ।

यस अध्ययनका लागि विद्यालयगत अध्ययन तथा अवलोकनमा उपलब्ध भएका सूचना तथा सञ्चार प्रविधिको अवस्थालाई यसप्रकार उल्लेख गर्न सकिन्छ ।

**तालिका ५ : सूचना तथा सञ्चार प्रविधि विवरण**

| क.सं. | प्रविधि विवरण | उपलबध भएको विद्यालय संख्या | उपलबध नभएको विद्यालय संख्या |
|---|---|---|---|
| १ | विद्युत सेवा | ५ | – |
| २ | कम्प्युटर, प्रिन्टर | ५ | – |
| ३ | इन्टरनेट सेवा | ५ | – |
| ४ | टेलिभिनजको | २ | ३ |
| ५ | प्रोजेक्टरको | २ | ३ |
| ६ | डिजिटल क्यामेरा | ० | ५ |
| ७ | रेडियो/टेपरेकर्डर | ५ | – |
| ८ | भिडियोहरु | १ | ४ |
| ९ | सि.डि., डि.भि.डि | ३ | २ |
| १० | मोबाइल फोनको प्रयोग | ५ | – |
| ११ | स्मार्टबोर्ड | २ | ३ |

स्रोत : स्थलगत सर्वेक्षण-२०७८

माथिको तालिका ५ लाई विश्लेषण गर्दा अध्ययनमा छनोट भएको सबै विद्यालयहरुमा विद्युत सेवा उपलब्ध भएको प्रति विद्यालय औसत वीसवटा कम्प्युटर उपलब्ध भएपनि यसको व्यवहारिक प्रयोग भएको पाइएन । इन्टरनेट, टेलिभिजन तथा डिजिटल क्यामेरा २ वटा विद्यालयमा उपलब्ध भएको पाइयो । रेडियो तथा मोवाइलको प्रयोग सबै विद्यालयमा रहेको भएको, प्रोजक्टर र इन्टरनेटको प्रविधिको प्रयोग २ वटा विद्यालयमा भएको उक्त

विद्यालयहरुले प्रोजेक्टर र स्मार्ट बोर्डको प्रयोग मार्फत समय समयमा सामाजिक अध्ययनसँग सम्बन्धित पाठ्यक्रम विकास केन्द्रबाट तयार गरिएका विषयवस्तु जस्ते इ.पाथ, कुल्यावस अदि प्रोग्रामहरु प्रस्तुत गर्ने गरेको पाइयो । सामाजिक विषयवस्तुसँग सम्बन्धित विभिन्न वृत्त चित्र, चलचित्र, लगाएत सामाजिक, सांस्कृतिक रेकडेड सामग्रीको प्रयोग अवस्था भने २ वटा विद्यालयमा सन्तोषजनक पाइए पनि अन्य विद्यालयमा न्यून पाइयो । सूचना तथा सञ्चार प्रविधिको प्रयोगको अवस्था बारे नमुना विद्यालयका ५० जना विद्यार्थीहरुलाई सोधिएको प्रश्नावलीमा २० जना विद्यार्थीहरुले कप्यूटर विषयमा नियमित प्रविधिको प्रयोग गरिएको, सामाजिक लगायत अन्य विषयमा शिक्षकले आवश्यकता अनुसार पालो मिलाएर स्मार्टबोर्डमा लगेर शिक्षण गर्ने गरेका कहिले काँही खाली पिरीयडमा पनि हेडसर सँग भनेर स्मार्टबोर्डको प्रयोग गर्न पाइने कुरा बताए । यसैगरी २० जना विद्यार्थीहरुले स्मार्टबोर्ड र प्रोजेक्टरको वारेमा थाहा नभएको, कप्यूटरको कक्षामा कहिलेकाँही जाने अवसर मिलेको सामाजिक सरले कहिले काँही कक्षामा ल्यापटपमा स्पिकर लगाएर सामाजिकको लोकगीत तथा लोकनृत्य देखाउने गरेको बताए । बाँकी १० जना विद्यार्थीहरुले भने विद्यालयमा कप्यूटर भएपनि कप्यूटरको कक्षामा समेत कहिलेकाँही जाने गरेको एउटा कम्प्यूटरमा ५/६ जना साथी मिलेर चलाउने गरेको तर सामाजिक विषयमा कम्प्यूटरको प्रयोग नहुने गरेको बताए । विद्यालयको अभिलेखमा त २० वटा कप्म्यूटर भएको देखिन्छ त भनि थप प्रश्न गर्दा बाँकी कम्प्यूटहरु विग्रेका, तारहरु मुसाले खाएको र त्यसको मर्मत नगरेको कारण उपयोगमा नआएको बताए । माथिको तथ्यलाई विश्लेषण गर्दा समग्ररुपमा सुचना प्रविधिको प्रयोगको अवस्थालाई औषत रुपमा लिन सकिन्छ । विद्यालयका सीमित साधनहरुलाई पूर्ण परिचालन गर्न शिक्षक तथा प्रशासनको सक्रियता हुनपर्ने सर्भेक्षणबाट देखिन्छ ।

### ४.१.११ शिक्षण सिकाइ क्रियाकलाप सञ्चालनको अवस्था

कुनै पनि विषयवस्तुलाई विद्यार्थी समक्ष पुऱ्याउनको लागि कक्षाकोठा भित्र वा बाहिर शिक्षक र विद्यार्थी बीचमा हुने अन्तर्क्रियाले शिक्षण सिकाइ क्रियाकलापलाई जनाउँछ । विद्यार्थी र शिक्षक बीच निश्चित विषयवस्तु माथि हुने अन्तर्क्रियालाई नै शिक्षण सिकाइ क्रियाकलाप भनिन्छ । शिक्षक र विद्यार्थी बिच निश्चित विषयवस्तुका आधारमा हुने सकारात्मक र लक्ष्योन्मुख अर्न्तक्रियाले सामाजिक अध्ययन विषयको विभिन्न पाठ्यवस्तुलाई सरल र सहज

रुपमा प्रस्तुत गरी उद्देश्य प्राप्तिमा सहयोग पुऱ्याउँदछ । शिक्षण कार्य एउटा जटिल र चुनौतीपूर्ण कार्य पनि भएकाले सामाजिक अध्ययन जस्तो व्यवहारिक विषयका विषयवस्तुहरुलाई रचनात्मक प्रक्रिया अपनाउँदै सरल, सहज र रोचकताका साथ विद्यार्थी समक्ष पुऱ्याउनु पर्ने हुन्छ । यो विषय व्यवहारमा आधारित प्रकृतिको भएकाले पनि विद्यार्थी सक्रियताको आवश्यकता पर्छ । यस अध्ययनको क्रममा छनोट भएका विद्यालयको स्थलगत अवलोकन, विषय शिक्षकसँगको अन्तर्वार्ता तथा प्रधानाध्यापकहरुसँगको छलफल तथा विद्यार्थीहरुसँगको कुराकानीका आधारमा शिक्षण सिकाइका क्रियाकलापबारेमा जानकारी तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका ६ : सिकाइ क्रियाकलाप**

| **क.सं.** | **सिकाइ क्रियाकलाप** | **भएको** | **नभएको** |
|---|---|---|---|
| १ | सिकाइको लागि शिक्षकको व्यवहार | ४ | १ |
| २ | शैक्षिक सामग्रीको प्रयोगको अवस्था | ३ | २ |
| ३ | सिकाइमा सबै विद्यार्थीको समान सहभागिता | २ | ३ |
| ४ | कक्षाकार्यको अवसर | ५ | |
| ५ | समसामयिक विषयवस्तुको प्रकृति | २ | ३ |
| ६ | आधुनिक प्रविधिमा आधारित सिकाइ | २ | ३ |
| ७ | बालमनोविज्ञानमा आधारित सिकाइ वातावरण | ३ | २ |

स्रोत : स्थलगत सर्वेक्षण-२०७८

तालिका ५ को विश्लेषण अनुसार शिक्षण सिकाइ क्रियाकलापमा विद्यार्थीहरु प्रतिको शिक्षकको व्यवहार सबै विद्यालयको विषय शिक्षकहरुको राम्रो पाइयो । सामग्रीको मात्रा थोरै भए पनि उपयुक्त समय र सन्दर्भमा प्रयोग भएको अवलोकनबाट देखियो । सिकाइको अवसर सबैलाई भए पनि सिपालु विद्यार्थीहरुको बढी सक्रियता देखियो भने कम सिपालु विद्यार्थीहरु निस्कृिय नै रहेको पाइयो । कक्षाकार्य प्रदान गर्दा सिपालु विद्यार्थीहरुले छिट्टै सिक्ने र सक्रिय भए पनि अन्य विद्यार्थीहरु अलमलमा परेको जस्तो देखियो । विद्यार्थीको सिकाइमा आधुनिक प्रविधिमा आधारित भई प्रयोग गर्दै शिक्षण गर्ने विद्यालयको संख्या कम भएको पाइयो । यस सम्बन्धमा विषय शिक्षकसँग आधुनिक प्रविधिको प्रयोग न्यून हुनुको कारण सम्बन्धि  प्रश्न गर्दा कतिपय विषयवस्तु  आधुनिक प्रविधिबाट शिक्षणमा बढी सहयोगी भए

पनि विद्यालयमा इन्टरनेट सेवा उपलब्ध भए पनि प्रभावकारी हुन नसक्नु, लगातार खाली पिरियड नभएको कारण इन्टरनेटमा खोजीगर्ने समयको अभाव, प्रोजेक्टर, कम्प्युटर, विजुलीबत्ती आदिको भरपर्दो उपलब्धताको अभाव भएको वैकल्पिक रुपमा सोलार पावर जडान भए पनि हावाहुरीले गत बैशाखमा उडाएको र विद्यालयले अझसम्म जडान नगरेको कारण लाइन जाने समस्या आदि प्रतिक्रिया दिए ।

## ४.१.१२ प्राप्तिको छलफल र सिद्धान्तसँग तुलना

पाउलो फ्रेरेले माथिल्लो तहबाट लादिएको शिक्षाले तल्लो तहका लागि काम नगर्ने भएकोले तल्लो तहले चाहे अनुसारको शिक्षा हुनुपर्छ । सिकाई गर्दा मुख्य कुरालाई विश्लेषण गर्दै उचित सिकाई प्रकृयाका लागि सम्वाद, समस्या प्रस्तुतिकरण र समाधान जस्ता विधिहरु अवलम्वन गराउन सुनिश्चित गरिनु पर्छ । ज्ञान आर्जनमा सम्बन्धित व्यक्ति नै बढि सक्रिय हुनुपर्छ । दबिएर र उत्पीडित वर्गका लागि प्रौढहरुलाई साक्षर बनाउन उनिहरुमा सक्रिय सहभागिता बढाउन पर्छ । उनले आवश्यकता अनुसारको विषय वस्तुमा रुपान्तरण गर्ने र शिक्षार्थीहरुलाई पाकेको खानाको सट्टा पकाएर खानुपर्ने कुरामा जोड दिएका छन।

भिगोत्स्कीका अनुसार सिकाइ मानिसको चेतनालाई समाज र संस्कृतिले प्रभाव पार्दछ । व्यक्तिको सिकाइको प्रमुख आधार सामाजिक, सांस्कृतिक अर्न्तक्रिया हो । सामाजिक सांस्कृतिक अर्न्तक्रियाको प्रमुख औजार भनेको भाषा हो । भाषाको माध्यमद्वारा चिन्तन, संवाद, सहकार्य, अन्तक्रिया गर्दै विगतका अनुभवहरुसँगै नयाँ अनुभव निर्माण हुन्छ । व्यक्ति सामाजिक सांस्कृतिक अन्तक्रियाहरुमा जति बढी सहभागी हुँदै जान्छ  त्यति नै बढी सिकाइ उपलब्धि थपिदै जान्छ । व्यक्तिले सामाजिक सांस्कृतिक मूल्यमान्यता रीतिरिवाज तथा समाजका गन्यमान्य व्यक्तिहरुसँगको संगत, छलफल, एवम् अन्तक्रियाको माध्यमबाट मानवीय क्षमता विकास गर्दै गएको हुन्छ । जुन उसले अरुसँगको अन्तक्रियाबाट सामान्य ज्ञान निर्माण गरेको हुन्छ भनेपछि ऊ आफै आन्तरिक क्षमता विकास गरी सामाजिक, सांस्कृतिक, मूल्य मान्यतालाई आत्मसात् गर्दै ज्ञान अनुभवहरु प्राप्त गरिरहेको हुन्छ भनेका छन ।

दुर्खाइमका अनुसार जसरी व्यक्ति क्रियाकलापहरूको सञ्चालनका लागि क्रियाशील हुनुपर्दछ त्यसरी नै सामाजिक क्रियाकलाप सञ्चालनका लागि समाजको प्रणाली क्रियाशील हुनुपर्दछ । समाजमा जीवित र क्रियाशील रहनका लागि सामाजिक, सांस्कृतिक मूल्य

मान्यताहरू प्रणालीका रूपमा चल्नु पर्दछ । सबै समाजको वातावरण एकै प्रकारको नहुन सक्छ । एउटा वातावरणको प्रणाली अर्को वातावरणमा लागू नहुन सक्छ । अतः अलग-अलग समाज, जुन समाज जुन प्रणालीमा सञ्चालित छ त्यही प्रणालीका आधारमा त्यो समाज र सामाजिक क्रियाकलापहरूको व्याख्या र विश्लेषण गरिनुपर्दछ भन्ने धारणा उनले कार्यगत सिद्धान्तहरूमा उल्लेख गरेका छन् ।

सामाजिक अध्ययन विषयमा शिक्षण विधिको प्रयोग भन्ने शीर्षकको उद्देश्य नंम्वर १ को "सामाजिक अध्ययन विषयको शिक्षण विधिको प्रयोगको अवस्था पत्ता लगाउन" भन्ने विषयमा अनुसन्धान कर्ताले प्राथमिक र द्बित्तीय तथ्याङ्कबाट प्राप्त सूचनाहरुलाई पाठ्यक्रम, पाठ्यपुस्तक, शिक्षक निर्देशिकाको प्रयोग, कार्यान्वयनको अवस्था, समस्या, दैनिक पाठयोजना प्रयोग विधिको अवस्था, सन्दर्भ सामग्रीको प्रयोगको अवस्था, शैक्षिक सामग्री प्रयोगको अवस्था, कक्षाकोठा व्यवस्थापन र शिक्षकको भूमिका आदि उपशीर्षकको आधारमा विश्लेषण गर्दा नमुना छनौटमा परेका ५ वटा विद्यालयहरु मध्ये २ वटा विद्यालयमा शिक्षण विधिको प्रयोगको अवस्थामा दार्शनिकपाउलो फ्रेरेको सिद्धान्त अनुसार नै सिकारु कन्द्रित शिक्षण विधिको प्रयाग भएको, भिगोस्स्किका अनुसार सामाजिक तथा सांस्कृतिक अन्तक्रियाको वातावरण उपलब्ध भएको, दुर्खाइमका अनुसार समाजमा सांस्कृतिक मूल्य मान्यताहरू, स्थानीय परिवेश, कक्षाकोठाको अवस्था, विद्यार्थीको स्तर, चाहना, क्षमता आदिको आधारमा शिक्षण विधिको प्रयोग गरेको पाइयो । उक्त २ विद्यालयमा दार्शनिकको सिद्धान्त अनुसार शिक्षण विधिको प्रयोग भएको पाइयो । बाँकी ३ वटा विद्यालयहरुमा पूर्णरुपमा विद्यार्थी केन्द्रित क्रियाकलापको कार्यान्वयन नभए पनि २ वटा विद्यालयमा भने सन्तोषजनक भएको र १ वटा विद्यालयमा भने न्यून रहेको पाइयो ।

## ४.२ सामाजिक अध्ययन विषयमा प्रयोग भएका शिक्षण विधिले पारेको प्रभाव

"सामाजिक अध्ययन विषयको शिक्षण विधिमा पाठ्यक्रम कार्यान्वयनको अवस्था " शीर्षकको सामाजिक अध्ययन विषयको पाठ्यक्रममा प्रयोग भएका शिक्षण विधिले शैक्षिक उपब्धिमा पारेको प्रभावलाई निम्नानुसारका उप शीर्षकमा व्याख्या तथा विश्लेषण गरिएको छ ।

### ४.२.१ विद्यार्थीको शैक्षिक उपलब्धिमा प्रभाव

“सामाजिक अध्ययन विषयको पाठ्यक्रममा प्रयोग भएका शिक्षण विधिले शैक्षिक उपब्धिमा पारेको प्रभावलाई ” सम्बन्धी यस अध्ययनका क्रममा छनोट गरिएको आँधीखोला गाउँपालिका अन्तर्गतका ५ वटा सामुदायिक माध्यमिक विद्यालयहरुको स्थलगत भ्रमण गरी प्राथमिक तथा द्वितीय तथ्यांक संकलन गरिएको छ । शैक्षिक सत्र २०७८ सालको एस.इ.इ परीक्षामा नियमित समूहबाट सम्मिलित प्रत्येक विद्यालयबाट ५/५ जना छात्र छात्राहरुले प्राप्त गरेका प्राप्ताङ्कलाई तलका तालिका नं. ६, ७, ८, ९, १० र ११ मा देखाउदै त्यसैको आधारमा तथ्यांकको व्याख्या र विश्लेषण गरिएको छ ।

**तालिका ७ : जनप्रदिप मा.वि. आँधीखोला-२**

| क्र.सं. | छात्रको नाम | प्राप्त जीपिए | क्र.सं. | छात्राको नाम | प्राप्ताङ्ग |
|---|---|---|---|---|---|
| १ | रोहित सुनार | २.७ | १ | रमा रानाभाट | ३.६ |
| २ | गोपाल वि.क. | २.४ | २ | स्मृति क्षेत्री | २.८ |
| ३ | लाल बहादुर क्षेत्री | ३.४ | ३ | सम्झना भुजेल | २.६ |
| ४ | प्रदिप पौडेल | ३.० | ४ | स्नेहा सुनार | ३.२ |
| ५ | इन्द्र सापकोटा | २.५ | ५ | रुचि पौडेल | ३.२ |
| **जम्मा** | | १४ | **जम्मा** | | १५.४ |

*स्रोत : स्थलगत सर्वेक्षण २०७८*

छात्र औसत$(\bar{x}) = \frac{\Sigma x}{N}$ छात्रा औसत $(X) = \frac{\Sigma x}{N}$ —

$= \frac{१४}{५}$ $= \frac{१५.४}{५}$

$= २.८$ $= ३.८$

औसत उपलब्धि $= \frac{२.८+३.०८}{२}$ $= २.९४$

तालिका ७ अनुसार जनप्रदिप मा.वि. बाट सहभागी विद्यार्थी मध्ये छात्र र छात्राको औसत जीपिए क्रमश २.८ र ३.८ रहेको छ । जुन छात्रको तुलनामा छात्राको औसत उपलब्धि बढी

देखिएको छ भने समग्र औसत २.९४ रहेको छ। उक्त तथ्याङ्कलाई राष्ट्रिय स्तरको नतिजा सँग तुलना गर्दा औषत भन्दा माथि रहेको देखिन्छ।

**तालिका ८ : प्रद्युम्न पनेरु मा.वि. आँधीखोला-५**

| क्र.सं. | छात्रको नाम | प्राप्त जीपिए | क्र.सं. | छात्राको नाम | प्राप्त जीपिए |
|---|---|---|---|---|---|
| १ | शमिर शर्मा | ३.२ | १ | कृतिमा पोखेल | ३.५ |
| २ | सुदर्शन पौडेल | ३.५ | २ | स्मृति थापा | ३.६ |
| ३ | अनिल पोखेल | ३.६ | ३ | उर्मिला नेपाली | ३.२ |
| ४ | सुदिप पौडेल | ३.६ | ४ | विनिता पौडेल | २.४ |
| ५ | सुदिप घर्ती | २.८ | ५ | पुजा पौडेल | ३.५ |
| **जम्मा** | | १६.७ | **जम्मा** | | १६.२ |

*स्रोत : स्थलगत सर्वेक्षण २०७८*

छात्र औसत$(\bar{x}) = \frac{\Sigma x}{N}$ छात्रा औसत $(\bar{X}) = \frac{\Sigma x}{N}$

$= \frac{१६.७}{५}$ $= \frac{१६.२}{५}$

$= ३.३४$ $= ३.२४$

औसत उपलब्धि $= \frac{३.३४+३.२४}{२}$ $= ३.२९$

तालिका ८ अनुसार प्रद्युम्न पनेरु मा.वि. बाट सहभागी विद्यार्थी मध्ये छात्र र छात्राको औसत जीपिए क्रमश ३.३४ र ३.२९ रहेको छ। जुन छात्राको तुलनामा छात्रको औसत उपलब्धि बढी देखिएको छ भने समग्र औसत ३.२९ रहेको छ। उक्त तथ्याङ्कलाई राष्ट्रिय स्तरको नतिजासँग तुलना गर्दा औषत भन्दा माथि रहेको देखिन्छ।

**तालिका ९ : श्रवण मा.वि. आँधीखोला-४**

| क.सं. | छात्रको नाम | प्राप्त जीपिए | क.सं. | छात्राको नाम | प्राप्त जीपिए |
|---|---|---|---|---|---|
| १ | सागर पौडेल | २.४ | १ | चाहना पौडेल | २.० |
| २ | भानु भक्त पौडेल | १.६ | २ | नम्रता क्षेत्री | २.५ |
| ३ | बाबुराम पौडेल | २.० | ३ | सुरक्षा पौडेल | २.८ |
| ४ | प्रचण्ड क्षेत्री | २.७ | ४ | गंगा पौडेल | २.४ |
| ५ | नवीन पौडेल | २.४ | ५ | उषा वि.क. | १.६ |
| **जम्मा** | | **११.१** | **जम्मा** | | **११.३** |

*स्रोत : स्थलगत सर्वेक्षण २०७८*

छात्र औसत$(\bar{x}) = \frac{\Sigma x}{N}$ छात्रा औसत $(\bar{X}) = \frac{\Sigma x}{N}$

$= \frac{११.१}{५}$ $\quad$ $= \frac{११.३}{५}$

= २.२२ $\quad$ = २.२६

औसत उपलब्धि $= \frac{२.२२+२.२६}{२}$ = २.२४

तालिका ९ अनुसार श्रवण मा.वि. बाट सहभागी विद्यार्थीहरु मध्ये छात्र र छात्राको औसत जीपिए क्रमश २.२२ र २.२६ रहेको छ। जुन छात्रको तुलनामा छात्राको औसत उपलब्धि बढी देखिएको छ भने समग्र औसत २.२४ रहेको छ। उक्त तथ्याङ्कलाई राष्ट्रिय स्तरको नतिजासँग तुलना गर्दा औषत स्तरसँग रहेको देखिन्छ।

**तालिका १० :राष्ट्रिय मा.वि. आँधीखोला-३**

| क.सं. | छात्रको नाम | प्राप्त जीपिए | क.सं. | छात्राको नाम | प्राप्त जीपिए |
|---|---|---|---|---|---|
| १ | सुरज पौडेल | २.४ | १ | कमला सुवेदी | २.४ |
| २ | अभिषेक सार्की | १.६ | २ | एलिसा सार्की | १.६ |
| ३ | सुवास सुवेदी | २.६ | ३ | संगिता पौडेल | २.३ |
| ४ | अर्जुन सुवेदी | २.७ | ४ | शान्ति पौडेल | १.६ |
| ५ | कमल सुवेदी | २.० | ५ | योगमाया खत्री | २.० |
| **जम्मा** | | **११.१** | **जम्मा** | | **९.९** |

*स्रोत : स्थलगत सर्वेक्षण २०७८*

छात्र औसत($\bar{x}$) = $\frac{\Sigma x}{N}$छात्रा औसत (X) = $\frac{\Sigma x}{N}$ —

=$\frac{११.१}{५}$ =$\frac{९.९}{५}$

= २.२२ = १.९८

औसत उपलब्धि = $\frac{२.२२+१.९८}{२}$ = २.१

तालिका १० अनुसार राष्ट्रिय मा.वि. बाट सहभागी विद्यार्थीहरुमध्ये छात्र र छात्राको औसत जीपिए क्रमश २.२२ र १.९८ रहेको छ । जुन छात्रको तुलनामा छात्राको औसत उपलब्धि कम देखिएको छ भने समग्र औसत २.२१ रहेको छ । उक्त तथ्याङ्कलाई राष्ट्रिय स्तरको नतिजासँग तुलना गर्दा औषत स्तरसँग रहेको देखिन्छ ।

**तालिका ११ :भगवती मा.वि. आँधीखोला-६**

| क.सं. | छात्रको नाम | प्राप्त जीपिए | क.सं. | छात्राको नाम | प्राप्त जीपिए |
|---|---|---|---|---|---|
| १ | सरोज घर्ती | २.६ | १ | स्वस्तीका ढकाल | २.४ |
| २ | कुशल ढकाल | २.० | २ | विष्णु ढकाल | १.७ |
| ३ | विशाल वि.क | २.३ | ३ | रेखा वस्तेत | १.५ |
| ४ | नरेश बुढा | २.७ | ४ | निशा परियार | १.६ |
| ५ | अमृत ढकाल | २.० | ५ | गोमा ढकाल | २.४ |
| **जम्मा** | | **११.६** | **जम्मा** | | **९.६** |

*स्रोत : स्थलगत सर्वेक्षण २०७८*

छात्र औसत($\bar{x}$) = $\frac{\Sigma x}{N}$छात्रा औसत (X) = $\frac{\Sigma x}{N}$ —

=$\frac{११.६}{५}$ =$\frac{९.६}{५}$

= २.३२ = १.९२

औसत उपलब्धि = $\frac{२.३२+१.९२}{२}$ = २.१२

तालिका ११ अनुसार भगवती मा.वि. बाट सहभागी विद्यार्थीहरु मध्ये छात्र र छात्राको औसत जीपिए क्रमश २.३२ र १.९२ रहेको छ । जुन छात्रको तुलनामा छात्राको औसत उपलब्धि कम देखिएको छ भने समग्र औसत २.१२ रहेको छ । उक्त तथ्याङ्कलाई राष्ट्रिय स्तरको नतिजासँग तुलना गर्दा औषत स्तरसँग रहेको देखिन्छ ।

**तालिका १२ : छात्र छात्राको सामाजिक् अध्ययन विषयको उपलब्धि तुलना**

| क.सं. | लिंग | विद्यार्थी संख्या | मध्यक |
|---|---|---|---|
| १ | छात्र | २५ | २.५८ |
| २ | छात्रा | २५ | २.४९ |

*स्रोत : स्थलगत सर्वेक्षण २०७८*

तालिका ११ अनुसार २०७८ सालको एस.इ.इ  परीक्षामा नमुना छनोटमा परेका विद्यालयबाट सहभागी भएका मध्ये २५/२५ जना छात्र छात्राको औसत जीपीए क्रमश : २.५८ र २.४९ रहेको छ । समग्र औषत उपलब्धि भने छात्राको तुलनामा छात्रको बढी देखिन्छ ।

सामाजिक अध्ययन विषयमा शिक्षण विधिले सिकाइ उपलब्धिमा पारेको प्रभाव सम्वन्धि नमुना छनोटमा परेका ५ वटा विद्यायालयको नतिजालाई तालिका नं. ७ देखि १२वाट प्राप्त तथ्याङ्कको आधारमा विश्लेषण गर्दा जुन विद्यालयमा उपयुक्त विधि तथा शैक्षिक सामग्रीको प्रयोग भएको छ उक्त विद्यालयहरुमा उपलब्धि पनि राम्रो भएको पाइयो । जुन विद्यालयमा परम्परागत शिक्षण विधि र विना योजनाको शिक्षण भएको छ त्यस्ता विद्यालयको शैक्षिक उपलब्धि तुलनात्मक कम भएको पाइयो । माथि उल्लेखित नतिजाको निश्कर्षमा शिक्षण विधिको सकारात्मक तथा नकारात्मक दुबै प्रभाव परेको पाइयो

## ४.२.२ विद्यार्थी सहभागितामा प्रभाव

शिक्षण विधि एउटा यस्तो माध्यम हो, जसले विद्यार्थीलाई सैद्धान्तिक तथा व्यावहारिक ज्ञान द्वारा अनुशासित, व्यावहारिक एवं परिश्रमी, क्रियाशिल र लगनशिल बनाउँछ । त्यसैले यस अध्ययनका क्रममा शिक्षण विधिले विद्यार्थी सहभागितामा कस्तो प्रभाव परेको छ भनी कक्षा

अवलोकन गरि तथा शिक्षकलाई प्रश्नावली तयार पारी अध्ययन गर्दा भएको कार्यलाई तलको तालिका नं. १३ मा देखाइएको छ ।

### तालिका नं.१३ कक्षाकार्य, गृहकार्य र सामुदायिक कार्यमा विद्यार्थी सहभागिता

| क्र.स. | विद्यालयको नाम | कक्षाकार्य सहभागी % | | गृहकार्यसहभागी % | | सामुदायिक कार्यसहभागी % | |
|---|---|---|---|---|---|---|---|
| | | छात्र | छात्रा | छात्र | छात्रा | छात्र | छात्रा |
| १. | श्री जनप्रदिप मा.वि. | ९० | ८५ | ९२ | ८५ | ९५ | ९० |
| २. | श्री प्रद्युम्न पनेरु मा.वि. | ९२ | ८६ | ९३ | ८७ | ९५ | ९० |
| ३. | श्री श्रवण मा.वि. | ८५ | ८० | ८७ | ८० | ८५ | ८२ |
| ४. | श्री राष्ट्रिय मा.वि. | ८० | ७५ | ८१ | ७५ | ८० | ७५ |
| ५ | श्री भगवती मा.वि. | ७० | ६८ | ७१ | ७० | ७४ | ७१ |
| | जम्मा औषत | ८३.४ | ७८.८ | ८४.८ | ७९.४ | ८५.८ | ८१.१६ |

*स्रोत : स्थलगत सर्वेक्षण २०७८*

तालिका १३ अनुसार कक्षाकार्यमा जनप्रदिप मा.वि. मा छात्र ९०% र छात्र ८५% सहभागी भएका, गृहकार्यमा सहभागी छात्र ९२ र छात्रा ८५ % यसैगरी सामुदायिक कार्यमा छात्र ९५ र छात्रा ९० % सहभागी भएको पाइयो । प्रद्युम्न पनेरु मा.वि.मा कक्षाकार्यमा सहभागिताको अवस्थाको विश्लेषण गर्दा छात्र ९२ % र छात्रा ८६% सहभागी भएका , गृहकार्यमा सहभागी छात्र ९३ र छात्रा ८७ % यसैगरी सामुदायिक कार्यमा छात्र ९५ र छात्रा ९० % सहभागी भएको पाइयो ।

श्रवण मा.वि.मा कक्षाकार्यमा सहभागिताको अवस्थाको विश्लेषण गर्दा छात्र ८५ % र छात्रा ८०% सहभागी भएका , गृहकार्यमा सहभागी छात्र ९७ र छात्रा ८० % यसैगरी सामुदायिक कार्यमा छात्र ९८ र छात्रा ८२ % सहभागी भएको पाइयो । राष्ट्रिय मा.वि मा कक्षाकार्यमा सहभागिताको अवस्थाको विश्लेषण गर्दा छात्र ८० % र छात्रा ७८% सहभागी भएका ,

गृहकार्यमा सहभागी छात्र ७१ र छात्रा ७५ % यसैगरी सामुदायिक कार्यमा छात्र ८० र छात्रा ७५ % सहभागी भएको पाइयो । भगवती मा.वि मा कक्षाकार्यमा सहभागिताको अवस्थाको विश्लेषण गर्दा  छात्र ७० % र छात्रा ६८% सहभागी भएका , गृहकार्यमा सहभागी छात्र ७१ र छात्रा ७० % यसैगरी सामुदायिक कार्यमा छात्र ७४ र छात्रा ७१ % सहभागी भएको पाइयो ।

पाँच वटा विद्यालयको औषत सहभागिताको अवस्था कक्षा कार्यमा छात्र ८३.४ र छात्रा ७८.८%, गृहकार्यमा सहभागि छात्र ८४.८ र छात्रा ७९.४%, सामुदायिक कार्यमा छात्र ८५.८  र छात्रा ८१.८६ रहेको पाइयो । उक्त तथ्याबाट के स्पष्ट हुन्छ भने जुन विद्यालयमा उपयुक्त र विद्यार्थी केन्द्रित क्रियाकलापको आधारमा शिक्षण विधिको प्रयोग भएको छ त्यस्ता विद्यालयहरुमा विद्यार्थी सहभागिताको अवस्था मा सक्रिय रहेको र जहाँ शिक्षक केन्दित विधिको प्रयोग भएको छ त्यस्त विद्यालयमा सहभागिताको अवस्था तुलनात्मक कम रहेको पाइयो । यसरी शिक्षण विधिले विद्यार्थी सहभागितामा सकारात्मक तथा नकारात्मक दुवै किसिमको प्रभाव पारेको पाइयो ।

## ४.३ सामाजिक अध्ययन विषयको शिक्षण विधि प्रयोगमा रहेका समस्याहरु

सामाजिक प्राणीको रुपमा समाज अनुकूल समायोजित भई वरपरका सम्पूर्ण वातावरण बुझ्न सक्ने ज्ञान, सीप र क्षमता सहित वैज्ञानिक दृष्टिकोणको विकास गराई कुशलता र सक्षमता पूर्वक जीवनयापन गर्न सक्षम नागरिक उत्पादन गर्ने उद्देश्यले विभिन्न सामाजिक विज्ञानका विषयहरुबाट व्यवहारिक विषयवस्तु छनोट गरी तयार पारिएको विषय नै सामाजिक अध्ययन विषय हो । मानिस मानिस बिचको सम्बन्ध, सामाजिक तथा भौतिक वातावरणसँगको सम्बन्ध, व्यक्ति, परिवार, समुदाय, राष्ट्र र अन्तर्राष्ट्रिय समुदाय बिचको अन्तर सम्बन्ध, समसामयिक नविनतम वैज्ञानिक सामाजिक, राजनैतिक आर्थिक पक्षहरुको ज्ञान हासिल गर्दै स्वभामिान र कुशल नागरिक उत्पादन गर्न सहयोग पुऱ्याउने  अपेक्षाका साथ समन्वयात्मक र एकीकृत प्रकृतिको पाठ्यक्रम तयार पारिएको हो । नेपालमा विद्यालय तहको वर्तमान पाठ्यक्रममा सामाजिक अध्ययन विषयले प्रमुख स्थान ओगटेको छ । अनिवार्य विषयको रुपमा १०० पूर्णाङ्कको साप्ताहिक पाठ्यभार ५ तोकिएको सामाजिक अध्ययनको स्वरुप र प्रकृति अनुसारको विषयवस्तु कक्षाकोठामा शिक्षण गर्दा देखिएका विभिन्न समस्याहरु नै सामाजिक अध्ययन विषय शिक्षणका समस्याहरु हुन् । यिनै

समस्याहरुका कारण यस विषयको शैक्षिक उपलब्धि अन्य विषयको भन्दा कम रहेको पाइन्छ । सामुदायिक विद्यालयको माध्यमिक तहको कक्षा १० को सामाजिक अध्ययन विषयको शिक्षणमा रहेका समस्याहरुलाई यस अध्ययन अन्तर्गत निम्न बमोजिमउल्लेख गरिएको छ ।

### ४.३.१ सामाजिक विषय शिक्षकको दृष्टिकोणमा सामाजिक अध्ययन विषयमा समस्या

पाठ्यक्रम र शिक्षक निर्देशिका, शिक्षण विधि कार्यान्वयनको क्रममा के कस्ता कठिनाई आइपरेका छन भनि विषय शिक्षकहरुलाई सोधिएको प्रश्नावलीको उत्तरमा दुइवटा विद्यालयका सामाजिक शिक्षकहरुले शुरुमा सेवा प्रवेशको वर्षमा नागरिक चेतना र भूगोल अन्तर्गतका विषयवस्तुमा केही अफ्ट्यारो भएको तर पछि अध्ययन गर्दै जाँदा कुनै किसिमको समस्या नभएको, शैक्षणिक योजना निर्माण गर्ने क्रममा समस्या परेमा तत्कालै गुगल सर्च गरेर समस्याको समाधान गर्ने वा समाधान हुन नसकेमा प्रविधि मैत्री सामाजिक समूहको ग्रुपमा समस्या सेयर गरेर थप जानकारी प्राप्त गर्ने गरेको पाइयो । बाँकी तीनवटा विद्यालयको साझा समस्याको विश्लेषण गर्दा सामाजिक अध्ययन विषयको विषयवस्तु सामाजिक विज्ञानका विभिन्न विषयबाट छनोट गरी पाठ्यक्रम तयार पारिएको छ भने कुनै एउटा मुख्य विषयमा विशिष्टीकरण हासिल गरेको शिक्षकले सबै विषय क्षेत्र समेटिएको सामाजिक अध्ययन विषयको प्रभावकारी शिक्षण क्षमताको अभावले यस विषयको पाठ्यक्रम कार्यान्वयनमा समस्या देखिएको, मुख्य गरी एकाइ ५ को नागरिक चेतना, एकाइ ६ को हाम्रो पृथ्वी अन्तर्गतका पाठहरु भूगोल, नक्सा कार्य, अन्य एकाइका सामुदायिक र परियोजना कार्य अन्तर्गत शिक्षण सिकाइमा समस्या रहेको पाइयो । सामाजिक अध्ययन विषयमा सबै विधाहरुमा दक्ष तालिम प्राप्त शिक्षक पाउन कठिन हुन्छ । विद्यालयमा सामाजिक शिक्षकको रुपमा नेपाली, अँग्रेजी वा अन्य यस्तै विषय अध्ययन गरेका शिक्षकले काम चलाउने प्रवृति रहेको छ । अध्ययन क्षेत्रका ५ वटा विद्यालयहरु मध्ये ३ वटा विद्यालयमा पनि सामाजिक शिक्षकको रुपमा प्रा.वि. वा नि.मा.वि. तहको तोकिएको योग्यता नपुगेका शिक्षकले काम चलाएको पाइयो भने उक्त शिक्षकहरुको शैक्षिक योग्यता वीएड वा सोभन्दा माथि भए पनि अन्य विषयमा अध्ययन गरेको शिक्षकले मा.वि. तहको सामाजिक शिक्षण गरेको पाइयो । यसबाट के स्पष्ट हुन्छ भने तोकिएको योग्यता नपुगेको सम्बन्धित विषय भन्द फरक विषयको शिक्षकबाट शिक्षण गर्दा तुलनात्मक रुपमा शिक्षण विधिमा समस्या भएको पाइयो ।

सामाजिक अध्ययन विषयमा देखापरेका समस्या सम्वन्धि नमुना छनोटमा परेका ५ वटै विद्यालयका सामाजिक शिक्षकबाट प्राप्त साझा समस्याहरुमा : पाठ्यक्रम, पाठ्यपुस्तक तथा शिक्षक निर्देशिका समयमै उपलब्ध नहुनु । शैक्षणिक योजना र पूर्व तयारीका साथ कक्षाकोठामा प्रवेश नहुनु । शैक्षिक तथा सन्दर्भ सामग्रीको अपुग हुनु तथा भएका सामग्रीको पनि सही सदुपयोग नगरिनु । समाजिक अध्ययन विषयको सबै क्षेत्रको गहन ज्ञान र दखल भएको शिक्षकको अभाव । अन्य विषयका तुलनामा सामाजिक अध्ययन विषयलाई विद्यार्थी तथा अभिभावकहरुले कम महत्व प्रदान गर्नु । आफ्ना विद्यार्थीको प्रगति सम्बन्धी अभिभावकले चसो नराख्नु । पिरियड भार बढी तथा अन्य बोझको कारण शिक्षकले स्वाध्ययन नगर्नु । रचनात्मक र प्रभावकारी शिक्षणका लागि विद्यालय प्रशासन प्रतिकूल हुनु । निर्णयात्मक परीक्षालाई नै मूल्याङ्कनको प्रमुख साधन ठान्नु । सिकाइ उपलब्धि सम्बन्धमा छलफल, समीक्षा, अर्न्तक्रिया गर्ने परिपाटी नै नहुनु । शिक्षणमा कम्प्युटर, प्रोजेक्टर, इमेल, इन्टरनेट जस्ता आधुनिक र प्रभावकारी साधनहरुको प्रयोग नगरिनु । सामाजिक विषयको छुट्टै प्रयोगशाला तथा पुस्तकालयको व्यवस्था नहुनु । लामो अवधिको बिदा, धेरै थरिका सार्वजनिक बिदा तथा बन्द र हडतालका कारण शिक्षणमा नियमितता हुन नसक्नु । अवलोकन तथा क्षेत्र भ्रमणलाई प्रभावकारी तुल्याउन नसकिनु । विषय शिक्षकको पेशागत क्षमता अभिवृद्धि गर्ने खालको तालिम र भ्रमणको व्यवस्था नहुनु । विश्वव्यापी रुपमा फैलिएको कोरोना भाइरसको कारण आधा शैक्षिक सत्र विद्यालय बन्द अवस्थामा रहनु जस्ता समस्या औंल्याए ।

### ४.३.२ प्रधानाध्यापकको दृष्टिकोणमा सामाजिक अध्ययन विषयको समस्या

अध्ययनका लागि छनोटमा परेका विद्यालयका प्रधानाध्यापकहरुसँगको बन्द तथा खुला प्रश्नावलीको आधारमा यस विषयको शिक्षणमा रहेका समस्याहरुको पहिचान गरिएको छ । जसमा शैक्षणिक योजनाको निर्माण तथा कार्यान्वयनलाई प्रभावकारी बनाउन कठिनाई हुनु । पाठ्यक्रम, पाठ्यपुस्तक, शिक्षक निर्देशिकाको सरल पहुँच नहुनु । सामाजिक अध्ययन विषयको विषय क्षेत्र व्यापक हुनु । शैक्षिक सामगी र सन्दर्भ सामग्रीको व्यवस्थापनमा आर्थिक अभाव हुनु । एउटै विद्यालयमा विभिन्न वर्ग र प्रकारका शिक्षकहरुको व्यवस्था हुनु । शिक्षक दरबन्दी कम भएका कारण पिरियड भार बढी हुनु । पुस्तकालयमा आवश्यक सन्दर्भ सामग्रीको व्यवस्था गर्न नसक्नु । विद्यार्थी तथा अभिभावकहरुले सामाजिक विषयलाई कम

महत्वपूर्ण विषय ठान्नु । सामाजिक शिक्षकको पेशागत विकासका लागि आवश्यक तालिम तथा भ्रमणको अवसर उपलब्ध गराउन नसकिनु ।अशिक्षित र गरिब अभिभावहरुको बाहुल्यता हुनु । नियमित अनुगमन र सुपरीवेक्षण नहुनु । सूचना र प्रविधियुक्त शिक्षण सिकाइ सञ्चालन गर्न आर्थिक अभाव हुनु ।

### ४.३.३ विद्यार्थीको दृष्टिकोणमा सामाजिक अध्ययन विषयका समस्या

सामाजिक अध्ययन विषयको पाठ्यांश, शिक्षण सिकाइ सहजीकरण प्रक्रिया आदि बारेमा हाल कक्षा १० मा अध्ययनरत विद्यार्थी समक्ष खुला तथा बन्द प्रश्नावलीको माध्यमबाट प्राप्त प्रतिक्रियाहरुलाई समेटिएको छ । धेरै समय बितिसक्दा पनि पाठ्यपुस्तक उपलब्ध नहुनु। शिक्षकले एकनास किताबको विवरण पढ्ने, सुनाउने र शैक्षिक सामग्रीको प्रयोग नगर्ने । पाठ्य पुस्तकको विवरण मात्र शिक्षण गर्ने तर परीक्षामा प्रश्नहरु बाहिरबाट आउने । एउटै शिक्षकले एउटै कक्षामा पटक पटक फरक विषय पढाउनु ।दैनिक गृहकार्य प्रदान गरी जाँच गर्ने अभ्यास नहुनु । असान्दर्भिक विषयवस्तु धेरै हुनु, किताब बाहेक अन्य पाठ्य सामग्री नपाइनु, प्रयोग गरेर सिक्ने अवसर नमिल्नु ।शैक्षिक भ्रमणको व्यवस्था नहुनु । विद्यार्थीहरुलाई क्रियाकलापमा सहभागी नगराइनु, जान्ने विद्यार्थीलाई मात्र माया मान्ने तर नजान्ने विद्यार्थीलाई खोजी नगर्ने शिक्षकको व्यवहार हुनु  जस्ता समस्या औल्याए ।

## ४.४ सामाजिक अध्ययन विषयको शिक्षण विधि प्रयोगमा देखिएका समस्या समाधानका उपाय

सामाजिक अध्ययन विषयले व्यक्तिको चौतर्फी विकासमा सहयोग पुऱ्याउन धेरै क्षेत्रको विषयवस्तुलाई समेटेर एकीकृत रुपमा प्रस्तुत गरेको छ । धेरै क्षेत्रका विविध विषयवस्तुलाई रोचक, आकर्षक र प्रभावकारी रुपमा शिक्षण क्रियाकलाप सञ्चालन गरी स्तरीय उपलब्धि हासिल गर्न कम चुनौतीपूर्ण भने छैन तापनि यस विषयको समस्या समाधानका उपाय बारेमा विषय शिक्षक, प्रधानाध्यापक, विद्यार्थी, अभिभावकहरुसँग प्रश्नावली, छलफलका क्रममा प्राप्त भएका छुट्टाछुट्टै समाधानका उपायलाई समेट्न खोजिएको छ । जस्को समाधानलाई  निम्नानुसार प्रस्तुत गरिएको छ ।

## ४.४.१ सामाजिक विषय शिक्षकको दृष्टिकोणमा सामाजिक अध्ययन विषयमा समस्या समाधानका उपाय

सामाजिक अध्ययन विषयमा देखापरेका समस्या सम्वन्धि नमुना छनोटमा परेका ५ वटै विद्यालयका सामाजिक शिक्षकबाट प्राप्त साझा समस्यासमाधानका उपायहरुमा : पाठ्यक्रम, पाठ्यपुस्तक तथा शिक्षक निर्देशिका समयमै उपलब्ध हुनुपर्ने। शैक्षणिक योजना र पूर्व तयारीका साथ कक्षाकोठामा प्रवेश गर्नुपर्ने । शैक्षिक तथा सन्दर्भ सामग्रीको अपुग हुनु तथा भएका सामग्रीको पनि सही सदुपयोग गरिनु पर्ने । समाजिक अध्ययन विषयको सबै क्षेत्रको गहन ज्ञान र दखल भएको शिक्षकको व्यवस्था हुनु पर्ने । अभिभावकले विद्यालय प्रति चसो राख्नु पर्ने । निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणलीको व्यवस्था हुनु पर्ने। सिकाइ उपलब्धि सम्बन्धमा छलफल, समीक्षा, अर्न्तक्रिया गर्ने परिपाटीको व्यवस्था हुनु पर्ने। शिक्षणमा कम्प्युटर, प्रोजेक्टर, इमेल, इन्टरनेट जस्ता आधुनिक र प्रभावकारी साधनहरुको व्यवस्था हुनु पर्ने । सामाजिक विषयको छुट्टै प्रयोगशाला तथा पुस्तकालयको व्यवस्था हुनु पर्ने । अवलोकन तथा क्षेत्र भ्रमणलाई प्रभावकारी तुल्याउनु पर्ने। विषय शिक्षकको पेशागत क्षमता अभिवृद्धि गर्ने खालका कार्यक्रमहरु सञ्चालन हुनुपर्ने । जस्ता समाधानका उपायहरु औंल्याए ।

## ४.४.२ प्रधानाध्यापकको दृष्टिकोणमा सामाजिक अध्ययन विषयको समस्या समाधानका उपायहरु

अध्ययनका लागि छनोटमा परेका विद्यालयका प्रधानाध्यापकहरुसँगको बन्द तथा खुला प्रश्नावलीको आधारमा यस विषयको शिक्षणमा रहेका समस्याको समाधानका उपायहरु पहिचान गरिएको छ । जसमा शैक्षणिक योजनाको निर्माण तथा कार्यान्वयनलाई प्रभावकारी हुनु पर्ने। पाठ्यक्रम, पाठ्यपुस्तक, शिक्षक निर्देशिकाको सरल पहुँच हुनु पर्ने। शैक्षिक सामगी र सन्दर्भ सामग्रीको उचित व्यवस्था हुनु पर्ने । शिक्षक दरबन्दी पर्याप्त हुनुपर्ने । पुस्तकालयमा आवश्यक सन्दर्भ सामग्रीको व्यवस्था गर्नु पर्ने। सामाजिक शिक्षकको पेशागत विकासका लागि आवश्यक तालिम तथा भ्रमणको अवसर उपलब्ध गराउनु पर्ने। अभिभावक शिक्षाको व्यवस्था हुनुपर्ने । नियमित अनुगमन र सुपरीवेक्षण हुनुपर्ने । सूचना र प्रविधियुक्त शिक्षण सिकाइ सञ्चालन गर्नुपर्ने जस्ता समाधानका उपायहरु प्राप्त भए ।

### ४.४.३ विद्यार्थीको दृष्टिकोणमा सामाजिक अध्ययन विषयका समस्यासमाधानका उपायहरु

सामाजिक अध्ययन विषयको पाठ्यांश, शिक्षण सिकाइ सहजीकरण प्रक्रिया आदि बारेमा हाल कक्षा १० मा अध्ययनरत विद्यार्थी समक्ष खुला तथा बन्द प्रश्नावलीको माध्यमबाट प्राप्त प्रतिक्रियाहरुलाई समेटिएको छ । सामाजिक अध्ययन विषयमा देखा परेका समस्या समाधानका उपायहरुमा : पाठ्यपुस्तक समयमा नै उपलब्ध हुनुपर्ने। शिक्षकले आवश्यक शैक्षिक सामग्री सहीत योजनावद्ध शिक्षण गर्नु पर्ने। प्रश्नहरु पाठ्यपुस्तक भित्रबाट नै सोधिनु पर्ने । दैनिक गृहकार्य प्रदान गरीपरीक्षण र पृपठपोषणको व्यवस्था हुनु पर्ने। विद्यालयमा शैक्षिक सामाग्री तथा अत्याधुनिक प्रविधिको व्यवस्था हुनु पर्ने । शैक्षिक भ्रमणको व्यवस्था हुनु पर्ने । विद्यार्थीकेन्द्रित क्रियाकलाप सहीत समावेशी शिक्षणको व्यवस्था हुनु पर्ने जस्ता समाधानका उपायहरु औल्याए ।

# परिच्छेद : पाँच

# प्राप्ति, निष्कर्ष र सुझावहरु

## ५.१ प्राप्ति

सामाजिक अध्ययन विषयको शिक्षण विधिमा पाठ्यक्रम कार्यान्वयनको अवस्था शीर्षक अन्तर्गत रहेर गरिएको यस अध्ययनमा संकलित विभिन्न किसिमका सूचना तथा तथ्यहरुको आधारमा व्याख्या एवम् विश्लेषण गरेर प्राप्त भएका तथ्यहरुलाई यस परिच्छेदमा प्रस्तुत गरिएको छ ।

सामाजिक अध्ययन विषयको शिक्षण विधिमा पाठ्यक्रम कार्यान्वयनको अवस्थाको पहिचान, पाठ्यक्रममा प्रयोग भएका शिक्षण विधिले शैक्षिक उपलब्धिमा पारेको प्रभाव विशलेषण र सामाजिक अध्ययन विषयको पाठ्यक्रमका शिक्षण विधिमा देखापरेका समस्या र समाधानका उपायको खोजी गर्ने उद्देश्यलेआँधीखोला गाउँपालिका अन्तर्गतका ५ वटा सामुदायिक माध्यमिक विद्यालयहरु छनोट गरी विषय शिक्षक, प्रधानाध्यापक, विद्यार्थी, अभिभावकहरुसँग छुट्टाछुट्टै प्रश्नावली, अन्तर्वार्ता, छलफल, अवलोकन फारम जस्ता साधनको प्रयोग गरी स्थलगत अध्ययनबाट सूचना संकलन गरी सम्पन्न गरिएको यस अध्ययनको सारांश तथा प्राप्तिलाई यसप्रकार उल्लेख गरिएको छ ।

माध्यमिक तहको सामाजिक अध्ययन विषय एउटा महत्वपूर्ण सान्दर्भिक, व्यवहारिक विषयको रुपमा रहेको सबै सरोकारवालाहरुको स्वीकारोक्ती पाइयो । धेरै सामाजिक विज्ञानका क्षेत्रबाट विषयवस्तु छनोट गरी तयार पारिएकाले केही मात्रामा जटिल भए पनि व्यवहारिक जीवनमा महत्वपूर्ण देखिएको छ । जिल्लाका अन्य सामुदायिक विद्यालयहरुको नतिजा सरह नै यी विद्यालयहरुको सामाजिक अध्ययन विषयको शैक्षणिक अवस्था र औसत सिकाइ उपलब्धि रहेको पाइयो । प्राय : सबै विद्यार्थीहरुले उत्तीर्ण हुनका लागि आवश्यक न्यूनतम उपलब्धि प्राप्त गरे तापनि उत्कृष्ट अंक भने प्राप्त गर्न नसकेको अवस्था छ । सामाजिक अध्ययन विषयको शिक्षणका लागि आवश्यक शैक्षिक योग्यता र सो भन्दा बढी पनि शैक्षिक योग्यता भएका शिक्षकको व्यवस्था भएको भए तापनि सामाजिक अध्ययन विषयको वास्तविक विषय शिक्षक भने उपलब्ध हुन सकेको छैन भने सबै क्षेत्र र विषयवस्तु शिक्षणसक्षमता भएको शिक्षकको व्यवस्था भएको पाइएन । सबै विषयमा स्नातक तह उत्तीर्ण भएका व्यक्तिहरु यो विषय शिक्षकको लागि उमेदवार हुन पाउने कानुनी

प्रावधान भएकाले पनि कुनै एउटा विषयमा मात्र विशिष्टिकरण प्राप्त गरेका शिक्षकले सामाजिक विषयका सम्पूर्ण विषयवस्तुको शिक्षणमा उत्तिकै सक्षमतापूर्वक शिक्षण गर्न असमर्थ भएकाले पनि सामाजिक अध्ययन विषयको शैक्षिक उपलब्धि अधिकाांश विद्यालयमा औसत भन्दा कम भएको देखिन्छ । पाठ्यक्रम, शिक्षक निर्देशिका, पाठ्यपुस्तक, सन्दर्भ सामग्री, शैक्षिक सामग्री, कक्षाकोठा व्यवस्थापन, शिक्षण विधि, सूचना प्रविधि आदिको कार्यान्वयनको अवस्था भने २ वटा विद्यालयले आधुनिक र समय सापेक्ष तरिकाबाट कार्यान्वयन गरेका र बाँकी विद्यालयले परम्परागत तरिकाबाट कार्यान्वयन भएको पाइयो । नमुनाको रुपमा लिएका ५ वटा विद्यालयमा २ वटा विद्यालय बाहेक बाँकी ३ वटा विद्यालयले पाठ्यक्रम तथा शिक्षक निर्देशिकाले तोके बमोजिमका शैक्षिक सामग्रीको पनि प्रभावकारी प्रयोग भएको पाइएन वर्तमान पाठ्यक्रमको मर्म अनुरुप नभई पूरानै शिक्षण शैलीको बढी प्रयोग भएको पाइयो । शिक्षण सिकाइ क्रियाकलाप तथा विद्यार्थी मूल्याङ्कनमा आधुनिक एवम् वैज्ञानिक विधिको प्रयोग कम भएको पाइयो । विद्यालयका सरोकार पक्षसँगको नियमित भेटघाट, छलफल तथा अर्न्तक्रियाको अभावका कारण आवश्यक योजना निर्माण एवम् प्रभावकारी कार्यान्वयन हुन नसक्दा शैक्षिक उपलब्धि अपेक्षा अनुसार हासिल नभएको स्थिति पाइयो ।

सामाजिक अध्ययन विषयमा शिक्षण विधिको प्रभाव सन्दर्भमा उपलब्धिमा पारेको प्रभावमा ५ वटा विद्यालय मध्ये २ वटा विद्यालयमा राष्ट्रिय स्तर भन्दा माथि रहेको र ३ वटा विद्यालयमा राष्ट्रिय स्तर सरह भएको पाइयो । विद्यार्थी सहभागितामा पनि उपयुक्त विधिको प्रयोग भएका विद्यालयहरुमा उच्च सहभागिता भएको र परम्परागत शिक्षण विधिको प्रयोग भएका विद्यालयमा तुलनात्मक कम सहभागिता भएको पाइयो ।

शिक्षण विधिमा देखा परेका समस्याहरुमा पाठ्यक्रम, पाठ्यपुस्तक, शिक्षक निर्देशिकाको सरल पहुँच नहुनु, विषय क्षेत्र व्यापक हुनु, सामग्रीको व्यवस्थापनमा आर्थिक अभाव हुनु, शिक्षक दरबन्दी कम ,तालिम तथा भ्रमणको अवसर उपलब्ध गराउन नसकिनु ,नियमित अनुगमन र सुपरीवेक्षणको अभाव जस्ता समस्या पाइयो । समस्या समाधानमा शिक्षणलाई प्रभावकारी रुपमा सञ्चालन गरी विद्यार्थीहरुको व्यवहारिक पक्षमा स्थायी परिवर्तन ल्याउनका लागि यस विषयको उद्देश्य र प्रकृति अनुरुप शिक्षण सिकाइ प्रक्रिया सञ्चालन गर्न सरोकारवालाहरुको सामूहिक सहकार्यका साथ सान्दर्भिक, व्यवहारिक र समसामयिक

वैज्ञानिक शिक्षण पद्धति अपनाउँदै शैक्षिक उपलब्धि वृद्धि गर्न आवश्यक कदम चाल्नुपर्ने, शिक्षण सिकाइमा विद्यार्थीको सक्रिय सहभागी गराई व्यवहारिक सीप हासिल हुने अवसर प्रदान गर्नुपर्ने, आधुनिक सूचना प्रविधिको प्रयोग गर्दै खोज अनुसन्धानमा आधारित सिकाइलाई प्रोत्साहित गर्नुपर्ने, प्रशस्त शैक्षिक तथा सन्दर्भ सामग्रीको व्यवस्था गर्नुपर्ने, प्रत्यक्ष स्थलगत अवलोकन भ्रमण, पुस्तकालय, प्रयोगशाला विधिको माध्यमबाट सिकाइलाई चिरस्थायी एवम् व्यवहारिक बनाउनुपर्ने, नियमित अनुगमन, सुपरीवेक्षण तथा पृष्ठपोषणको प्रभावकारी व्यवस्थापन, शिक्षक विद्यार्थी नियमितता, शिक्षक-विद्यार्थी, शिक्षक-शिक्षक, शिक्षक-अभिभावक बीच नियमित भेटघाट, समसामयकि विषयवस्तुमा छलफल, अर्न्तक्रियाद्वारा योजनाबद्ध कार्यान्वयन, सामाजिक विषय शिक्षकलाई अनावश्यक बोझबाट मुक्त गराई पेशागत क्षमता वृद्धि गर्न नियमित अवलोकन भ्रमण तथा अतिरिक्त आर्थिक सुविधा उपलब्ध गराउँदै विद्यालयको भौतिक, आर्थिक, सामाजिक पक्षको सक्षमताका साथ शैक्षिक उपलब्धि उकास्न सकिने तथ्य अध्ययनको क्रममा प्राप्त भएको छ ।

## ५.२ निष्कर्ष

यस अध्ययनमा संकलन गरिएको सूचना तथा तथ्यांकहरुको सैद्धान्तिक व्याख्या एवम् विश्लेषणबाट प्राप्त भएका निष्कर्षलाई यस प्रकार प्रस्तुत गरिएको छ ।

यस अध्ययनका लागि छनोट गरिएको विद्यालयहरुको शिक्षण विधिको प्रयोगको अवस्था आधुनिक तथा परम्परागत दुवै विधिको प्रयोग गरिएको पाइयो । वि.सं. २०७५ सालको एस.इ.इ परीक्षाको प्राप्ताङ्कलाई आधार मानी विश्लेषण गर्दा विद्यालयहरु बीचको शैक्षिक उपलब्धि अन्य सामुदायिक विद्यालयहरु सरह सामान्य रहेको तथा भिन्न नरहेको पाइयो । छात्र छात्राहरुबिचको तुलनात्मक उपलब्धि पनि खासै अन्तर देखिएन । आधुनिक र विद्यार्थी केन्द्रित विधिको प्रयोग गरी शिक्षण गर्ने विद्यालयमा सिकाइ उपलब्धि र विदार्थी सहभागिता उच्च भएको र परम्परागत शिक्षणमा तुलनात्म कम भएको पाइएता पनि राष्ट्रिय स्तरसँग औषत रहेको पाइयो । शिक्षण विधिले सकारात्मक प्रभावमा सहभागिता, उपलब्धि उच्च बनाएको र नकारात्मक प्रभावमा विद्यार्थी सहभगागिता, सिकाइ क्रियाकलाप, अनुशासन, सहयोग, नतिजा लगाएतका क्षेत्रमा न्यून उपलब्धि भएको पाइयो । सामाजिक अध्ययनमा देखा परेका समस्याह सबै विद्यालयमा सामान तथा साझा समस्याहरु प्राप्त भए भने समाधान पनि समस्याकै आधारमा सम्बन्धित निकायले गर्नुपर्ने सुझाव प्रस्तुत गरियो ।

## ५.३ सुझावहरु

पाठ्यक्रमले समय अनुकूल समाज र राष्ट्रको आवश्यकता, विद्यार्थीको रुचि, क्षमता र व्यवहारिक पक्षलाई समेटेर देशको लागि आवश्यक जनशक्ति उत्पादन गर्ने लक्ष्य राखेको हुन्छ । सामाजिक अध्ययन विषय समाजको वास्तविक, यर्थाथता र व्यवहारिक पक्षको ज्ञान गराउने विषय भएकाले सामाजिक शिक्षा मार्फत् योग्य, सक्षम, इमान्दार र कर्तव्यनिष्ठ नागरिक उत्पादनमा महत्पूर्ण भूमिका रहँदै आएको छ । यसलाई अझ परिवर्तित समय र परिस्थिति अनुकूल रोचक र व्यवहारिक विषयको रुपमा स्थापित गर्न विद्यमान समस्यलाई समाधान गर्नुपर्दछ । यस अध्ययनले विभिन्न सरोकारवाला व्यक्तिहरुसँग गरेको छलफल, अन्तर्वार्ता र अवलोकनबाट ठम्याइएका समस्या तथा कठिनाईहरुलाई निम्न बमोजिमका सुझावद्वारा सम्बोधन गर्न सकिएमा शिक्षण विधि विद्यार्थीको सिकाइ उपलब्धि र सहभागितामा सुधार ल्याउन सहयोग पुगी विद्यार्थीको व्यवहारिक पक्षमा सकारात्मक प्रभाव देख्न सकिन्छ ।

### ५.३.१ नीति निर्माण तहका लागि सुझाव

शिक्षण सिकाइ क्रियाकलापमा शैक्षणिक योजना निर्माण तथा कार्यान्वयनलाई अनिवार्य बनाउनुपर्दछ । पाठ्यक्रम परिवर्तनसँगै पाठ्यक्रम प्रवोधिकरण, शिक्षक निर्देशिकाको प्रयोग सम्बन्धी अभिमुखीकरण तालिम सञ्चालन गर्नुपर्दछ । पाठ्यक्रमको मर्म अनुसार पाठ्यपुस्तक, शिक्षक निर्देशिका, सन्दर्भ तथा स्वाअध्ययन सामग्रीहरुको विकास, निर्माण र कार्यान्वयनका लागि अनिवार्य व्यवस्था गर्नुपर्दछ । पाठ्यक्रम, पाठ्यपुस्तक, शिक्षक निर्देशिका, तथा सन्दर्भ सामग्रीहरुको सर्वसुलभ पहुँच तथा प्रभावकारी कार्यान्वयको अनिवार्य अनुगमनकोव्यवस्था मिलाउनु पर्ने टड्कारो आवश्यकता देखिन्छ ।

सामाजिक अध्ययन विषयको पाठ्यक्रम विकास, निर्माण र परिमार्जनका लागि स्थानीय सरोकारवालाको अनिवार्य सहभागिता हुनुपर्ने व्यवस्था गर्नुपर्दछ । निःशुल्क वितरण हुने पाठ्यपुस्तकको उपलब्धता र गुणस्तर जाँच गरी प्रभावकारी कार्यान्वयनमा जोड दिनुपर्दछ । पाठ्यक्रम तथा शिक्षक निर्देशिकाले तोके बमोजिमका शैक्षिक सामग्रीको उपलब्धता, प्रयोग र व्यवस्थापन सम्बन्धमा आवश्यक प्रबन्धको जिम्मा वि.व्य.स. तथा प्रशासनले लिनुपर्दछ । प्रत्येक विद्यालयमा सूचना र प्रविधिको पहुँच सुनिश्चित गर्नुपर्दछ । पुस्तकालय तथा सामाजिक प्रयोगशाला स्थापना गर्न छुट्टै बजेटको व्यवस्थापन गर्नुपर्दछ । विद्यालयमा

उपलब्ध स्रोत साधनको अनिवार्य प्रयोग हुने व्यवस्था मिलाउनु पर्दछ । विद्यालयमा धेरै थरिका शिक्षक व्यवस्थापन गर्ने प्रवृतिको अन्त्य गर्नुपर्दछ । वार्षिक शिक्षक मूल्यांक पद्धतिको विकास गरी पुरस्कार र दण्डको अनिवार्य व्यवस्था गर्नुपर्दछ । सामाजिक अध्ययन विषयको शिक्षकलाई समसामयिक विषयमा कम्तीमा १० देखि १५ दिन सम्मको आवश्यक सुविधा सहीत वार्षिक अवलोकन भ्रमणको व्यवस्था तथा विद्यार्थीको शिक्षण सिकाइमा प्रयोगात्मक कार्य तथा क्षेत्र भ्रमणको आवश्यक प्रबन्धका लागि छुट्टै कोषको व्यवस्था गरिनुपर्दछ ।

## ५.३.२ कार्यान्वयन तहको लागि सुझाव

पाठ्यक्रम, शिक्षक निर्देशिका, पाठ्यपुस्तक तथा सन्दर्भ सामग्रीको गहन अध्ययन गरी सिकाइ क्रियाकलाप सञ्चालन गर्ने बानीको किवास गर्नुपर्दछ । विद्यार्थीको मनोविज्ञानको आधारमा सूचना र आधुनिक प्रविधिको उपयोग गरी रोचक, आकर्षक र व्यवहारिक शिक्षण सिकाइमा जोड दिनुपर्दछ । तालिमको सिकाइ अनुभवलाई कक्षाकोठामा देखिने गरी शिक्षण गर्नुपर्दछ । शिक्षक र विद्यार्थीको आपसी सहमतिमा कक्षाकोठा कार्य विधिको व्यवस्था गर्नुपर्दछ । पूराना पाठ्यपुस्तकहरु संकलन गरी आवशकता अनुसार पुनः प्रयोग गर्ने परिपाटी बसाल्नु पर्दछ । परियोजनाकार्य, सामुदायिक कार्यको माध्यमबाट सक्रिय सिकाइ क्रियाकलापलाई प्रभावकारी सहजीकरण गर्नुपर्दछ । सिकाइ उपलब्धिको आवधिक तथा निरन्तर मूल्यांकन गरी विद्यार्थी एवम् अभिभावकहरुलाई जानकारी प्रदान गर्नुपर्दछ । नियमित कक्षा अवलोकन, छलफल अर्न्तक्रियाको माध्यमबाट नयाँ योजना तथा रणनीति निर्माण गरी शिक्षण कार्य सञ्चालन गर्नुपर्दछ । पुस्तकालय तथा प्रयोगशाला कार्यमा आधारित सिकाइ कार्य सञ्चालन गर्नुपर्दछ । स्थानिय तथा अयातित शैक्षिक सामग्रीको संकलन, निर्माण, प्रयोग र व्यवस्थापनमा सक्रिय विद्यार्थी सहभागिता जुटाउनुपर्दछ । स्रोतकेन्द्र स्तरीय सामाजिक शिक्षकको भेला गराई छलफल अर्न्तक्रिया, अनुभव साटासाटका साथै योजना निर्माण र कार्यान्वयन गराउने पद्धतिको विकास गर्ने । शैक्षिक भ्रमणलाई योजानवद्ध र उद्देश्यमूलक बनाउँदै अडियो, भिडियो र प्रतिवेदन लेखन तथा प्रस्तुतीकरणलाई अभिलेखीकरण गर्नुपर्दछ ।

## ५.३.३ अनुसन्धान तहका लागि सुझाव

सामाजिक अध्ययन विषयमा शिक्षण विधिमा पाठ्यक्रम कार्यान्वयनको अवस्था सम्वन्धि अध्ययनमा मैले गरेको अनुसन्धानबाट आधुनिक र विद्यार्थी केन्द्रित क्रियाकलापको

प्रयोगबाट गरिएको शिक्षणले विधि, उपलब्धि तथा विद्यार्थी सहभागितामा सकारात्मक प्रभाव पार्ने निश्कर्ष निकाले । अवका अनुसन्धान कर्ताले सामाजिक अध्ययन विषयमा उल्लेख भएका उद्देश्यहरुको कार्यान्वयनको प्रभावकारिता, स्थानीय शैक्षिक सामग्रीको सङ्कलन र प्रयोग गर्ने तरिका, आवधिक परीक्षा र मूल्याङ्कनको प्रभावकारिता, पाठ्यक्रम, पाठ्यपुस्तक र शिक्षक निर्देशिका कार्यान्वयनको प्रभावकारिता मूल्यांकन जस्ता विषयवस्तुहरुमा अनुसन्धानहरु न्यून भएकोलेसुक्ष्म अनुसन्धान गर्न सुझाव दिइएको छ । सामाजिक अध्ययन विषयको पाठ्यक्रमको कार्यान्वयन र शैक्षिक उपलब्धि उकास्न सरोकारवालाहरुको भूमिका सम्बन्धमा गहन अध्ययन गर्नुपर्ने हुन्छ । स्थानीय स्रोत र साधनमा आधारित स्थानीय सामग्रीको संकलन, निर्माण, प्रयोग र प्रभावकारिता बारे अध्ययन गर्नुपर्ने हुन्छ । शिक्षण सिकाइ कार्यमा आधुनिक शिक्षण प्रविधिको प्रयोगको अवस्था, सान्दर्भिकता र प्रभाकारिता सम्बन्धमा अध्ययन गर्नुपर्ने हुन्छ । सामाजिक अध्ययन विषयका विषयवस्तुलाई अझ समावेशी, समसामयिक, सान्दर्भिक तथा रोचक स्वरुपमा प्रस्तुत गर्न आवश्यक अध्ययन गर्नुपर्ने आवश्यकता छ ।

## सन्दर्भ सूची

अर्याल योगेन्द्र (२०७०), *सामुदायिक र संस्थागत विद्यालयको सामाजिक विषयमा सिकाइउपलव्धिको तुलनात्मक अध्ययन,* : (अप्रकाशित शोधपत्र), त्रि. वि.,पाल्पा तानसेन बहुमुखी क्याम्पस ।

अधिकारी, विष्णुप्रसाद (२०६०), *माध्यमिक तह अध्यापन अनुमति पत्र,* आशिष पुस्तक भण्डार ।

अधिकारी, दिननाथ (२०७२), सामाजिक शिक्षण अध्ययन शिक्षणमा सौक्षिक सामग्रीको निर्माण र प्रयोग, अप्रकाशित शोधपत्र, शैक्षिक योजना तथा व्यवस्थापन विभाग, पृथ्वी नारायण क्याम्पस, शिक्षा शास्त्र सकाय, पोखरा ।

आचार्य, बलराम (२०७६), *मानवशास्त्रीय सिद्धान्तहरूको विश्लेषण,* काठमाडौ : नेशनल बुक सेन्टर ।

आचार्य,दुर्गा (२०७२), *माध्यमिक तहको सामाजिक विषयको शिक्षण अवस्था र सामाजिक पक्षको प्रभाव,* अप्रकाशित शोधपत्र, पाठ्यकम तथा मुल्याङ्कन विभाग, पृथ्वी नारायण क्याम्पस,शिक्षा शास्त्र सकाय, पोखरा ।

कुँवर क्षेत्री, कृष्ण बहादुर (२०७२),*सामाजिक अध्ययन विषय र विद्यार्थीको सिकाइ व्यवहार,* अप्रकाशित शोधपत्र,शैक्षिक योजना तथा व्यवस्थापन विभाग, पृथ्वी नारायण क्याम्पस शिक्षाशास्त्र सकाय, पोखरा ।

कोइराल , विद्यानाथ तथा चन्द्रवहादुरश्रेष्ठ, (२०५९), *शैक्षिक व्यवस्थापन र सँगठनात्मक व्यवहार :* काठमाण्डौ विद्यार्थी पुस्तकभण्डार ।

कैयुम अब्दुल (२०७२), *सामाजिक अध्ययन शिक्षण :* प्रान्ति प्रकाशन, पुतलीसडक, काठमाण्डौ

खनाल रामेश्वर (२०६७), *माध्यमिकतहमा सामाजिक अध्ययन शिक्षणको अवस्था* : ( अप्रकाशित शोधपत्र), पाल्पा तानसेन वहुमुखी क्याम्पस,

पनेरु, दानबहादुर (२०६५),*माध्यमिक तहमा सामाजिक अध्ययन शिक्षण :* शोधपत्र, पृथ्वीनारायण क्याम्पस पोखरा ।

पाठ्यक्रम विकास केन्द्र(२०६४),**माध्यमिक शिक्षा पाठ्यक्रम भक्तपुर :** खत्रीउमेशराम

पुरी, भिमलाल,(२०७०) *शैक्षिक गुणस्तर अभिवृद्दिमा मानव स्रोतको व्यवस्थापन,* अप्रकाशित शोधकार्य, शैक्षिक योजना तथा व्यबस्थापन विभाग, पृथ्वी नारायण क्याम्पस, शिक्षा शास्त्र सकाय, पोखरा ।

पौडेल, विजयराज (२०७१),*माध्यमिक तहमा गणित विषयको शैक्षिक उपलब्धि,*शैक्षिक योजना तथा व्यवस्थापन एम.एड.अप्रकाशित शोधपत्र, पृथ्वी नारायण क्याम्पस, शिक्षाशास्त्र सकाय, पोखरा ।

लुइटेल, चक्रपाणी (२०७०), *सामाजिक अध्ययन शिक्षण,* निमा पुस्तक प्रकाशन, प्रदर्शनीमार्ग, काठमाडौं ।

भट्टराई, होमनाथ (२०७१) *शिक्षा मनोविज्ञान, काठमाण्डौं :* रत्नपुस्तक भण्डार

भण्डारी, मुकुन्दप्रसाद र अन्य, (२०६७), *शैक्षिक मनोविज्ञान,*अक्सफोर्ड इन्टरनस्नल प्रा.लि.

राना, देववहादुर (२०६८),*सामाजिक विषयमा छात्र-छात्राको शैक्षिक उपलब्धिको तुलना,* अप्रकाशित शोधपत्र,शैक्षिक योजना तथा व्यवस्थापन विभाग, पृथ्वी नारायण क्याम्पस,शिक्षा शास्त्र सकाय, पोखरा ।

सुबेदी दीपक (२०६८), *माध्यमिक तहमा सामाजिक विषयको शैक्षणिक अवस्था,* अप्रकाशित शोधपत्र, पाठ्यक्रम तथा मुल्याङ्कन विभाग, पृथ्वी नारायण क्याम्पस, शिक्षाशास्त्र सकाय, पोखरा ।

शर्मा, भोजराज (२०७२), *विद्यार्थीको दैनिक जीवनमा सामाजिक अध्ययन विषय पाठ्यक्रमको प्रयोग,* अप्रकाशित शोधपत्र,पाठ्यक्रम तथा मुल्याङ्कन विभाग, पृथ्वी नारायण क्याम्पस, शिक्षा शास्त्र सकाय, पोखरा ।

शर्मा, चिरञ्जिवि र शर्मा निर्मला (२०६८) *शिक्षाको आधारहरु,* काठमाण्डौं : एम.एड. शिक्षा शास्त्र सकाय एम.के. पब्लिसर्स एण्ड डिस्टिष्युटर्स, भोटाहिटी ।

शिक्षा,अर्धवार्षिक शैक्षिक पत्रिका (२०६९),*पाठ्यक्रम विकास केन्द्र,* सानोठिमि भक्तपुर ।

शर्मा, लक्ष्मण (२०७०), *सामुदायिक विद्यालयको व्यबस्थापन,*अप्रकाशित शोधपत्र,शैक्षिक योजना तथा व्यवस्थापन विभाग, पृथ्वी नारायण क्याम्पस,शिक्षा शास्त्र सकाय, पोखरा ।

शाक्य, आनन्दमान र अन्य (२०६८), *अनौपचारीक शिक्षा सिद्धान्त र अभ्यास, काठमाण्डौं:* जुपिटर प्रकाशक ।

## अनुसूची : एक

## सामाजिक अध्ययन विषयको शिक्षण विधिमा पाठ्यक्रम कार्यान्वयनको अवस्था

### सामाजिक विषय शिक्षकका लागि प्रश्नावली

विद्यालयको नाम : शै. योग्यता :

दरबन्दी : विशिष्टिकरण विषय :

तालिम : कार्य अनुभव :

१. तपाईले मा.वि. तहको सामाजिक अध्ययन विषय कहिलेदेखि पढाउँदै आउनुभएको छ ?

..................................................................................................

..................................................................................................

२.पाठ्यक्रमले समेटेका सबै विषयवस्तु उपयुक्त र व्यवहारिक छ ?

..................................................................................................

..................................................................................................

३. यस विषयको शिक्षणमा प्रयोग हुने सन्दर्भ सामग्री र विधिहरु के के हुन सक्छन ?

..................................................................................................

..................................................................................................

४. सन्दर्भ सामग्रीहरुको उपलब्धता र कार्यान्वयनमा के कस्ता कठिनाइहरु आइपरेका छन ?

..................................................................................................

..................................................................................................

५. दैनिक पाठयोजना निर्माण तथा प्रयोगको अवस्था कस्तो छ ?

..................................................................................................

..................................................................................................

६. कक्षाकोठा व्यवस्थापन कसरी गर्नुहुन्छ ?

..................................................................................................

..................................................................................................

७. सामाजिक अध्ययनमा शिक्षण क्रियाकलापको क्रममा के कस्ता समस्या आइ परेका छन र त्यस समस्यालाई कसरी समाधान गर्नु हुन्छ ?

..................................................................................................

..................................................................................................

८. सामाजिक शिक्षणमा अवलोकन भ्रमणको आवश्यकता ठान्नुहुन्छ यदि ठान्नुहुन्छ भने विद्यार्थीहरुलाई शैक्षिक भ्रमण लैजाने व्यवस्था छ कि छैन ?

.........................................................................................................

.........................................................................................................

८. सामाजिक शिक्षणबाट विद्यार्थीको अपेक्षित व्यवहारमा आएको परिवर्तन महसुस गर्नुभएको छ ?

.........................................................................................................

.........................................................................................................

९. तपाईको कक्षा शिक्षणको निरीक्षण गरिन्छ ? निरीक्षण पछि पृष्ठपोषण दिइन्छ ?

.........................................................................................................

.........................................................................................................

१०. शैक्षिक उपलब्धि कमजोर भएका विद्यार्थीका लागि तपाई कस्तो क्रियाकलाप तथा विधिको प्रयोग गर्नुभएको छ ?

.........................................................................................................

.........................................................................................................

११. विद्यार्थीको शैक्षिक उपलब्धिको मूल्यांकन कसरी गर्नुहुन्छ ?

.........................................................................................................

.........................................................................................................

१२. सामाजिक अध्ययन विषयको शैक्षिक उपलब्धि सुधार्न के कस्ता उपाय अवलम्बन गर्दै आउनुभएको छ ?

.........................................................................................................

.........................................................................................................

१३. सामाजिक अध्ययन विषयलाई व्यवहारिक बनाई शैक्षिक उपलब्धि स्तर उच्च बनाउन कस कसले के कस्ता महत्वपूर्ण जिम्मेवार बहन गर्नुपर्छ जस्तो ठान्नुहुन्छ ?

.........................................................................................................

.........................................................................................................

१४. गृहकार्यको नियमित परीक्षण र सुझाव दिनुहुन्छ ?

.........................................................................................................

.........................................................................................................

१५. तपाईको विद्यालयमा अनिवार्य सामाजिक अध्ययन विषयको पाठ्यक्रम उपलब्ध छ ?

क) छ ख) छैन

१६. सामाजिक अध्ययन विषयको विषयवस्तु क्षेत्र र क्रम पाठ्यक्रम अनुसार मिलेको छ ?

क) छ ख) छैन ग) थोरै/केही मात्रामा मिलेको छ

१७.पाठ्यक्रमले तोकेका विषयवस्तु शैक्षिक सत्रभित्र अध्यापन गरी सक्नुहुन्छ ?

क) सक्छु ख) सक्दिन ग) केही बाँकी रहन्छ

१८. सामाजिक विषय शिक्षणका लागि आवश्यक सामग्री विद्यालयमा उपलब्ध छ ?

क) छ ख) छैन ग) व्यक्तिगत रुपमा खोजी गरी प्रयोग गर्छु

१९. सामाजिक अध्ययन विषयको शिक्षक निर्देशिका, पाठ्यक्रम पाठ्यपुस्तक र सन्दर्भ सामग्रीको अवस्था कस्तो छ ?

क) राम्रो छ ख) राम्रो छैन ग) खोजी गरी प्रयोग गर्नुपर्छ

२०. पाठ्यक्रम र शिक्षक निर्देशिकाको आधारमा पाठयोजनाको तयारी गर्नुहुन्छ ?

क) गर्छु ख) कहिलेकाही गर्छु ग) गर्दिन

२१. सामाजिक अध्ययन विषयमा तपाईले वर्षभरिमा कतिपटक परीक्षा लिने गर्नुहुन्छ ?

क) ३ पटक ख) ४ पटक ग) ५ पटक

२२. उद्देश्य अनुसार उपयुक्त विधिको प्रयोग भएको छ ?

क) छ ख) छैन ग) केही मात्रामा छ

२३. विषयवस्तु शिक्षणमा कठिनाइ पाउनु भएको छ ?

क) छ ख) केही मात्रामा छ ग) छैन

२४. विषयवस्तु शिक्षणमा आइपरेका कठिनाइ कसरी समाधान गर्नु भएको छ ?

क) छ ख) केही मात्रामा छ ग) छैन

**सहयोगका लागि धन्यवाद !**

# अनुसूचीः दुई

## सामाजिक अध्ययन विषयको शिक्षण विधिमा पाठ्यक्रम कार्यान्वयनको अवस्था

### कक्षा अवलोकन फाराम

विद्यालयको नाम : कक्षा : १०

विषय शिक्षकको नाम : विषय : सामाजिक अध्ययन

पाठशीर्षक : मिति :

| क.सं. | विषयवस्तु विवरण | अति उत्तम | त्तम | ध्यम | यून | कैफियत |
|---|---|---|---|---|---|---|
| | शिक्षकको व्यक्तित्व<br>क) सफा सुग्घर<br>ख) आत्म विश्वास<br>ग) बोलीको स्पष्टता<br>घ) भाषागत शुद्धता | | | | | |
| | कक्षाकोठा व्यवस्थापन<br>क) कक्षाकोठा सरफाई<br>ख) विद्यार्थी संख्याको आधारमा कक्षाकोठाको आकार<br>ग) वुकर्नर, सिकाइ कुना, शैक्षिक सामाग्री वयवस्थापन, बोर्ड | | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | रखाइको अवस्था<br><br>घ) डेस्क बेन्च तथा बसाई व्यवस्थापन , खानेपानीको व्यवस्था, सरसफाइको अवस्था, सह क्रियाकलाप गर्ने स्थान<br><br>ङ) विद्यार्थी आचार संहिताको व्यवस्था , कक्षागत समिति, आचार संहिताको पालना र कार्यान्वयनको अवस्था<br><br>च) निर्देशन व्यवस्था<br><br>छ) बाहिरी वातावरणको असर | | | | | |
| | शैक्षिक सामग्रीको प्रयोग<br><br>क) सान्दर्भिक र उपयुक्तता<br><br>ख) स्पष्ट देखिने र बुझिने<br><br>ग) पाठसँग सम्बन्धित<br><br>घ) पर्याप्तता | | | | | |
| | कक्षा शिक्षण प्रारम्भ<br><br>क) उत्प्रेरणाको प्रयोग<br><br>ख) पूर्व पाठमा आधारित<br><br>ग) पाठ्यक्रम सँगको सम्बन्ध<br><br>घ) विद्यार्थीमैत्री व्यवहार | | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | शिक्षण सिकाइ क्रियाकलाप<br><br>क) व्याख्यान, प्रश्नोत्तर, छलविधिको प्रयोग<br><br>ख) खोज अनुसन्धान तथा प्रविधिमा आधारित विधिको प्रयोग, परियोजना, समूहकार्य, छलफल<br><br>ग) विद्यार्थी अनुशासन , सक्रियता<br><br>घ) विद्यार्थी सहभागिताको अवस्था<br><br>ङ) पाठयोजना निर्माण एवम् प्रयोगको अवस्था | | | | | |
| | विद्यार्थी मूल्यांकन<br><br>क) एकाइ परीक्षा<br><br>ख) मासिक परीक्षा<br><br>ग) त्रैमासिक परीक्षाहरु<br><br>घ) गृहकार्य प्रदान तथा परीक्षण<br><br>ङ) निरन्तर मूल्याकनको अवस्था | | | | | |

# अनुसूची : तीन

## सामाजिक अध्ययन विषयको शिक्षण विधिमा पाठ्यक्रम कार्यान्वयनको अवस्था

### विद्यार्थीको लागि प्रश्नावली

विद्यालयको नाम : कक्षा

विद्यार्थीको नाम : रोल नं.

१. तिमीलाई सामाजिक अध्ययन विषय मन पर्छ कि पर्दैन ?

क) मन पर्छ ख) मन पर्दैन ग) मन नपरेपनि पढ्नुपर्छ नि

२. तिम्रो सामाजिक शिक्षकले कक्षामा कुन विधि प्रयोग गरी पढाउनु हुन्छ ?

क) कथाकथन विधि ख) प्रश्नोत्तर विधि ग) विषय वस्तु अनुसार फरक फरक विधि

३. शिक्षकले सबैभन्दा वढी कुन विधिको प्रयोग गर्नु हुन्छ ?

क) व्याख्यान ख) पर्दशन ग) छलफल घ) आवश्यकता अनुसार

४. तिम्रो सामाजिक शिक्षकले अवलोकन भ्रमणको लागि लैजानुहुन्छ ?

क) लानुहुन्छ ख) लानुहुन्न ग) कहिले काँही

५. तिमीलाई तिम्रो सामाजिक शिक्षकले नियमित गृहकार्य दिने र जाँच गर्ने गर्नुहुन्छ ?

क) दिने र जाँच्ने गर्नुहुन्छ ख) दिनुहुन्न ग) कहिलेकाही दिनुहुन्छ

६. तिम्रो विद्यालयमा वर्षमा कतिपटक परीक्षा हुने गर्छ ?

क) २ पटक ख) ३ पटक ग) ४ पटक

७. तिमीलाई सामाजिक अध्ययन विषय पढ्न मन लाग्छ कि लाग्दैन ? पढ्न मन लाग्छ भने किन र लाग्दैन भने किन ?

..................................................................................................

..................................................................................................

८. सामाजिक अध्ययन विषयको शिक्षणमा तिम्रो शिक्षकले कक्षामा के कस्तो विधि तथा क्रियाकलाप गराउनुहुन्छ ? तिमीहरु पनि त्यस क्रियाकलापमा सहभागी हुन्छौं ?

.....................................................................................................

.....................................................................................................

९. तिम्रो शिक्षकले शिक्षण कार्यमा के कस्ता शैक्षिक सामग्री प्रयोग गनुहुन्छ ?.

.....................................................................................................

१०. सामाजिक अध्ययन विषयको पनि अन्य विषय जस्तै अतिरिक्त कक्षा सञ्चालन हुन्छ ? सञ्चालन हुने भए कतिबेला हुन्छ ?

.....................................................................................................

.....................................................................................................

११. सामाजिक अध्ययन विषयमा सबैभन्दा कठिन लाग्ने एकाइ तथा पाठयांशहरु कुन कुन हुन् ? किन कठिन लागेको हो ? त्यसलाई कसरी पढ्न पाए राम्रो हुन्थ्यो जस्तो लाग्छ ?

.....................................................................................................

.....................................................................................................

१२. सामाजिक अध्ययनको विषयवस्तुलाई पुस्तकालय र प्रयोगशालामा गएर अध्ययन गर्ने गरेको छ ? पुस्तकालयमा अन्य सन्दर्भ सामग्रीहरुको पनि व्यवस्था छ ?

.....................................................................................................

.....................................................................................................

१३. अब आउँदै गरेको परीक्षामा सामाजिक अध्ययन विषयमा राम्रो ग्रेड ल्याउन तिमीले कसरी तयारी गर्ने योजना बनाएका छौं ?

.....................................................................................................

.....................................................................................................

**सहयोगको लागि धन्यवाद**

# अनुसूची : चार

## सामाजिक अध्ययन विषयको शिक्षण विधिमा पाठ्यक्रम कार्यान्वयनको अवस्था

### प्र.अ.का लागि प्रश्नावली

विद्यालयको नाम : शैक्षिक योग्यता :

प्र.अ.को नाम : अनुभव वर्ष :

१. तपाईको विद्यालयमा सामाजिक शिक्षकको साम्ताहिक पिरियड भार कति छ ?

क) २५ पिरियड भन्दा कम ख)२६ पिरियड ग) २७ भन्दा वढी

२. सामाजिक विषय शिक्षकको कक्षा शिक्षण अवलोकन निरीक्षण गर्नुहुन्छ ?

क) सधैं ख) योजना अनुसार ग) कहिलेकाही

३. सामाजिक शिक्षकको शिक्षण कार्य शैली प्रति तपाईं सन्तुष्ट हुनुहुन्छ ?

क) छु ख) छैन ग) केही हदसम्म राम्रो छ

४. शिक्षण सिकाइ क्रियाकलापमा विद्यार्थी सहभागिता कस्तो पाउनु भएको छ ?

क) राम्रो ख) सामान्य ग) सुधार गर्नुपर्ने

५. सामाजिक विषय शिक्षकले तयार पारेको प्रश्नपत्र विशिष्टकरण तालिका अनुरुप भए नभएको परीक्षण गर्नु भएको छ ?

क) गर्छु ख) गर्दिन ग) आवश्यक नै पर्दैन

६. समस्यारत पाठ्यंश तथा कक्षा शिक्षणमा आफूले भोगेको कठिनाई/गुनासाहरु सामाजिक शिक्षकले तपाई सामु राख्ने र छलफल गर्ने गर्नुहुन्छ ?

क) गर्नुहुन्छ ख) गर्नुहुन्न ग) मलाई समय नै पुग्दैन

७. सामाजिक अध्ययन विषयको शिक्षण क्रियाकलापमा तपाईले देख्नु भएको समस्या समाधान गर्न के-के उपापय गर्नुपर्ला भन्ने ठान्नुभएको छ ?

............................................................................................................

............................................................................................................

............................................................................................................

८. अन्य विषयको तुलनामा सामाजिक अध्ययन विषयको शिक्षण चुनौती पूर्ण छ भनेर विषय शिक्षकहरु भन्छन् के तपाई यो भनाई स्वीकर गर्नु हुन्छ ?

..........................................................................................................

..........................................................................................................

९. सामाजिक अध्ययन विषयको शिक्षणलाई प्रभावकारी बनाई शैक्षिक उपलब्धि उकास्न क-कस्को जिम्मेवारी ठान्नु हुन्छ ? किन ?

..........................................................................................................

..........................................................................................................

१०. सामाजिक विषय शिक्षकहरुले शैक्षिक सामग्री अभाव, प्रशासनबाट असहयोग हुन्छ भन्ने गर्नुहुन्छ ? त्यसका लागि तपाई कसरी समायोजन गर्नुहुन्छ ?

..........................................................................................................

..........................................................................................................

**सहयोगका लागि धन्यवाद**

# अनुसूची : पाँच

## सामाजिक अध्ययन विषयको शिक्षण विधिमा पाठ्यक्रम कार्यान्वयनको अवस्था

### शिक्षा अधिकृत (वि.नि.) का लागि प्रश्नावली

१. विद्यालयको निरीक्षण कहिले कहिले गर्नुहुन्छ ?

क) मासिक १ पटक ख) २/३ महिनामा एक पटक ग) आवश्यकता अनुसार

२. सामाजिक शिक्षकले योजनाबद्ध शिक्षण गरेको पाउनुभएको छ ?

क) गरेको पाइन्छ ख) गरेको पाइँदैन ग) कहिलेकाँही गरेको पाइन्छ

३. सामुदायिक विद्यालयहरुको सामाजिक अध्ययन विषयको शिक्षण विधिको अवस्था कस्तो पाउनुभएको छ ?

क) उत्तम ख) सामान्य ग) न्यून

४. कक्षा निरीक्षण पछि शिक्षकलाई आवश्यक पृष्ठपोषण दिने गर्नुभएको छ ?

क) छु ख) छैन ग) कहिलेकाही

५. शिक्षण विधिको प्रयोगले सिकाइमा कस्तो प्रभाव पारेको छ ?

क) सकारात्मक ख) सन्तोषजनक ग) सुधार गर्नुपर्ने

६. सामाजिक अध्ययन विषयको वर्तमान शैक्षिक उपलब्धिप्रति तपाई सन्तुष्ट हुनुहुन्छ ?

क) छु ख) छैन ग) केहीहदसम्म

७. कक्षा शिक्षण क्रियाकलापमा विद्यार्थीको सहभागिता कस्तो पाउनु भएको छ ?

क) उत्साहजनक ख) सामान्य ग) अत्यन्त न्यून

८. सामाजिक अध्ययन विषयको शिक्षणलाई प्रभावकारी बनाउन जिल्ला शिक्षा समन्वय इकाई, गाउँपालिका कार्यालयबाट के कस्तो प्रयास भएको पाउनु भएको छ ?

..........................................................................................

..........................................................................................

..........................................................................................

९. सामाजिक अध्ययन विषयमा शिक्षक निर्देशिका, पाठ्यक्रम तथा शैक्षिक सामग्रीको प्रयोगमा जोड दिनुपर्ने कारणहरु के के हुन् ?

..........................................................................................

..........................................................................................

१०. सामुदायिक विद्यालयको सामाजिक अध्ययन विषयको शैक्षिक उपलब्धि राम्रो नहुनुमा क-कस्को जिम्मेवारी ठान्नुहुन्छ ?

..........................................................................................

..........................................................................................

११. तपाईको विचारमा सामाजिक अध्ययन विषयको सान्दर्भिकता, व्यवहारिकता अनुरुप शिक्षण गरी शैक्षिक उपलब्धि उकास्न के गर्नुपर्ला ?

..........................................................................................

..........................................................................................

१२. वर्तमान मूल्यांकन प्रणाली उपयुक्त छ वा छैन ? छैन, भने के कस्तो मूल्यांकन प्रणाली अपनाउनु पर्ला ?

..........................................................................................

..........................................................................................

**सहयोगका लागि धन्यवाद**

## अनुसूची : छ

## सामाजिक अध्ययन विषयको शिक्षण विधिमा पाठ्यक्रम कार्यान्वयनको अवस्था

### अभिभावककाल लागि प्रश्नावली

अभिभावकको नाम :

१) तपाईका बालबालिकाले सामाजिक विषय अध्ययन गर्न कत्तिको मन पराउछन ?

..............................................................................................

..............................................................................................

२) तपाई विद्यालयमा वर्षको कति पटक जानु भएको छ ?

..............................................................................................

..............................................................................................

३) सामाजिक अध्ययन विषयको पिरीयडमा कहिल्यै कक्षा अवलोकन गर्नु भएको छ ?..............................................................................................

..............................................................................................

४) सामाजिक अध्ययन विषय शिक्षकले कुन कुन विधिको प्रयोग गरेर शिक्षण गरेको पाउनु भएको छ ?

..............................................................................................

..............................................................................................

५) सामाजिक शिक्षकले शिक्षण गर्दा के बालबालिकाहरुले बुझ्ने जस्तो लाग्छ ?

..............................................................................................

..............................................................................................

६) सामाजिक अध्ययन विषयमा प्रयोग भएका शिक्षण विधिले सिकाइमा के कस्तो प्रभाव पारेको होला ?

..............................................................................................

..............................................................................................

७) तपाइका बालबालिकाको सामाजिक विषयमा सिकाइ उपलब्धि कस्तो छ ?

..........................................................................................................

..........................................................................................................

८) सामाजिक विषयको शिक्षण विधिमा के कस्ता समस्या पाउनु भएको छ ?

..........................................................................................................

..........................................................................................................

९) सामाजिक अध्ययन विषयमा देखा परेका समस्या समाधानका उपायहरु के के हुन सक्छन ?

..........................................................................................................

..........................................................................................................

१०) सामाजिक विषय शिक्षक तथा प्रधानाध्यापकलाई सामाजिक विषयको सिकाइ उपलब्धि उच्च बनाउन के सुझाव दिन चाहनु हुन्छ ?

..........................................................................................................

..........................................................................................................

सहयोगको लागि धन्यवाद ।

## अनुसूची : सात

## नमुना छनोटमा रहेका विद्यालय

| क.सं | विद्यालयको नाम | ठेगाना |
|---|---|---|
| १ | श्री जनप्रदिप मा.वि. | आँधीखोला -२ |
| २ | श्री राष्ट्रिय मा.वि. | आँधीखोला -३ |
| ३ | श्री श्रवण मा.वि. | आँधीखोला -४ |
| ४ | श्री प्रद्युम्न पनेरु मा.वि. | आँधीखोला -५ |
| ५ | श्री भगवती मा.वि. | आँधीखोला -६ |

## अनुसूची : आठ

## नमुना छनोटमा परेका विद्यालयका प्रधानाध्यापक विवरण

| क.सं. | प्रधानाध्यापकको नाम | दरवन्दी | शैक्षिक योग्यता |
|---|---|---|---|
| | श्री डिलबहादुर थापा | मा.वि. स्थायी | एम.ए.सी. |
| | श्री जगदीश पौडेल | मा.वि. स्थायी | एम.एड. |
| | श्री हरिनारायण लामिछाने | मा.वि. स्थायी | एम.एड. |
| | दिप्तनारायण शर्मा | मा.वि. स्थायी | एम.एड. |
| | श्री अग्नी प्रसाद डुम्रे | मा.वि. राहत | वि .एड |

## अनुसूची : नौ

## नमुना छनोटमा रहेका शिक्षक विवरण

| क.सं. | शिक्षकको नाम | दरवन्दी | शैक्षिक योग्यता |
|---|---|---|---|
| | श्री खिमराज पौडेल | मा.वि. स्थायी | एम.ए. वीएड |
| | श्री सन्तोष पौडेल | मा.वि. राहत | वीएड |

| | | | |
|---|---|---|---|
| | श्री चन्द्रकान्त पौडेल | मा.वि. स्थायी | वीएड |
| | श्री पुर्खराज पौडेल | मा.वि. स्थायी | एम.ए. /एम.एड |
| | श्री मुक्ति प्रसाद पौडेल | नि.मा.वि. राहत | एम.ए. |

## अनुसूची : दश

**कक्षाकोठा व्यवस्थापनका पक्ष**

| क.सं. | व्यवस्थापन विवरण | उत्तम | मध्यम | कामचलाउ |
|---|---|---|---|---|
| १ | कच्ची भवनमा कक्षा सञ्चालन | | २ | ३ |
| २ | पक्की भवनमा कक्षा सञ्चालन | २ | २ | १ |
| ३ | अस्थायी सिकाइ केन्द्रमा कक्षा सञ्चालन | | | |
| ४ | कक्षाकोठामा उपयुक्त हावा, प्रकाशको अवस्था | २ | २ | १ |
| ५ | विद्यार्थी केन्द्रित क्रियाकलापको प्रबन्ध | २ | १ | २ |
| ६ | फर्निचरको व्यवस्थापन पर्याप्तता | २ | २ | १ |
| ७ | विद्यार्थी बसाइ व्यवस्थापन उपयुक्तता | २ | २ | १ |
| ८ | शैक्षिक सामग्रीको उपयुक्त व्यवस्थापन | २ | २ | १ |
| ९ | मिश्रित आकारको विद्यार्थी बसाइ | ३ | १ | १ |
| १० | सिकाइ क्रियाकलापमा विद्यार्थीको सहभागिता | २ | २ | १ |
| ११ | अभिलेख व्यवस्थापनको अवस्था | २ | १ | २ |

| | | | | |
|---|---|---|---|---|
| १२ | बुक कर्नर तथा प्रयोगशालाको उपलब्धता | १ | २ | २ |
| १३ | कक्षामा खानेपानीको व्यवस्था | १ | १ | ३ |
| १४ | नियमित सरसफाइको व्यवस्था | १ | ३ | १ |
| १५ | जवचार्ट अनुसार कार्य विभाजन | १ | २ | २ |
| १६ | पासकार्डको व्यवस्था | १ | २ | २ |
| १७ | पहिलो घण्टीमा अघिल्लो दिनको प्रतिवेदन प्रस्तुत | १ | १ | ३ |
| १८ | अनुशासन र नियमित उपस्थिति | २ | २ | १ |
| १९ | विद्यार्थी आचार संहिताको प्रयोग | २ | २ | १ |
| २० | कक्षा परियोजना कार्यको व्यवस्था | २ | १ | २ |
| २१ | अपाङ्ग मैत्री कक्षाकोठा | २ | | |